
# पूर्वखोला विकास दर्पण



पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल




# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ।।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

# पूर्वखोला विकास दर्पण


**संरक्षक**

नुन बहादुर थापा
अध्यक्ष, पूर्वखोला गाउँपालिका
भागिरथी शर्मा भट्टराई
उपाध्यक्ष, पूर्वखोला गाउँपालिका

**सम्पादन सल्लाहकार**

मान बहादुर सारू
प्रमुख प्रशासकीय अधिकृत
ज्ञानु प्रसाद पनेरू
प्रमुख प्रशासकीय अधिकृत (२०७७-०७८)

**सम्पादन मण्डल**

विनोद नेपाल, अधिकृत सातौं
सुमन भट्टराई, लेखा अधिकृत
डिल्ली राम ढुङ्गाना, शिक्षा अधिकृत
शिव शर्मा, इन्जिनियर
मोहन ढकाल, स्वास्थ्य संयोजक
सन्तोष कडेंल, कृषि शाखा
धन बहादुर दर्लामी, पशु सेवा शाखा

**प्रकाशन मितिः** वि.सं. २०७९

**प्रकाशक**

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रिङनेरह, पाल्पा

**प्राविधिक सहयोग**

पाल्पा विकास केन्द्र,
तानसेन, पाल्पा

# प्रदेश सांसद



नेपालको संबिधानअनुसार पहिलो जननिर्वाचित पूर्वखोला गाउँपालिकाले आफ्ना नागरिकको सर्बोपरी हितलाई ध्यानमा राखी समृद्ध र सुखी समाज निर्माण धेरै महत्वपूर्ण कार्यहरु सम्पन गरेको छ । यस क्रममा कार्यकालमा भएगरेका खासखास कार्यहरूको पारदर्शी जानकारी दिने गरी **पूर्वखोला विकास दर्पण** नामक पुस्तक प्रकाशन गरेर नागरिक एवम् सरोकारवालाहरूलाई सुसूचित हुने अवसर दिएको छ । यसका लागि हार्दिक बधाई एवम् पूर्वखोला गाउँपालिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

पूर्वखोला गाउँपालिकाले सुरुदेखि नै संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअतित्व र समन्वयको सिद्धान्तमा आधारित भै कार्य गरिरहेको छ । पालिकाभित्र प्रदेश सरकार अन्तर्गकात थुप्रै योजना र कार्यक्रम रहेका छन् । जसमा खानेपानी, सडकपुल, सडकस्तरउन्नति र सभाहल निर्माण जस्ता रहेका छन् । मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम हाल मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम र स्मार्ट कृषि गाउँ कार्यक्रम जस्ता कार्यक्रम सञ्चालित छन् ।

स्थानीय तहको अधिकार अनुसूची ८ मा व्यवस्था भए अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर ३२ वटा कानून निर्माण गरेको देखिन्छ । स्थानीय सरकार बनेसंगै खानेपानीको क्षेत्रमा उल्लेखनयि प्रगति हासिल गरेको देखिन्छ । नीति तथा कार्यक्रममा उल्लेख भएका झण्डै ७० प्रतिशत काम पुरा गर्न सफल भएको देखिन्छ । शिक्षा, स्वास्थ्य, कृषि, पशुपालनमा सन्तोषजनक उपलब्धि हासिल भएको छ । टोल टोलमा सामुदायिक भवन बनेको देखिन्छ । विद्यालय समायोजन, स्थानीय पाठ्यक्रम निर्माण, पूर्ण संस्थागत सुत्केरी सुनिश्चित पालिका घोषणा भएको छ । जल्पा र हेक्लाङमा तरकारी पकेट क्षेत्र विस्तार भएको छ । बाख्रापालन, वंगुरपालन र कुखुरापालनमा समूह र सहकारी परिचालन भएको छ ।

पूर्वखोला गाउँपालिकाका यी कार्यक्रमहरु अन्य स्थानीय सरकारहरूका लागि समेत अनुकरणीय रहेको महशूस गरेको छु ।

**नारायण प्रसाद आचार्य**

प्रदेश सांसद, लुम्बिनी प्रदेश सभा

# प्रदेश सांसद



मा. युवराज खनाल
Hon. Yuba Raj Khanal
प्रदेश सभा सदस्य
State Assembly member
पाल्पा क्षेत्र नं. १ (१), प्रदेश नं. ५
Palpa 1 (1) State - 5

पत्र संख्या:
चलानी नं.:

मिति: ०७९/०९/०६

विषय :- कार्य प्रगति पुस्तिका प्रकाशन सम्बन्धमा

पाल्पा जिल्लाका १० वटा पालिका मध्ये क्षेत्र नं १(१) मा पर्ने पूर्वखोला गाउँपालिका गत स्थानीय तहको चुनावमा ६ वटै वडा र पालिका अध्यक्ष, उपाध्यक्ष सहित नेकपा (एमाले) ले विजय हासिल गरी पालिकाको विकास निर्माणमा नेतृत्व गर्ने र जनताको सेवा गर्ने सुअवसर प्राप्त गरेको पालिका हो। यस पालिका सरकारले भौतिक पूर्वाधार विकासका साथै, शिक्षा, स्वास्थ्य, खा. पा., स्वरोजगार कार्यक्रम, उत्पीडित जाति उत्थान एवं जनताको हित र सेवाका निमित्त धेरै कार्यहरु आफ्नो कार्यकालमा गरेको छ। केन्द्र र प्रदेश सरकारबाट विभिन्न योजना माग गरी कार्यान्वयन गर्न पहल गरेको छ। साथै मा. संघीय तथा प्रदेश सांसदको पहलमा परेका योजना र कार्यक्रम पनि कार्यान्वयन गरेको छ। ५ वर्षे कार्यकाल सकिन लागेको अवस्थामा पालिकामा भए गरेका र अधुरा रहेका तथा भविष्यमा महत्व दिनुपर्ने विषय समेत समेटी कार्य प्रगति पुस्तिका प्रकाशन गर्न लागेको अवसरमा पालिकाले हासिल गरेको अनुभव, प्रगति र सफलताको निमित्त पालिका परिवारलाई बधाई एवं धन्यवाद ज्ञापन गर्न चाहान्छु।

विकास र प्रगति निरन्तर भइरहनुपर्ने विषय हो। यो पूर्ण भएको हुँदैन। आगामि दिनमा हरेक विकास कार्यलाई स्तरोन्नती गर्न र उच्चस्तरमा पु-याउन पालिकालाई थप सफलता मिलोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु।

युवराज खनाल

# पूर्वखोला सरकारको पाँच वर्ष



स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित जनप्रतिनिधिका हैसियतले गाउँपालिकाको विकास र समुदायलाई स्थानीय सरकारको सेवा प्रत्याभूति दिने कार्य पाँच बर्षे अवधिमा भएको छ । सबै जनप्रतिनिधिहरु अनुभवी र सक्षम भएकाले पालिकाको विकासले सुरू बर्षबाटै गति लिएको थियो । "**खूशी गाउँबासी, समृद्ध पूर्वखोला**" भन्ने दीर्घकालीन सोंच राखेको गाउँपालिकाले यस अवधिमा सोंचको जग बसाल्न सफल भएको छ । कोरोना कहरको संक्रमण फैलिएकाले पालिकाले लिएका नीति तथा कार्यक्रममा उल्लेख्य प्रगति गर्न केही समस्याहरु आइपरेको सबैलाई जानकारी भएको बिषय नै हो । त्यसका बाबजूद निर्वाचनका बेला मतदाताहरूसँग गरेको प्रतिबद्धता र घोषणा–पत्रका आधारमा आर्थिक, सामाजिक र भौतिक विकासलाई एकै साथ अगाडि बढाएकाले सबै क्षेत्रमा सन्तोषजनक नजिता हासिल भएको छ ।

शिक्षा, स्वास्थ्य, सडक, कृषि, पर्यटन सहितको पूर्वाधार पूर्वखोला विकासको आधार रणनीतिक नारा तय गरेर पालिकाको योजना र कार्यक्रम तय गरिएको थियो । पालिकाले पहिलो बर्षमै भौतिक विकाससंगै स्वास्थ्य, शिक्षा र कृषिक्षेत्रको विकासलाई पहिलो प्राथमिकतामा राखेको नीति तथा कार्यक्रम निर्माण गरेको थियो । जसको प्रतिफल अनुसार प्रदेशमै पहिलो संस्थागत सुत्केरी पालिका घोषणा गर्न सफल भयो । स्वास्थ्य चौकीहरूको सेवा प्रवाहमा ५ बर्षको अवधिमा उल्लेखनीय प्रगति हासिल गरेको छ । समुदायमा रहेको दुई खाले शिक्षालाई अन्त गर्न सामुदायिक विद्यालयहरूमा संस्थागत विद्यालय समायोजन गरेर पालिका भरी एउटै शिक्षा प्रदान गर्ने काम पालिकाको अर्को महत्वपूर्ण सफलता हो ।

जनप्रतिनिधिहरु, कर्मचारीहरु र पालिकाबासीको साथ र सहयोगले शिक्षा, स्वास्थ्य, कृषि र भौतिक विकासमा तुलनात्मक रूपमा सकारात्मक परिर्वतन आएको छ । ५ बर्ष अवधिमा पालिकाले ३२ वटा कानून निर्माण गरेर कानून सम्मत कार्यक्रम कार्यान्वयनमा जोड दिएको थियो । सिमित स्रोत र साधनबाट उच्चतम विकास गर्न सकिने दृढता जनप्रतिनिधिहरूमा देखिएको छ । आर्थिक बर्षको अन्तमा बर्षात सुरू भएपछि गरिने विकासलाई पालिकाले निकै कडाइ गरेको थियो । प्राकृतिक श्रोत र साधन प्रयोग गरी आन्तरिक आम्दानी बृद्धि गर्ने, स्थानीय उत्पादन दालचिनी, अम्लिसो, अदुवा, गेडागुडी बजारीकरण र प्रर्वद्धन गर्ने, कला र संस्कृति संरक्षणमा जोड दिने नीति गाउँपालिकाले लिएको थियो । वातावरणीय सन्तुलन कायम राख्ने र भौतिक पूर्वाधार निर्माण गर्ने नीति पालिकाले अगाडि सारेको थियो । कृषि र पशुपालन व्यवसायबाट गरिबी निवारण र आयआर्जन बृद्धि गर्ने कार्यमा पालिकाले केही उपलब्धि हासिल गरेको छ । समुदायमैंत्री नीति कार्यक्रम र बजेट बनाउने जनप्रतिनिधिहरूको विवेक र कर्मचारीद्वारा सुझबुझसहितको कार्यान्वयनले **'खूसी गाउँबासी, समृद्ध पूर्वखोला'** नारा पूरा हुने अपेक्षा गरिएको छ ।


पूर्वखोला गाउँपालिकाले पाँच बर्षे अवधिमा हासिल गरेका उपलब्धिहरु, कार्यक्रम र योजना कार्यान्वयनको अवस्थाका बारेमा आमसमुदायसम्म जानकारी दिने उद्देश्यले यो पुस्तिका यहाँहरु समक्ष प्रस्तुत गरिएको छ ।

**नुन बहादुर थापा**
अध्यक्ष, पूर्वखोला गाउँपालिका

# विषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | पालिकाले हासिल गरेका उपलब्धीहरु | १ |
| २ | आर्थिक विकास | ३ |
| ३ | सामाजिक विकास | ४ |
| ४ | पूर्वाधार विकास | ६ |
| ५ | विपद् व्यवस्थापन | ७ |
| ६ | सुशासन तथा अन्तरसम्बन्धी क्षेत्र | ८ |
| ७ | पालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा | १० |
| ८ | पालिकाको घर संख्या र जनसंख्या | १० |
| ९ | आर्थिक वर्ष अनुसार क्षेत्रगत बजेट र खर्च विवरण | ११ |
| १० | पालिकाका गौरवका योजनाहरु | १३ |
| ११ | कृषि उत्पादन र खानेपानीमा उच्च प्राथमिकता | १७ |
| १२ | कृषि र सडक निर्माणमा प्राथमिकता | २५ |
| १३ | सिंचाई सुविधा बृद्धिमा वडाको ध्यान | ३२ |
| १४ | देवीनगरमा विकासको लहर | ३७ |
| १५ | एक घर एक धारामा उल्लेख सफलता | ४६ |
| १६ | कृषि र पशुपालन नै हेक्लाङको चिनारी | ५२ |
| १७ | पालिकाको जोड स्वास्थ्यमा सुधार | ५८ |
| १८ | शिक्षा सुधारमा उल्लेख्य प्रगती | ६३ |
| १९ | कृषि उत्पादन र बजारीकरणमा जोड | ६८ |
| २० | व्यवसायिक पशुपालनमा जोड | ७३ |
| २१ | प्रभावकारी बन्दै न्यायिक समिति | ७६ |
| २२ | उद्यम विकास कार्यक्रम र उपलब्धिहरु | ७८ |
| २३ | रोजगार बन्दै बेरोजगार | ८० |
| २४ | प्रविधिमैत्री बन्दै सामाजिक सुरक्षा कार्यक्रम | ८१ |
| २५ | गरिबी निवारमा गदै मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ८३ |
| २६ | कृषि र पशुपालनमा उद्यमशिलता विकासको खोजी | ८६ |
| २७ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट पूर्वाधार विकास | ८८ |
| २८ | प्रभावकारी बन्दै विपद् व्यवस्थापन | ८९ |
| २९ | विविध कार्यक्रमहरु | ९० |
| ३० | कानूनहरु निर्माणमा सफलता | ९४ |
| ३१ | पालिकाको २०७५/०७६ को नीति तथा कार्यक्रमलाई फर्किएर हेर्दा | ९६ |
| ३२ | पालिकाबाट सञ्चालित ५ लाख भन्दा बाढीका योजनाहरु | १०८ |
| ३३ | स्थानीय तह निर्वाचन २०७४ बाट पूर्वखोला गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरू | ११३ |
| ३४ | कुराकानी गरिएका व्यक्तिहरु तथा सन्दर्भ सामग्री | ११४ |

# पालिकाले हासिल गरेका उपलब्धीहरू





## पूँजीगत खर्च

पालिकाले पुँजिगत खर्च प्रणालीमा क्रमिक रूपमा सुधार गरेको देखिन्छ । अर्थात् पहिलो बर्षदेखि नै खर्च गर्ने दरमा बृद्धि भएको छ । २०७४।०७५ देखि २०७८।०७९ चैत्रसम्म आउदा पुँजिगत खर्च बढोत्तरी रहेको छ । यसले नीति तथा कार्यक्रमले लिएको लक्ष्य हासिलमा पछिल्ला बर्ष अझै बढी सफलता मिलेको देखिन्छ ।


## सम्पन्न योजनाहरू

पालिकाभित्र कार्यान्वयन भएका योजनाहरूलाई हेर्दा योजनाको संख्या बजेटको तुलनामा क्रमशः कम हुदै आएको देखिन्छ । जसबाट खुद्रा योजनालाई कटौती गरी उपलब्धि हासिल हुने योजनाहरूको छनोट भएको देखिन्छ । बजेट र कार्यक्रमलाई वितरणमुखी भन्दा नजितामुखी तर्फ लैजाने प्रयास गरेको देखिन्छ ।



## वडा अनुसार सम्पन्न भएका योजनाहरू

यहाँ तीन आर्थिक बर्षमा ६ वटा वडाहरूमा कार्यान्वयन भएका योजनाका संख्यालाई केलाउन खोजिएको छ । वडा नं. ३ मा सबैभन्दा बढी १५७ र वडा नं. ६ मा ४८ वटामै योजना कार्यान्वयन भएको देखिन्छ ।




## आन्तरिक आम्दानीमा बृद्धि

आन्तरिक आयबाट बृद्धि गरी पालिका सवल हुदै जादा संघीयता अझै मजबुत हुने भएकाले आन्तरिक आयको यथोचित व्यवस्था गर्न पालिका लागेको छ । नयाँ आयका स्रोतहरूको खोजी गर्ने र प्रत्येक वर्ष आन्तरिक आयमा वृद्धि गर्ने योजनाहरु अगाडि सारिएको छ । नदीजन्य पदार्थ निकासीका लागि संक्षिप्त वातावरणीय प्रभाव मुल्याङ्कन गरी ठेक्का बन्दोबस्त गरेर भएका छन् । पालिकाले पूर्वखोला, लाम्दीखोला, मसार खोला र ङाक्च खोलाबाट निकासी गर्न मिल्ने परिमाण ढुङ्गा, गिट्टी र बालुवा पहिचान गरी बिक्री गरेर आम्दानी बृद्धिको थालनी गरेको छ । पूर्वखोलामा खोलाले क्षती नगर्ने स्थानमा तिन वटा ड्याम निर्माण गरी खोलाजन्य बस्तु बग्नबाट रोक्ने योजना छ । दीर्घकालीन रूपमा आन्तरिक आयलाई वृद्धि गर्ने खालका योजनाहरु खोजी समेत भइरहेको छ । वातावरण संरक्षण ऐनले दिएको अधिकारभित्र रहेर खोला र नदीजन्य बस्तु बिक्रिबाट आन्तरिक आय बृद्धिका प्रयास भएका छन् ।

# आर्थिक विकास

## कृषि उत्पादनमा जोड

कृषि पेशालाई आधुनिकीकरण र यान्त्रिकीकरणलाई जोड दिदै कृषकहरूलाई अनुदानमा कृषि उपकरण वितरण गरी कम लगातमा बढी उत्पादन लिने अवस्था सिर्जना गरिएको छ । एक वडा एक उत्पादन र पकेट क्षेत्रको विकास गर्न थालिएको छ । "घर एक, फलफुलका वोट अनेक" अन्तर्गत पालिकामा सुन्तला, कागतीका विरूवा रोपण गरिएको छ । कृषकहरूलाई बीउ, बिजन, जैविक मल सहुलियत दरमा वितरण गरी उत्पादन बृद्धिमा जोड दिइएको छ । प्रविधियुक्त टनेलभित्र र बाहिर बेमौसमी तरकारी सामुहिक तरकारी खेतीलाई बिस्तार गर्न अनुदान प्रदान गरिएको छ । गाउँगाउँमा च्याउ खेती बिस्तार भएको छ । विरकोटमा सिताके च्याउ उत्पादन सुरू भएको छ ।

वडा नं. २ जल्पामा किवी खेतीको सुरूवात भएको छ । वडा नं. ६ हेक्लाङमा पिकअप जीपलाई कृषि एम्बुलेन्स बनाएर हप्ताको दुई दिन कृषि र पशुउपज संकलन गरी बजारसम्म पुऱ्याउने गरिएको छ । हेक्लाङमा सामूहिक तरकारी खेती, आफरडाँडामा सामुहिक कागती खेती र रिङनेरह रोङढेंडमा सामूहिक पशुपालनको विकास भएको छ । जल्पाको मैदानमा स्मार्ट कृषि गाउँ कार्यक्रम मार्फत व्यवसायिक बाख्रापालन गरिएको छ । व्यवसायिक रूपमा बाख्रापालन, वंगुरपालन र कुखुरापालन फर्महरु स्थापना भएका छन् ।

## पर्यटन र रोजगारी सिर्जना

पालिकाभित्रका पर्यटकीय स्थलहरु बाकुमगढी, सिलुवाको रूदे मण्डाली चुरावराजु, हात्तीलेक क्षेत्र, मादले गुफा, चुलीडाँडा, खाँडदेवी गुफा र छिसको चमेरे गुफाको (घिचिन ओढार) लगायतका पर्यटकीय गन्तव्यको संरक्षण र विकास गरी पर्यटक आउने र रमाउने वातावरण सिर्जना गरिएको छ । ऐतिहासिक बाकुमगढी, बुढिलेक र हात्तिलेकसम्म पुग्न बाटो निर्माण, सरसफाई अन्य पर्यटकीय पूर्वाधार निर्माण गरेर पर्यटकीय क्रियाकलाप बढाइएको छ । मगरसंस्कृतिको धनी पालिकाभित्र मगर समुदायको जातीय पहिचान झल्किने संस्कृतिहरूको संरक्षण, होमस्टेहरूको विकास गरेर पर्यटन विकासबाट पालिकाको आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्ने कार्य भएको छ ।

## जल पर्यटनको विकास

पूर्वखोलाको सपाह खोला, मंगला र वाम्दी खोलामा ड्याम निर्माण गरी बहुउद्देश्यीय जलाशय निर्माणको अध्ययन गरिएको छ । बगेर गएको पानीलाई उपयोग गरेर मनोरञ्जन स्थलहरूको निर्माण, जलविद्युत योजना सञ्चालन र बृहत सिंचाई योजना सञ्चालन गर्ने महत्वपूर्ण योजना पालिकाको रहेको छ । हात्तीलेकको काखमा रहेको सपाह खोलालाई पर्यटन प्रवर्द्धनसँग जोड्ने योजना छ । खोलामा माछापालन, वोटिङ, जलयात्रासंगै हिउँदमा रिचार्ज सेन्टरको रूपमा विकास गर्ने योजना राखिएको छ । मस्याङदी खोलाबाट लघुजलविद्युत योजना सञ्चालनका लागि सम्भाव्यता अध्ययन अगाडि बढाउने र पूर्वखोला हाइड्यामबाट बृहत सिंचाईलाई दातृ निकाय र संघ तथा प्रदेश सरकारको साझेदारीमा महत्वकांक्षी योजना समेत राखिएको छ ।

### सिंचाई

पालिकाभित्र वडा नं. ३ मा सिंचाईका सबैभन्दा बढी योजनाहरु सञ्चालन भएका छन् । सिंचाईका लागि ५ हजार ५ सय मिटर नयाँ कुलो बनेका छन् । सिंचाईका कुलाहरुमा वडा नं. २ मा १ किलोमिटर, वडा नं. ४ मा ७ सय ५० मिटर, वडा नं. ५ मा २ सय मिटर र वडा नं. ६ मा ३ सय मिटर सिंचाई कुलोहरु मर्मत र नयाँ बनेका छन् ।

### भूमि व्यवस्थापन

पालिकालाई प्राप्त अधिकार अनुसार भूमि व्यवस्थापन कार्यलाई प्राथमिकतामा राखिएको छ । आवास क्षेत्र, उत्पादन क्षेत्र विभाजन गर्ने कार्यक्रम छ । सार्वजनिक जग्गाको संरक्षण, संरक्षित क्षेत्रको पहिचान, वन जंगल र खानीजन्य क्षेत्र पहिचान गरिने छ । व्यक्तिहरुको जग्गा नापी नक्सासहित मालपोत सम्बन्धी व्यवस्था संघीय सरकारको सहकार्यमा पालिका स्तरबाट दिन सकिने सेवा विस्तारमा पहल भएको छ ।

# सामाजिक विकास

### शिक्षामा उल्लेख्य प्रगति

विद्यालयहरुको भौतिक अवस्था सुधारमा उल्लेखनीय कामहरु भएका छन् । स्थानीय सरकार बनेपछि विद्यालयहरुका भवन निर्माण र मर्मत, घेरावार तथा कम्पाउण्ड, शौचालय निर्माण, विद्यालय परिसर, खेलमैदान र कक्षाकोठा ढलान जस्ता कार्य भएका छन् । सबै बालवालिकाहरुले निःशुल्क रुपमा अंग्रेजी माध्यमको पठनपाठन सुरुवात गरिएको छ । कोरोना कहरका बेला टोल शिक्षाको अवधारणा अनुसार पाठ्यक्रम प्रारुप तयार गरी सिकाइ कियाकलाप सञ्चालन गरिएको थियो । विद्यार्थी संख्या, विद्यालयको दुरी शिक्षक दरबन्दी आदिलाई ध्यानमा राखेर शिक्षक दरबन्दी मिलान गरेको छ । पालिकाले संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा समायोजन गरेको छ । सामुदायिक र संस्थागत विद्यालय बीच शिक्षामा देखिएको विभेदको अन्त्य गर्न सफल भएको छ । प्राथमिक तहको लागि स्थानीय पाठ्यक्रम (पूर्वखोलाको सेरोफेरो) २०७७ मा तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १-५ मा लागु गरिएको छ । २०७८ भदौ भित्र शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गरिएको थियो । शैक्षिक सुधारका लागि गठन गरिएको शैक्षिक सुधार सुझाव कार्यदलबाट अल्पकालीन र दीर्घकालीन शिक्षा सुधारका सुझावहरु कार्यपालिकामा पेश भएको छ । प्रभावकारी सिकाईका लागि पाठ्यपुस्तक र शैक्षिक सामग्री आधारित विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तर्क्रिया र सचेतना कार्यक्रमहरु निरन्तर भएका छन् ।

## स्वास्थ्यमा उल्लेख्य सुधार

लुम्बिनी प्रदेशमा प्रथम संस्थागत सुत्केरी सुनिश्चित घोषणा गर्न सफल पालिका भएको छ । सबै स्वास्थ्य संस्थाहरूमा प्रसुती सेवा र ल्याब सेवा सञ्चालन भएको छ । स्वास्थ्य चौकी टाढा भएका बस्तीहरूमा सामुदायिक स्वास्थ्य इकाईहरु स्थापना भएका छन् । ८० बर्ष माथिको जेष्ठ नागरिकहरूलाई घरमै स्वास्थ्य परीक्षण र अभिलेखीकरणसहित र फलोअप परीक्षण निरन्तर भइरहेको छ । यो कार्य लुम्बिनी प्रदेशमै पूर्वखोलाले पहिलो पटक गरेको हो । हेक्लाङमा पालिकाकै पहलमा नयाँ स्वास्थ्य चौकी बनेको छ । विरकोट र रिङनेरहमा पनि सुविधासम्पन्न स्वास्थ्य चौकी भवनबाट सेवाप्रवाह भएको छ । अन्य स्वास्थ्य चौकीहरूको पूर्वाधारमा सुधार गरिएको छ । सिलुवा नयाँ वर्थिङ सेन्टर भवन प्रदेश सरकारको सहयोगमा बनेको छ । दलित र विपन्न परिवारका सदस्यलाई स्वास्थ्य बीमा प्रोत्साहन गर्दै पालिकाले प्रिमियम भुक्तानी गरिदिएको छ ।

कोरोना कहर नियन्त्रण र रोकथाममा उल्लेख्य सफलता हासिल गरियो भने लक्षित समूह सबैजसोलाई कोरोना खोप प्रदान गरिएको छ । कोरोना कहर फैलिन नदिन पालिकाले समुदाय स्तरमा स्वाब संकलन र परीक्षण अभियान चलायो । क्वारेन्टाइन बसाइ, परीक्षण र आइसोलेसन बसाइ सबै खर्च पालिकाले व्यहोरेर कोरोना कहरमा पालिका बासिन्दालाई घरदैलोको सरकारको प्रत्याभूति दिने कार्य भयो ।

## खानेपानी तथा सरसफाइ

पालिकामा आधारभूत खानेपानीलाई प्राथमिकता दिएर योजनाहरु सञ्चालन भइरहेका छन् । पालिकामा नयाँ खानेपानी योजना सञ्चालन र पुराना योजना मर्मत गरी एक घर एक धाराको अभियान ५ बर्षे अवधिमा चलाइएको छ । वास योजना अनुसार एक घर एक धाराका योजनाहरु क्रमशः निर्माण गरिएको छ । संघीय, प्रदेश सरकार, गोर्खा वेयलफेयर ट्रष्ट र फनवोर्डको सहयोगमा मुहान संरक्षण, ग्राभिटी र लिफ्ट खानेपानीका योजनाहरु निर्माण गरिएको छ । पालिकाभित्र झण्डै ७० प्रतिशत घरधुरीमा एक धर एक धारा निर्माण भएको छ ।

## लैङ्गिक समानता

पालिकाले ५ बर्षको अवधिमा वडा, पालिका र लघुउद्यम विकास कार्यक्रम मार्फत महिलाहरूलाई विभिन्न सीपमुलक तालिम प्रदान गरेको छ । पूर्वखोलामा अहिलेसम्म ३ सय जना महिला स्वरोजगार भएका छन । स्वीटर बुनाइ, कढाइ बुनाइ, गुडिया निर्माण, ढाका बुनाइ, चुरापोते निर्माण, पछ्यौरा बुनाइ र सिलाइकटाइ लगायतका तालिमहरु सञ्चालन भएका छन् । युवाहरूलाई प्लम्बिङ, हाउस वायरिङ्, मिनी टिलर मर्मत जस्ता तालिम सञ्चालन गरिएको थियो । आत्मनिर्भरताका लागि व्यवसायिक बन्न खोज्ने महिलाहरूलाई कृषि कर्म र पशुपालनमा लाग्न प्रेरित गरिएको छ । व्यावसायिक बाख्रापालन, वंगुरपालन, कुखुरापालनमा महिलाहरूको उत्तिकै सहभागिता रहेको छ ।

महिलाको स्वास्थ्य उपचारको क्षेत्रमा पनि पालिकाले उत्तिकै ध्यान दिएको छ । बेलाबेलामा विशेषज्ञसहित शिविरहरु सञ्चालन गरेर स्वास्थ्य परीक्षण गर्ने गरिएको छ । महिलाहरूको पाठेघरको अवस्था पहिचान गर्ने शिविर सञ्चालन गरिएको थियो । जसमा १७३ जना महिलाले परीक्षण गराएका थिए ।

### सामाजिक समावेशीकरण

तुलनात्मक रूपमा पछाडि परेका स्थान र समुदायको विकास गर्न पूर्वखोला ग्रामीण विकास कार्यक्रंम सञ्चालन गरिएको छ । पाङजुङ र साठीकोल जस्ता क्षेत्रको विकासमा ध्यान केन्द्रित गरिएको छ । पालिकास्तरीय युवा र खेलकुद समिति गठन र वाल सञ्जाल गठन गरिएको छ । वडावडामा घुम्ती शिविरहरु सञ्चालन गरेर अपाङ्गता परिचय पत्र वितरण र व्यवसाय दर्ता गर्ने कार्यक्रम भएका छन् ।

# पूर्वाधार विकास

### सडक सञ्जाल

पालिकाले सडक गुरुयोजना निर्माण गरी गाउँपरिषद्बाट पारित गरेकाले त्यही अनुसार सडक निर्माणका कामहरु थालेको छ । सडक निर्माणमा सर्भे डिजाइनमा ५ प्रतिशत, संरक्षणमा ५ प्रतिशत र सडक स्तरउन्नतिमा ७५ प्रतिशत र नयाँ ट्याकमा १५ प्रतिशत रकम विनियोजन गर्ने उल्लेख गरिएको छ । पालिकाभित्र वडा नं. १ मा ५४, वडा नं. २ मा ६४, वडा नं. ३ मा ६१, वडा नं. ४ मा ६४, वडा नं. ५ मा ३१ र वडा नं. ६ मा ३१ किलोमिटर गरी पालिकाभित्र जम्मा ३ सय ७ किलोमिटर सडक सञ्जाल तयार भएको छ ।

पालिकाभित्र २०७४।०७५ देखि २०७८।०७९ सम्म २४ किलोमिटर नयाँ ट्र्याक खुलेको छ । २०७६।०७७ मा ४ किलोमिटर, २०७७।०७८ मा ६ सय मिटर र २०७८।०७९ मा २ सय ३५ मिटर ग्राभेल भएको छ । पालिकाले आफ्नै बजेटबाट पालिका केन्द्र विर्ताबजारमा ५ सय ८० मिटर सडक कालोपत्रे गरेको छ । प्रदेश सरकारमार्फत हुमिन-पूर्वखोला-ज्यामिरे सडकको १६ किलोमिटर कालोपत्रे गर्ने काम भइरहेको छ ।

### भवन आवास तथा सहरी विकास

५ बर्षको अवधिमा पालिकाभित्र बहुउद्देश्यीय प्रशासकीय भवन, पालिका सभाहल, १५ शैंयाको पालिकास्तरीय अस्पताल, विद्यालय भवनहरु, स्वास्थ्य चौकी नयाँ भवन निर्माण र मर्मत सम्भार भएका छन् । स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर भवन, सामुदायिक स्वास्थ्य इकाईका भवनहरु सहित टोल र बस्तीहरुमा सामुदायिक भवनहरु र कृषि उत्पादन संकलन केन्द्रहरु निर्माण भएका छन् । पालिकाको सुविधा सम्पन्न बहुउद्देश्यीय प्रशासकीय भवन निर्माण भइरहेको छ । यो भवन २०८० असार २३ सम्म निर्माण सम्पन्न हुनेछ । ५६ लाख लागतमा पालिकाको सभाहल निर्माण भएको छ । विरकोटमा १५ शैंयाको पालिकास्तरीय अस्पताल निर्माण भइरहेको छ । राष्ट्रिय भूकम्प पुन:निर्माण प्राधिकरणको सहयोगमा विभिन्न सामुदायिक विद्यालयहरुमा नयाँ विद्यालय भवन निर्माण भएका छन् । पालिकाको आफ्नै पहल र संघीय सरकारको विशेष अनुदानमा हेक्लाङ स्वास्थ्य चौकी भवन निर्माण भएको छ । सहरी विकास कार्यक्रम अन्तर्गत पालिका क्षेत्र विर्ताबजारमा ५ सय ८० मिटर कालोपत्रे भई बजार क्षेत्रलाई सफा र सुन्दर बनाउने कार्य भएको छ ।

### उज्यालो पालिका अभियान

पालिकाभित्र ३ प्रकृतिका योजनाबाट बिजुली बत्ती बालिएको छ । वडा नं. २, ३, ४, ५ र ६, मा नेपाल विद्युत प्राधिकरण पाल्पा, वडा नं. १, ३ र ५ मा सामुदायिक विद्युतिकरण र वडा नं. ६ मा बुटवल पावर कम्पनी अन्तर्गतको विद्युतीकरण भएको छ । नेपाल विद्युत प्राधिकरणको समन्वयमा हालसम्म विद्युत नपुगेका छिस, थाङसिङखरक, धुसेनी बस्तीहरूमा विद्युतीकरणको काम भइरहेको छ । पालिकालाई छिट्टै टुकीरहित पालिका घोषणा गरिने छ । पालिकाले विभिन्न महत्वपूर्ण स्थानहरूमा सडक सोलारबत्ती जडान गरेर उज्यालो बनाएको छ । वडा नं. १ सिलुवामा ११ हजार भोल्ट क्षमताको विद्युत सवस्टेशन निर्माण भइरहेको छ । पूर्वखोला, रम्भा र निस्दीको विद्युत सेवाको गुणस्तर सुधारमा सवस्टेशन महत्वपूर्ण पूर्वाधार बनेको छ ।

# विपद् व्यवस्थापन

### विपद्मा संवेदनशील

स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा गाउँपालिका, प्रदेश सभा सदस्य तथा अन्य संघ सस्थाहरूद्वारा आर्थिक बर्ष २०७६।०७७ मा ४ लाख २६ हजार जम्मा गरिएको थियो । सोही आर्थिक बर्षको अन्तसम्म कोषमा १ करोड ११ लाख १० हजार जम्मा भएको थियो । स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा आर्थिक बर्ष २०७७।०७८ मा गाउँपालिकाले थप १५ लाख रकम जम्मा गरेको छ । यही कोषबाट विपद् व्यवस्थापनका काम हुदै आएका छन् ।

### भूकम्प पछिको पुन:निर्माण

२०७२ बैशाखको भूकम्पले पूर्वखोला गाउँपालिका पनि प्रभावित बन्यो । भूकम्पबाट नीजि आवास र विद्यालय भवनहरूमा क्षती पुगेको थियो । भूकम्प पुनर्निर्माण प्राधिकरणबाट क्षती भएका नीजि आवास, विद्यालय भवन तथा शौचालयहरु र सम्पदाहरूको पुनर्निर्माण भएका थिए । पालिकामा नीजि आवास निर्माणमा हालसम्म ७ करोड ९६ लाख ५० हजार खर्च भएको छ । जसबाट २४३ वटा नीजि आवास पुन:निर्माण सम्पन्न भएका छन् । २१ वटा सम्पन्न हुने र ५१ वटा घरहरूको निर्माण थालनी भएको छ । यसैगरी पालिका भित्र १३ वटा विद्यालय भवन, ७ वटा शौचालय र ६ वटा खानेपानी योजना निर्माण भएका छन् । जसमध्ये ५ वटा २ कक्षा कोठाका र ८ वटा ४ कक्षा कोठाका भवन रहेका छन् । पुन:निर्माणको सउदी स्रोत अर्न्तगत शिक्षा मन्त्रालय केन्द्रीय योजनाबाट १६ वटा विद्यालय भवन सहित खानेपानी र शौचालयहरु निर्माण भएका छन् ।

# सुशासन तथा अन्तरसम्बन्धी क्षेत्र

## कानून निर्माण

स्थानीय तहका एकल अधिकारका विषयहरु र संघीय सरकारले निर्णय गरी कार्यान्वयन गर्नुपर्ने विभिन्न बिषयसँग सम्बन्धित ऐन, नियमावली, निर्देशिका, कार्यविधि र आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ । आवश्यकताका आधारमा कार्यपालिका र गाउँसभाबाट कानूनहरु निर्माणलाई निरन्तरता दिइएको छ । हालसम्म ३२ वटा कानून बनाइएको छ ।

## प्रविधि मैत्री सञ्चार

वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा फाइबर इन्टरनेटको सुविधा पुगेको छ । ६ वटै वडाबाट अनलाइन घटना दर्ता गरिएको छ । वडा र स्वास्थ्य संस्थाबाट परिपत्रहरु विद्युतीय माध्यमबाट आदानप्रदान गर्ने गरिएको छ । कार्यक्रम सार्वजनिक गर्न बेवसाइटमा नियमित राख्ने व्यवस्था छ । कार्यपालिकाको सदस्यहरुलाई बैठकको जानकारी गराउन सामूहिक एसएमएस प्रणालीको विकास गरिएको छ । सामाजिक सुरक्षा भत्ता बैङ्कबाट मात्रै भुक्तानी दिने व्यवस्था गरिएको छ । पालिकाको आर्थिक कारोबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको सूत्र प्रणालीबाट मात्रै गर्ने गरिएको छ । योजनालाई छिटो र छरितो बनाउन योजना सम्झौता र फरफारक सफ्टवयरको प्रयोग गरिएको छ । वडा स्तरमा घुम्ती शिविर मार्फत योजनाहरु सम्झौतासमेत गर्ने अभ्यासको थालनी गरिएको छ ।

पालिकाको जिन्सी रकेर्ड र राजश्व संकलनलाई अनलाइन अर्थात् सफ्टवयरको प्रयोगबाट गर्ने गरेको छ । वडा कार्यालयसहित पालिकास्तरमा कार्यालय सञ्चालनमा आवश्यक पर्ने फर्निचर, कम्प्युटर लगायतका भौतिक सामग्रीहरू पर्याप्त व्यवस्था गरिएको छ । पालिकाले धेरै सेवा प्रविधिमैत्री बनाउन लागेको छ । उपभोक्ता समितिलाई भुक्तानी लिन पालिका धाउनुपर्ने अवस्था हटेको छ । पालिकाभित्र मोवाइल सेवाको सञ्चार गुणस्तर सुधारमा नेपाल टेलिकमसँगको समन्वयमा रिपिटर टावर थप गर्न पहल भएको थियो ।

## कार्यसम्पादन र प्रतिवेदन

वार्षिक कार्ययोजना अनुसार तोकिएका कार्यहरु सम्पादन गर्ने गरी प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखसँग कार्यसम्पादन करारको व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारसँग कार्यसम्पादन करार सम्झौता गरिएको छ । कार्यपालिकाले गरेका निर्णय र कार्यान्वयन गरेका विषयहरु पालिकाको बेवसाइट, फेसबुक पेजमा प्रकाशित गर्ने गरिएको छ । आवश्यकता अनुसार सञ्चार माध्यमबाट सार्वजनिक गर्ने गरिएको छ । चौमासिक अवधिको कार्यसम्पादन प्रतिवेदन कार्यपालिकामा छलफल गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र जिल्ला समन्वय समितिमा पठाइएको छ ।


## सरकार र प्रशासन समन्वय

स्थानीय तहको नीति निर्माण कार्यान्वयन गर्न र त्यसबाट उल्लेख्य उपलब्धि हासिल गर्न सरकार र प्रशासनबीचको सम्बन्ध नजिक र समधुर हुनुपर्दछ । त्यसो भएमा जनतालाई छिटो छरितो सेवा प्रवाह गर्न सरकार र प्रशासन दुबै सक्षम र सवल हुनेछन् । पालिकाबाट हुने निर्णय प्रक्रियामा एक आपसमा छलफल गरेर गरिएका निर्णयहरु कार्यान्वयन गर्न सरल र सहज हुने गरेका छन् । निर्णय प्रक्रियामा दुबै पक्षको सहभागितालाई पालिकाभित्र सुनिश्चित गरिएको छ । सरकारको तर्फबाट नीति निर्माण हुने, निर्णय हुने र त्यसको प्रभावकारी कार्यान्वयन प्रशासन संयन्त्रबाट हुने हुँदा कार्यान्वयनमा सहजता आएको र सँस्थागत भएको छ । सरकार र प्रशासन संयन्त्रले सामुहिक उत्तरदायित्व बहन गर्न प्रणाली व्यवस्थित गरिएको छ । पालिकाको सरकार र प्रशासन संयन्त्र बीचको सम्बन्ध सदैव सुमधुर रहेको छ ।


## प्रशासनिक सुधार र कर्मचारी दरबन्दी

पालिकामा आवश्यक पर्ने कर्मचारी दरबन्दीहरु लोकसेवा आयोगबाट पूरा गर्ने भनी तोकिएका पदहरु लोकसेवाबाट पदपूर्ति भइसकेको छ । स्थायी तवरले पूरा गर्नु नपर्ने पदहरु प्रचलित कानून अनुसार करारमा नियुक्ति गरी कर्मचारीलाई काममा लगाइएको छ । कर्मचारीको व्यवस्थापनको हिसाबले कार्यसम्पादनमा असर पर्ने स्थिति रहेको छैन । पालिकाले सम्पादन गर्नुपर्ने कार्यहरु वार्षिक कार्ययोजना बनाई त्यही अनुसार गरिएको छ । सामुहिक उत्तरदायित्व वहन हुनुपर्ने गरी छिटो छरितो किसिमले सेवाप्रवाह गर्ने परिपाटी पालिकामा रहेको छ । पालिकामा प्रशासन र वडातर्फ गरी ३ अधिकृत र ११ सहायकस्तर गरी १४ जना, शिक्षातर्फ २ जना र प्राविधिक तर्फ अधिकृत एक र सहायकस्तर ७ जना गरी ८ जनाको स्थायी दरबन्दी रहेको छ । जसमध्ये आलेप काज सरूवा र प्राविधिक तर्फ सहायकस्तरमा ३ जना रिक्त रहेको छ ।


**पूर्वखोला गाउँपालिकाको प्रस्तावित सांगठनिक संरचना**



# पालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा






# पालिकाको घर संख्या र जनसंख्या




# आर्थिक वर्ष अनुसार क्षेत्रगत बजेट र खर्च विवरण


पालिकाको आर्थिक बर्ष अनुसार क्षेत्रगत बजेटलाई विश्लेषण गर्दा सामाजिक विकासमा धेरै लगानी गरेको देखिन्छ । आर्थिक बर्ष २०७४।०७५ मा आर्थिक विकास र त्यसपछिका बर्षमा सामाजिक विकासमा बजेटले प्राथमिकता पाएको छ । जसबाट आर्थिक र सामाजिक क्षेत्रसँगै भौतिक पूर्वाधार विकासलाई ५ बर्षमा जोड दिइएको छ । यसले पालिकाको चौतर्फी विकासमा जनप्रतिनिधिहरूको ध्यान गएको देखिन्छ ।



# आर्थिक वर्ष अनुसार क्षेत्रगत बजेट र खर्च विवरण



# पालिकाका गौरवका योजनाहरु



निर्माणाधिन प्रशासकीय भवन

## प्रशासकीय भवन र सभाहल

स्थानीय तह निर्माण भएसँगै पूर्वखोला गाउँपालिकाको केन्द्र साविकको रिङनेरह गाविस पूर्वखोला बन्यो । पालिकाको सेवा सञ्चालन साविक वडा कार्यालयको भवनमा तला थप गरेर सञ्चालन गरियो । कोठा अभावले कतिपय शाखाहरु हालसम्म पनि भाडाकै घरमा रहेका छन् । पालिकाको बैठक र सभा गर्न विद्यालयको सभाहल गर्नुपर्ने बाध्यता थियो । लुम्बिनी प्रदेश सरकारको एक पालिका एक सभाहल कार्यक्रमबाट बजेट परेपछि कार्यालय परिसरमै सभाहल निर्माण भएपछि अहिले त्यो बाध्यता हटेको छ । ५६ लाख बजेटमा २०७८ असार मसान्तमा सभाहलको निर्माण सकिएको छ । सभाहलसँगै दुई कोठा रहेकाले प्रशासन शाखा र जिन्सी शाखा त्यहीँ राखिएको छ ।

पालिकाको बहुउद्देश्यीय प्रशासनिक भवन निर्माण भइरहेको छ । ५ तलासम्म बनाउन सकिने र लिफ्टको समेत व्यवस्था हुनेगरी भवनको डिजाइन गरिपनि हाल २ तालमात्रै निर्माण गर्ने गरी ठेक्का सम्भौता भई काम भइरहेको छ । प्रशासनिक भवन ६ करोड ६० लाख २०७८ असार २३ निर्माण व्यवसायीसँग सम्भौता भई निर्माण कार्य भइरहेको छ । संघीय सरकारको ६० प्रतिशत र पालिकको ४० प्रतिशत बजेट खर्च हुने प्रशासनिक भवन २०८० असार २३ सम्म सकिने छ । करिब २० प्रतिशत अर्थात् फाउण्डेसन सकेर पहिलो तलाको काम हुँदैछ ।

## पालिका केन्द्रमा कालोपत्रे सडक

गाउँपालिका केन्द्र रहेको विर्ताबजार क्षेत्रको सडक आर्थिक बर्ष २०७५।०७६ मा कालोपत्रे गरिएको छ । करिब ५ सय २० मिटर लम्बाइ र ७ मिटर चौडा सडक ५३ लाख लागतमा कालोपत्रे गरिएको हो । गौरवको योजनाको रुपमा गाउँपालिकाको ८० प्रतिशत र स्थानीय समुदायको २० प्रतिशत लागत सहभागितामा कालोपत्रे भएको हो । बजारक्षेत्र कालोपत्रे भएपछि सफा र सुन्दर देखिएको छ भने पालिकाको पहिचान समेत बनेको छ ।



कालोपत्रे सडक

## स्तरउन्नति पछि बस चल्ने सडक

सेर्कावास-हेक्लाङ-खुमडाँडा हुदै रम्भा गाउँपालिकाको कालीगण्डकी कोरिडोरमा जोड्ने सडक स्तरउन्नति गरिएको छ । यो सडकले रामपुर-आर्यभञ्जाङ र कालीगण्डकी कोरिडोरलाई आपसमा जोडेको छ । १ करोड ४५ लाख लगातमा ठेक्का प्रक्रियाबाट स्तरउन्नति गरिएको सडकमा सडक चौडा गर्ने, टेवापर्खाल निर्माण, ग्राभेल, ग्याविङ, नाली निर्माण, सडक ढलान लगायतका काम भएको छ । कम्तीमा ६ मिटर चौडा गरिएको सडकको ठाउँ ठाउँमा टेवा पर्खाल र करिब ६० मिटर ढलान गरिएको छ । यो सडक ३.४ किलोमिटर स्तरउन्नति भएको छ । यो सडक स्तरउन्नतिसँगै बस सञ्चालनमा आएपछि यहाँका बासिन्दालाई सहज भएको छ । तरकारी पकेट क्षेत्रको रुपमा विकास भएको हेक्लाङ्को तरकारीलाई बजारसम्म पुऱ्याउन समेत सहज भएको छ ।



सेर्कावास-हेक्लाङ सडक




निर्माणाधिन अस्पताल

## बन्दै १५ शैयाको अस्पताल

पूर्वखोला गाउँपालिका पाल्पाले वडा नं. ५ विरकोटमा पालिकास्तरीय १५ शैयाको अस्पताल निर्माण थालेको छ । विरकोट स्वास्थ्य चौंकी नजिकै स्थानीय बासिन्दाहरूसँग जग्गा खरिद गरी अस्पताल बनाउन लागेको हो । सुविधा सम्पन्न अस्पतालदेखि ५० किलोमिटर टाढा रहेको पुर्वखोला गाउँपालिकाले संघीय सरकारको एक पालिका एक अस्पताल कार्यक्रमबाट अस्पताल बनाएको हो । रामपुर-तानसेन सडकलाई समेत लक्षित गरेर बनाइएको अस्पताल १२ करोड ५१ लाख लागतमा निर्माण सम्पन्न हुनेछ । २०७८ असारमा सम्झौता भई ३ बर्षमा योजना सम्पन्न हुने अस्पताल बनेसँगै गाउँपालिका बाहेक रामपुर नगरपालिका, रम्भा गाउँपालिका र राजमार्ग हुने सवारी दुर्घटनाको उपचारमा सहयोग पुग्ने छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको ढाँचा अनुसार दुई तले ६६ मिटर लम्बाई र २२ मिटर चौडाइ रहेको आधुनिक अस्पताल निर्माण हुनेछ । अस्पताल निर्माण समयमै सम्पन्न भए यहाँका स्थानीयहरूलाई ठुलो राहत हुने देखिन्छ ।

## पालिका जोड्ने सडकको स्तरउन्नति





आर्थिक बर्ष २०७७।०७८ मा १८ लाख लागतमा खल्तुक भञ्जाङदेखि विर्ताबजारसम्म जोड्ने सडकको एक किलोमिटर सडकमा नयाँ ट्र्याक र स्तरउन्नतिको काम भएको छ । पुरानो सडक खण्ड बढी उकालो र अप्ठ्यारा घुम्तीहरू भएकाले घुमाएर नयाँ ट्र्याक खोलिएको हो । यस सडकको स्तरउन्नतिको काम निरन्तर भइरहेको छ । आर्थिक बर्ष २०७८।०७९ करिब ५० लाख लागतमा खल्तुक भञ्जाङदेखि विर्ताबजारसम्म करिब ५ किलोमिटर सडक स्तरउन्नतिको काम भइरहेको छ । यस अन्तर्गत टेवा पर्खाल, नाली निर्माण, ग्याबिङ्ग राखेर सडकलाई चौडा गर्ने र बाह्र महिना सहज यातायात सञ्चालन गर्न सकिने गरी स्तरउन्नति गर्ने काम भइरहेको छ । रामपुर आर्यभञ्जाङ्ग सडकसँग गाउँपालिकालाई जोड्ने यो सडकको स्तरउन्नति भएपछि पूर्वखोलाबाट नदीजन्य पदार्थ निकासी समेत सहज भएको छ ।

## पहुँच मार्गमा कालोपत्रे र सडकपुल

पूर्वखोला गाउँपालिका पहुँच मार्ग, हुमिन-रिङनेरह-ज्यामिरे सडक खण्ड स्तरोन्नती भएसँग कालोपत्रे सडक सञ्जालबाट पालिका जोडिने भएको छ । लुम्बिनी प्रदेश सरकारमार्फत पालिकाको मेरूदण्ड हुमिनदेखि रिङनेरहसम्म १६ किलोमिटर खण्ड कालोपत्रे हुने भएको छ । यो सडकमा पर्ने खोलाहरूमा सडक पुलहरु पनि बनेका छन् । कोन्द्रेखोलाको सडक पुलहरु निर्माण सकिएको छ । सडक पुल जमलेघाटमा निर्माणधिन छ भने सिमल्दी कुसुमखोलाको डिपिआर भइरहेको छ । सडक कालोपत्रेसँगै खोलाहरूमा सडक पुल बनेपछि पालिकाबासीलाई बर्षाद्को समयमा हुने यात्रामा सास्ती हट्ने छ ।



कोन्द्रे खोला सडक पुल

# कृषि उत्पादन र खानेपानीमा उच्च प्राथमिकता



अदुवाको बीउ वितरण

## कृषि क्षेत्रको विकास

मौसमी र बेमौसमी तरकारी खेती गर्ने कृषकहरूलाई निःशुल्क बीउ वितरण गरिएको छ । प्लाष्टिक पोखरी निर्माण, खाल्टो खन्ने मेशिन, मिनिटिलरहरू ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । वडाभित्र सहकारी संस्थामार्फत अदुवा ब्लक विकास कार्यक्रम तरकारी खेती र सुन्तला खेती पकेट क्षेत्र विकास कार्यक्रम गरिएको छ । कृषि उत्पादनमा बृद्धि गर्न माटो परीक्षण शिविर सञ्चालन गरिएको थियो ।

वडाभित्र रहेका कृषकहरूलाई बाख्रापालन, बंगुरपालन र स्थानीय जातका लोकल कुखुरापालनमा प्रोत्साहन गरिएको छ । कृषकहरूलाई खोर निर्माणमा अनुदान प्रदान गरिएको छ । पशुपालनका क्षेत्रमा भकारो सुधार

कार्यक्रम ६ स्थानमा गरिएको छ । भकारो सुधार कार्यक्रम अन्तर्गत ६ वटा गोठ सुधार गरिएको थियो । युवास्वरोगार कार्यक्रम अन्तर्गत वंगुर र बाख्राको खोर सुधारमा २ जनालाई ५० हजारको दरले अनुदान र उन्नत जातको बाख्रा उत्पादन गर्नकालागि २ वटा बोका वितरण गरिएको थियो ।

आन्तरिक परजिवी नियन्त्रण कार्यक्रम अन्तर्गत वडा कार्यालय र तामाखानीमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । पालिका र पूर्वखोला कृषि तथा पशु उद्यमशीलता विकास परियोजना मार्फत नेपालबाट कृषि तथा पशुपालन विकास गर्न मूल समुह र उप समुह गठन गरी तालिमहरु सञ्चालन गरिएको छ । कोभिड विशेष कृषि कार्यक्रमबाट २० हजार दरले मौरीपालन, बाख्राको खोर सुधार र तरकारी खेतीका लागि अनुदान प्रदान गरिएको थियो ।

**कृषि र पशुपालन कार्यक्रमको विवरण**

| समानको नाम | आर्थिक बर्ष | संख्या | समानको नाम | आर्थिक बर्ष | तालिम |
|---|---|---|---|---|---|
| मिनिटिलर | २०७५/०७६ | १२ वटा | कुखुरापालन | २०७४/०७५ | २५ जना |
| स्प्रे | २०७५/०७६ | ६ वटा | लोक कुखुरापालन | २०७५/०७६ | १० जना |
| प्लाष्टिक टनेल | २०७५/०७६ | ६० वटा | बोका वितरण | २०७५/०७६ | ३ वटा |
| प्लाष्टिक पोखरी | २०७५/०७६ | ९ वटा | कोभिड विशेष कार्यक्रम | २०७५/०७६ | २० हजार दरले कुखुरापालन ९ जना, बंगुरपालन ६ जना र मौरीपालन २ जना र तरकारी खेती ५ जना |
| मौरीघार | २०७६/०७७ | १० वटा | छिसमा बाख्रापालन | २०७६/०७७ | २२ घर परीवार |
| मिनिटिलर | २०७७/०७८ | १० वटा | सामुङ्गमा बाख्रापालन | २०७६।०७७ | २५ घर परीवार |
| स्प्रि | २०७७/०७८ | १० वटा | सिताके च्याउ | २०७७/०७८ | ३० हजार |
| सिकेचेर करौती | २०७७/०७८ | ९ वटा | र्नसरी व्यवस्थापन तालिम | २०७७/०७८ | ३० जना नवदुर्गा कृषक समूह |

सिंचाईका लागि आर्थिक बर्ष २०७७।०७८ मा तामाखानी ताल्तुङ्ग मोतीरह सिंचाई, गुधुरीघाट कुलो निर्माण, ताल खोला कुलो निर्माण र ठूलो कुलो निर्माण गरिएको छ । आर्थिक बर्ष २०७८।०७९ मा चिसापानी ढाकेबास कुलो निर्माण, छिस कुलो निर्माण, विरूवा कुलो निर्माण गरिएको छ ।

**लक्षित वर्गको विकास**

लक्षित समूहका विभिन्न कार्यक्रम र जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको छ । आदिवासी जनजाति अन्तर्गत कम्प्यूटर तालिम सञ्चालन भएको थियो । महिला सशक्तिकरण अन्तर्गत बुटिक तालिम र सिलाइकटाइ तालिम, युवा लक्षित अन्तर्गत खेलकुद सामग्री वितरण, जेष्ठ नागरिक स्वास्थ्य जाँच र अपाङ्गता

भएका व्यक्तिहरूलाई सामग्री वितरण गरिएको थियो । आर्थिक बर्ष २०७६।०७७ मा सहकारी मार्फत आयआजर्नका कार्यक्रम सञ्चालन गरिएको छ । आर्थिक बर्ष २०७७।०७८ मा मनकामना सहकारी भवनको पर्खाल निर्माण, बजरे महिला भवन मर्मत, माझकोट महिला भवन निर्माण, मनहरी युवा तथा महिला भवन निर्माण, अल्कीचौर प्रतिक्षलय निर्माण गरिएको थियो । हरेक आर्थिक बर्षमा बजेट विनियोजन गरेर टोल टोलमा सामुदायिक भवनहरु निर्माण तथा मर्मत भएका छन् ।

## सुधार हुँदै स्वास्थ्य सेवा

स्वास्थ्य चौकीमा अहेव, अनमी र ल्याव टेक्निसियन सहित ७ जना स्वास्थ्यकर्मीले वडा बासीलाई स्वास्थ्य सेवा प्रदान गरेका छन् । स्वस्थ्य चौकी स्तरउन्नति गरेर ल्याव सेवा, २४ घण्टे सुत्केरी सेवा सञ्चालन गरिएको छ । सुत्केरी आमाहरूलाई लक्षित गरेर पोषिलो खानेकुरा खुवाउन आमा कुशल क्यान्टीन सञ्चालन भएको छ । प्रदेश सरकारको ३६ लाख लागतमा वर्थिङ सेन्टरको छुट्टै नयाँ भवन निर्माण गरिएको छ । तामाखानीमा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गरेर त्यस भेगका बासिन्दालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ । २०७६।०७७ मा बैछापको बाह्य खोप केन्द्रमा घेरावार तथा व्यवस्थापनका लागि १ लाख ५० हजार परिचालन गरिएको छ । कोरोना कहर रोकथाम गर्न क्वारेन्टाइन र आइसोलेसन व्यवस्था गरेर समुदायस्तरमा कोरोना संक्रमण फैलिनबाट रोक्ने प्रयास गरिएको थियो ।




बर्थिङ सेन्टर भवन

### विद्यालयको भौतिक पूर्वाधारमा सुधार

वडाभित्र रहेका विद्यालयहरूमा घेरावार निर्माण र शैक्षिक गुणस्तर सुधारका विभिन्न कार्यक्रम भएका छन् । वडाको एक माध्यमिक, तीन आधारभूत र ५ वटा प्राथमिक विद्यालयमा ५ बर्ष अवधिमा खेलमैदान, शौचालय निर्माण, विद्यालयमा घेरवार, कक्षाकोठाको भूईं ढलान, तटबन्धन र भवन मर्मत तथा निर्माण गरिएको छ । पालिकाकै गौरवको योजना मध्ये जनमार्ग माध्यमिक विद्यालयमा २०० जना अट्ने क्षमताको सभाहल निर्माण भएको छ । आर्थिक बर्ष २०७६।०७७ मा जनमार्ग माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा व्यवस्थापनका लागि ६ लाख ११ हजार विनियोजन गरिएको थियो ।

| विद्यालयको नाम | कक्षाकोठा |
|---|---|
| जनजागृति प्राथमिक विद्यालय | २ कक्षाकोठाका भवन |
| अकला आधारभुत विद्यालय | २ कक्षाकोठाका भवन |
| मदन आश्रित प्राथमिक विद्यालय | २ कक्षाकोठाका भवन |
| पुष्पस्मृती प्राथमिक विद्यालय | २ कक्षाकोठाका भवन |
| किसान प्राथमिक विद्यालय | २ कक्षाकोठाका भवन |
| जनमार्ग माध्यमिक विद्यालय | ४ कक्षाकोठा २ वटा भवन र सभाहल |

यी विद्यालयमा भूईं बसाइको व्यस्थापन पनि गरिएको छ । निम्न आयश्रोत भएका वडाका करिब ४५ जना विद्यार्थीलाई पोशाक र झोला वितरण गरेको छ । जनमार्ग माध्यमिक विद्यालयमा कक्षा ३ सम्म अंग्रेजी माध्यमको शिक्षण गरिएको छ । अन्य विद्यालयमा शिशु कक्षादेखि अंग्रेजी शिक्षणको तयारी भएको छ ।

### कार्यालय व्यवस्थापन

साविकको सिलुवा गाविस रहेको कार्यालयबाट पूर्वखोला गाउँपालिका वडा नं. १ सिलुवाको सेवा सञ्चालन गरिएको छ । स्थानीय तह निर्माण भएपछि वडाका अधिकारहरू त्यही अनुसार बृद्धि भएका छन् । पुरानो कार्यालयबाट सेवा प्रदान गर्न कठिन भएका बेला जीर्ण भवनलाई मर्मत सम्भार गरेर हाल व्यवस्थित वडा कार्यालय बनाइएको छ । हाल सभाहल सहितको वडा कार्यालय बनेको छ । स्वास्थ्य चौकी, पशु विकास शाखा सहित एउटै कम्पाउण्डभित्र पर्ने गरी घेराबार र प्रवेशद्धार निर्माण गरिएको छ । वडाले हरेक बर्षको बजेट कार्यक्रमलाई स्वेतपत्र मार्फत सार्वजनिक गर्ने अभ्यास समेत गरेको छ ।

### सडक सञ्जाल विस्तार

वडाका सबै टोल र बस्तीसम्म सडक सञ्जाल पुऱ्याउने गरी आर्थिक बर्ष २०७४।०७५ बाटै सडकहरूको स्तरउन्नति र नयाँ ट्र्याक खोल्न बजेट विनियोजन गरिएको छ । ५ बर्षको अवधिमा लगभग सबै टोलसम्म सडक पुगेको छ । वडाको छिसमा पनि मोटर बाटो पुऱ्याउने योजना रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विभिन्न टोलटोलमा पदमार्ग निर्माण र सडक नाली व्यवस्थापन गर्ने काम समेत भएको छ । आर्थिक बर्ष २०७४।०७५ मा बैछाप लोस्दी सडकमा सबैभन्दा बढी ७ लाख रकम विनियोजन गरिएको थियो । दारसिंङ भञ्जाङ-देवन्दी-रेचे सडक ६ लाखमा स्तरउन्नति गरिएको थियो । यस बर्ष ९ वटा सडक योजना सञ्चालन गरिएको थियो ।



ढाक्रेबास-तामाखानी-सामुघा सडक

मनहरी गेझावारी जोड्ने मोटरबाटो, तामाखानी सामुधा जोड्ने मोटरबाटो लगायतका मोटरबाटो निर्माण आर्थिक बर्ष २०७५।०७६ मा गरिएको छ । आर्थिक बर्ष २०७५।०७६ मै दार्सिङ भञ्जाङ ढाक्रेवास-रिङनेरह मोटरबाटो १२ लाख लागतमा स्तरउन्नति गर्ने काम भएको थियो । हरेक बर्ष पुराना बाटोहरु मर्मत र स्तरउन्नति गर्नुका साथै नयाँ ट्रयाक खोलिएका छन् । आर्थिक बर्ष २०७६।०७७ मा पाङजुङ्-रेचे जोड्ने मोटरबाटोमा ३ लाख, शिरडाँडादेखि केङसदी हुदै वडा भवन जोड्ने मोटरबाटोमा ३ लाख सहित अन्य ११ वटा योजना सञ्चालन गरिएको थियो ।

**खानेपानीमा उल्लेख सुधार**

वडाका धेरै टोल र बस्तीहरुमा खानेपानी सुविधा पुगेको छ । स्थानीय सरकारले सामुहिक धारा भन्दा नयाँ बनेका योजनाहरुमा एक घर एक धाराको नीति अबलम्बन गरेको छ । वडाका बस्तीहरु डाँडा भेगमा रहेकाले ग्राभिटी योजना भन्दा पछिल्लो समय लिफ्ट खानेपानी योजनाहरु सञ्चालनमा रहेका छन् । केही खानेपानीको मर्मत तथा मुहान संरक्षण समेत गरिएको छ । पछिल्लो ५ बर्षको अवधिमा लोस्दी लिफ्ट खानेपानी योजना, जामकोट लिफ्ट खानेपानी योजना र माझकोट कैनिपानी लिफ्ट खानेपानी योजना सम्पन्न भएका छन् । वडा भित्र हालसम्म ३५० घरधुरीमा एक घर एक धाराबाट खानेपानी पुगेको छ । करिब १५० घरधुरीले भने सामुहिक धाराबाट पानी खाएका छन् । गाउँपालिका, प्रदेश सरकार, संघीय सरकार, गोर्खा वेयलफेयर ट्रष्टको संयुक्त प्रयासमा खानेपानीका योजना सञ्चालन भएका छन् ।

**वडामा सञ्चालित खानेपानी योजनाहरु**

| क्र.सं. | खानेपानी योजनाको नाम | घरधुरी |
|---|---|---|
| १ | लोस्दी सानो गल्धा लिफ्ट खानेपानी | ८५ घरधुरी |
| २ | मस्लाङ लिफ्ट खानेपानी योजना | ८० घरधुरी |
| ३ | जामकोट लिफ्ट खानेपानी योजना | ७० घरधुरी |
| ४ | बैछाप लिफ्ट खानेपानी योजना | ५० घरधुरी |
| ५ | जाम्दी लिफ्ट खानेपानी योजना | ९० घरधुरी |
| ६ | तल्लोथर लिफ्ट खानेपानी योजना | ४० घरधुरी |
| ७ | माझकोट कैनपानी लिफ्ट खानेपानी योजना | ३५ घरधुरी |
| ८ | पोखन्दी लिफ्ट खानेपानी योजना | ३०० घर परीवारलाई निर्माणाधीन प्रदेश सरकारबाट ५० लाख बजेट विनियोजन भएर काम भइरहेको छ । |

**पर्यटन विकास**

पर्यटन क्षेत्रको विकास गर्ने क्रममा सिलुवाकै ऐतिहासिक र धार्मिक महत्व बोकेको रूदे मण्डली चुरा बराजु मन्दिर क्षेत्रको संरक्षण गरिएको छ । आर्यभञ्जाङ्–रामपुर सडकखण्डबाट मन्दिरसम्म पुग्ने सडकको निर्माण, प्रवेशद्धार निर्माण, मन्दिरमा खानेपानी व्यवस्थापन, प्रतिक्षालय निर्माण र पुरानो मन्दिरलाईसम्म पुग्ने सिंढी निर्माण गरिएको छ । हात्तीलेक पर्यटन तथा छिस होमस्टे विकास गरिएको छ । हात्तीलेकको जैविक विविधता अध्ययन समेत गरिएको छ । नेवार जातिको संस्कृति प्रवर्द्धन र चापादी कालिका मन्दिर निर्माण लगायतका काम आर्थिक बर्ष २०७६।०७७ मा भएको थियो । त्यस्तै अकला देवी मन्दिर, गोलीपाटन थपना निर्माण, कोटघर, रेचे मनकामना मन्दिर र माझकोट भिमसेन मन्दिरको समेत संरक्षणको काम वडा कार्यालयबाट भएको छ ।






रूदे मण्डली चुरा बराजु


**वडामा प्राप्त बजेट विवरण आर्थिक बर्ष अनुसार**

| बिषय/आर्थिक बर्ष | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ |
|---|---|---|---|---|---|
| आर्थिक विकास | १४,६०,०००/- | ११,००,०००/- | ५,००,०००/- | ५,७०,०००/- | ३,६०,०००/- |
| भौतिक पूर्वाधार | ४३,३५,२००/- | २८,३५,०००/- | ३२,००,०००/- | ७१,००,०००/- | ६४,५५,०००/- |
| सामाजिक विकास | २६,०४,८००/- | २६,९०,०००/- | २७,००,०००/- | ६५,१०,०००/- | ४६,००,०००/- |
| सुशासनतर्फ | | | | १,००,०००/- | १,००,०००/- |
| केन्द्रिय बजेट | ४७,००,०००/- | ४३,००,०००/- | | ६०,००,०००/- | |

**वडामा निर्माण भएका अन्य पूर्वाधारहरु**

- आ.व. ०७५/०७६ मा लाम्दीखोलामा झोलुङ्गे पुल निर्माण ।
- टोलहरुमा आमा समूह भवन र प्रतिक्षालयहरु निर्माण गरिएको छ । साविकका सबै वडामा महिला सामुदायिक भवन र ३ वटा प्रतिक्षालय ५ बर्षको अवधिमा बनेका छन् ।
- वडाभित्र ७ वटा पक्की कुलो निर्माण भएका छन् । विरूवाखोला, ढाक्रेवास, ठुलोकुलो, अल्कीचौर, तामाखानी, सामुघा, तालखोला र डाँडेकुलो निर्माण भएका हुन् ।
- मण्डली स्पोर्टस खेल मैदान निर्माण गरिएको छ । यस खेल मैदानलाई २०७४।०७५ मा ५ लाख, २०७५।०७६ मा ४ लाख गरी हरेक बर्ष बजेट विनियोजन गरेर निर्माण गरिएको हो । यो वडाकै सुविधा सम्पन्न खेलमैदान बनेको छ । त्यस्तै मस्लाङ, सानो गल्धा र मझथरमा पनि खेल मैदान बनेका छन् ।
- माझकोटमा सार्वजनिक शौचालय निर्माण भएको छ । यो शौचालय निर्माण आर्थिक बर्ष २०७४।०७५ मा एक लाख बजेट विनियोजन गरेर सुरू गरिएको थियो ।
- आर्थिक बर्ष २०७४।०७५ मा मात्रै मदाने कुलो र ढाक्रेबास सहित ६ वटा सिंचाईका योजनाहरु सञ्चालन गरिएको थियो ।

*स्रोत : गिरमान आले, कार्यवाहक वडाध्यक्ष र हरि सिग्देल, पशु विकास शाखा*



हट्यो खरको छानो



बाख्राको आधुनिक खोर




मण्डली स्पोर्टस् क्लब खेल मैदान



भलिबल खेल मैदान



सामुदायिक भवन

# कृषि र सडक निर्माणमा प्राथमिकता



तरकारी उत्पादन क्षेत्र

## कृषि तथा पशुपालनमा जोड

यस वडामा व्यवसायिक तरकारी खेती, कागती, सुन्तला खेतीसहित किवी खेतीको सुरूवात गरिएको छ । ढोलीमारामाथि चुलीडाँडा जाने स्थानमा किवी खेती प्राविधिक हिसाबले हुने सम्भवना देखिएकाले करिब ८ सयभन्दा बढी विरूवा रोपण गरिएको छ । गतबर्ष देखि सुरू गरिएको किवीको १५ सय भन्दाबढी विरूवा रोपण गर्ने लक्ष्य छ । वडाभित्र करिब ४ सय ५० प्लाष्टिक टनेलभित्र तरकारी खेती गरेर किसानहरूले राम्रो आम्दानी गरेका छन् । सिंचाई पोखरीहरु १७ वटा जति बनेका छन् जसमा सिमेन्टका ४ वटा रहेका छन् । बर्षादको पानी संकलन गरेर तरकारी खेती गर्नेहरूको संख्या बर्षेनी बढेको छ । राक्से, छाप्दीमा सुन्तला

पकेट क्षेत्र विस्तार गर्न सुन्तलाका विरूवाहरू रोपण गरिएको छ । मैदान क्षेत्रलाई कागती पकेट क्षेत्र बनाउने उद्देश्यले ४ हजार कागतीको विरूवा रोपण गरिएको छ । कृषि पेशालाई आधुनिकीकरण गर्न र कम लागतमा बढी उत्पादन लिन वडाभित्र ४५ वटा हातेट्क्याटर वितरण गरिएको छ । कुटानी पिसानीका लागि ५ वटा मेशिन समेत वितरण भएको छ ।

कृषि पेशालाई प्रवर्द्धन गर्नका लागि चापुघाट सिंचाई, बर्मुखोला कुखुरे मुलकुलो, लियाले सिंचाई आर्गीडाँडा, बासटारी खैरेनी कुलो, खैरेनी तल्लो कुलो निर्माण तथा मर्मत गरिएको छ ।

जल्पा बाख्रापालनका लागि निकै उत्तम क्षेत्र पर्दछ । पोसिलो घाँस र चरनक्षेत्र भएकाले यहाँका धेरै कृषकहरूले बाख्रापालनबाट मनग्य आम्दानी गरेका छन् । वडाभित्र १ सय ६० भन्दा बढी आधुनिक बाख्राका खोर निर्माण भएका छन् । कृषकहरूले ७ हजारदेखि ५० हजारसम्म खर्च गरेर आधुनिक खोर निर्माण गरेका हुन् । मैदानमा स्मार्ट कृषि गाउँ कार्यक्रमअर्न्तगत बाख्रापालन गरिएको छ । यहाँका ८० घरले आधुनिक खोर निर्माण गरेर बाख्रापालन गरेका छन् । वडाभित्र १२ वटा वोयर जातको बोका वितरण गरेर नस्ल सुधारको प्रयास थालिएको छ । नस्ल सुधारकै लागि १ सय ५० बाख्राको बीउ पाठीहरू वितरण गरिएको छ । बाख्रा मात्रै होइन जल्पाको अर्को सम्भावना भएको पशुपालनको क्षेत्र वंगुरपालन पनि हो । बंगुरपालन बृद्धि गर्नका लागि ८ घर परिवारलाई ५ वटा माऊ पाल्ने गरी पाठापाठी वितरण गरिएको छ । प्रति परीवारलाई ५० हजारको दरले अनुदान दिइएको हो । विस्तारै गाउँ गाउँमा बंगुरपालन व्यवसाय फस्टाउन थालेको छ । दुध उत्पादन र बजारीकरणको सम्भावना भएको खैरेनीमा क्षेत्रमा भैंसीपालनमा वडाले अनुदान दिएको छ । कम्तीमा ५ वटा भैंसी पाल्ने घरपरीवारलाई लागतको ५० प्रतिशत अनुदान दिइएको छ । जसबाट भकारो सुधार, घाँस खेती, उपकरण खरिद र भैंसी खरिद गरेका छन् ।

## पर्यटन प्रवर्द्धन

जल्पाको अग्लो डाँडा चुलीडाँडामा पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ । यहाँसम्म पुग्ने मोटरबाटो बनाइएको छ भने डाँडामा भ्यूटावर, बस्ने प्रतिक्षालय, पिङ र फोटो खिच्ने स्थान लगायतका पूर्वाधारहरू निर्माण गरिएको छ । यस क्षेत्रमा डिभिजन वन कार्यालय पाल्पाको सहकार्यमा अम्लिसो रोपण र संरचनाहरू निर्माण गरेर पर्यापर्यटनको विकास गर्न खोजिएको छ । करिब १२ लाख पाँच बर्षको अवधिमा चुलीडाँडा विकासमा खर्च भएको छ ।

त्यस्तै जल्पाको अर्को महत्वपूर्ण गन्तव्य खाँडदेवी गुफाको पनि संरक्षण गरिएको छ । प्रतिक्षलय, गुफासम्म पुग्ने बाटोमा सिंडी निर्माण र गुफा प्रवेशद्वार लगायतका संरचना निर्माण भएको छ । यहाँ हालसम्म ४ लाख ५० हजारभन्दा



चुलीडाँडा

बढी खर्च भएको छ । मादले गुफा पनि जल्पाका अर्को गन्तव्य हो । गुफासम्म पुग्ने बाटो सहित आवश्यक पूर्वाधार निर्माण र चिडियाघर संरक्षण गरिएको छ । प्राकृतिक आकृतिले निकै रमणीय रहेको यहाँ प्रवेशद्वार, वरिपरि कम्पाउण्ड, प्रतिक्षलय र खानेपानी व्यवस्थापन गरिएको छ । सल्लेनी वनभोज क्षेत्रलाई थप व्यवस्थित गरिएको छ । खानेपानीको व्यवस्थापन सहित वनभोजका लागि ट्रस निर्माण गरिएको छ । अर्को पर्यटकीय स्थल मैदान क्षेत्रमा अम्लिसो र कागतीका विरूवा रोपण गरेर पर्यापर्यटन विकास गर्न खोजिएको छ । मगर संस्कृतिले धनी जल्पामा पुग्ने पाहुनाहरूलाई राख्न मदन आश्रित पाहुना घर निर्माण भएको छ । दुईतले भवनमा तल सभाहल र माथि पाहुना बस्ने कोठाहरु बनाइएको छ ।

**शिक्षामा पूर्वाधार विकास**

पालिकाले संस्थागत विद्यालय सामुदायिक विद्यालयमा समायोजन गर्ने उद्देश्यले गरिएको समायोजन कार्यका वडाभित्रका २ वटा विद्यालय पनि समायोजन भएका छन् । माउण्ट भ्याली बोडिङ्ग शम्भु माध्यमिक विद्यालयमा र सरस्वती बोडिङ्ग सरस्वती माध्यमिक विद्यालयमा समायोजन भएका हुन् । ३ वटा विद्यालयमा राष्ट्रिय भूकम्प पुननिर्माण प्राधिकरणबाट नयाँ भवन निर्माण भएका छन् । विद्यालयको शैक्षिक सुधारका साथै भौतिक अवस्था सुधार समेत यो ५ बर्षको अवधिमा भएका छन् । कमला प्राथमिक आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय लगायत ४ वटामा कम्पाण्ड वाल, घेरावार, ब्लक विच्छाउने, रंगरोगन र खानेपानीको व्यवस्था गर्ने काम भएको छ । नियमित रूपमा शिक्षक अभिभावक बीच छलफल र अन्तरक्रिया गरेर शैक्षिक सुधारको प्रयास गरिएको छ ।

शिक्षक अभिभावकलाई अभिमुखीकरण गरेर शिक्षाको गुणस्तर सुधारमा पहल गरिएको छ । वडाभित्र पढ्ने ६० जना विद्यार्थीहरूलाई झोला र ड्रेस वितरण गरिएको छ ।



विज्ञान प्रयोगशाला, शम्भु मा.वि.

**स्वास्थ्यमा उल्लेख्य सुधार**

जल्पा स्वास्थ्य चौकीलाई पुरानो स्थानबाट सारेर माथि सडक छेऊ वा यातायातको पहुँच भएको स्थानमा राखिएको छ । नयाँ भवनको व्यवस्थापनसँगै स्वास्थ्य चौकीमा प्रसुती सेवा, ल्याव सेवा र अन्य सुविधाहरु थप गरिएको छ । स्वास्थ्यकर्मीहरु दरबन्दी समेत पूर्ण भएकाले स्वास्थ्य सेवाको उल्लेख्य सुधार भएको छ । पूर्ण संस्थागत सुत्केरी सुनिश्चित घोषणा भएको छ । टोल टोलमा गाउँघर क्लिनिकबाट सेवा प्रदान भएको छ । टोलटोलमा महिला स्वंयसेविकाहरु परिचालन गरिएको छ । बालविवाह न्यूनिकरणका प्रयास भएका छन् । वडाभित्र आयुर्वेदिक औषधालय स्थापना गरेर आयुर्वेद उपचार सेवा समेत प्रदान गरिएको छ ।

**युवा तथा खेलकुद**

स्थानीय तहको निर्वाचन पश्चात यस वडाभित्र ७ वटा खेलमैदान निर्माण भएको छ । यी खेलमैदानमा बिषेशगरी भलिवल प्रतियोगिताहरु नियमित रुपमा हुने गर्दछन् । साकिने बघेला, साठीकोल, मैदान, माथिल्लो झेरुदी, शम्भु माध्यमिक विद्यालय बाहिरको मिनी फुटवल मैदान, ढोलीमारा र बर्मु खेल मैदान निर्माण र स्तरउन्नति भएका छन् । खेल मैदानहरुको स्तरउन्नति, घेरावार गरेर खेलकुदको विकासमा वडाभित्र गतिविधि सञ्चालन गर्ने बानीको विकास गरिएको छ । ६० लाख लागतमा बहुउद्देश्यीय खेल मैदान निर्माणाधीन रहेको छ ।



जल्पा बहुउद्देश्यीय खेल मैदान

## मोटरबाटोमा उल्लेख्य प्रगति

मोटरबाटोका नयाँ ट्र्याक खोल्ने कार्यलाई वडाले पहिलो प्राथमिकतामा राखेको थियो । मैदान भञ्जाङ-साठीकोलसम्म जोड्ने वडाको सबैभन्दा ठूलो मोटरबाटो योजनाभित्र पर्दछ । मोटरबाटोमा २०७५।०७६ बाट बर्षेनी काम भएको छ । यहाँ एक करोड भन्दा बढी बजेट खर्च भएको छ । टोल र बस्तीसम्म मोटरबाटो पुऱ्याउने उद्देश्यले धेरै गाउँमा मोटरबाटो ५ बर्षको अवधिमा पुगेका छन् ।

## वडामा खुलेका नयाँ ट्र्याकहरु

| क.सं. | सडकको नाम | किलोमिटर |
|---|---|---|
| १ | पल्लोभञ्जाङ-खान्टुखोला मोटरबाटो (कृषि सडक) | ४ किलोमिटर |
| २ | मैदानपधेरा-तल्लो टोल मोटरबाटो | १.५ किलोमिटर |
| ३ | छाप्दी-धापडाँडा मोटरबाटो | १.५ किलोमिटर |
| ४ | ढोलीमारा-चुलीडाँडापर्यटकीय मार्ग | १.५ किलोमिटर |
| ५ | साकिने-सुखौरा मोटरबाटो | ३ किलोमिटर |
| ६ | बेतनी-आर्गीडाँडा | १ किलोमिटर |
| ७ | जल्पा बरेबन्दी-गैराथोक | १ किलोमिटर |
| ८ | चिडियाघर-मादले गुफा | १ किलोमिटर |
| ९ | जल्पा-अधमारा-खैरेनी | २ किलोमिटर |

वडा भित्र नयाँ ट्र्याक अतिरिक्त चलिरहेका सडकहरुको स्तरउन्नति पनि भएका छन् । पालिका र प्रदेश सरकारको बजेटबाट जल्पाको मेरूदण्ड हुमिन-देवीनगर-जल्पा हुदै मैदानसम्मको सडक स्तरउन्नति भएको छ । जल्पा-साकिने २ किलोमिटर, जल्पा-तल्लोझेरुदी-लाबे २.५ किलोमिटर, जल्पा-बर्मुछाप्दी-पूर्वखोला ५.५ किलोमिटर सडक स्तरउन्नति भएका छन् । जल्पा-बर्मुछाप्दी-पूर्वखोला सडकमा ७२ लाख लागतमा चौडा गर्ने, टेवापर्खाल लगाउने र नाली बनाउने काम भएको थियो ।

## सामुदायिक भवन

वडाभित्र ६ वटा सामुदायिक भवन निर्माण भएका छन् । बघेला सामुदायिक भवन, मैदान सामुदायिक भवन, विन्दबासिनी सामुदायिक भवन, माथिल्लो झेरुदी सामुदायिक भवन, ढोलीमारा सामुदायिक भवन र



सामुदायिक भवन



खाँणदेवी गुफा

बर्मु सामुदायिक भवन निर्माण भएका छन् । ढोलीमाराको सामुदायिक भवन अम्लिसोको कुचो संकलन भवनको रूपमा पनि परिचित छ । सामुदायिक भवनहरु निर्माण भएसँगै समूह, सहकारी र स्थानीय आमा समूहका बैठक भेला गर्न सहज भएको छ ।

**खानेपानी तथा सरसफाइ**

वडाभित्र एक घर एक धाराको अभियान सुरू भएको छ । गोर्खा वेयलफेयर ट्रष्टको तथ्याङ्क अनुसार ६ सय ५५ घरपरीवारमध्ये ४ सय ७४ घरपरीवारले खानेपानीको सहज सुविधा पाएको देखिन्छ । एक घर एक धारा अभियान वडा सहित पालिका, प्रदेश सरकार, संघीय सरकार र गोर्खा वेयलफेयर ट्रष्टमार्फत खानेपानीका योजनाहरु सञ्चालित छन् । आर्थिक बर्ष २०७५।०७६ मा छाब्दी खानेपानी र दिशुवा कुवा मर्मत गरिएको थियो ।

४ सय घरपरीवारमा एक घर एक धारा पुगेको छ । लाबे खैरेनी खानेपानीबाट ८० घरपरीवार, साठीकोल लिफ्ट खानेपानीबाट ६५ घरपरीवार र झेरूदी खानेपानीबाट ४२ घरपरीवारलाई नयाँ योजना सञ्चालन गरेर खानेपानी सुविधा दिइएको छ । तल्लो झेरूदी खानेपानी र द्रदा लाबे खानेपानी योजनामा गोर्खा वेयलफेयर ट्रष्टमार्फत काम भइरहेको छ । तथ्यांक संकलन, खानेपानी लागत अनुमान सहित पूर्वाधार निर्माणको काम अगाडि बढेको छ ।

**अन्य कार्यक्रमहरु**

| क.सं. | बिषय | उपलब्धीहरु |
|---|---|---|
| १ | काठेपोल विस्थापन | २ सय ३१ काठे पोलको स्थानमा स्टिल पोल राखियो । |
| २ | खरको छाना हटाउने | ८२ घरमा टिनको छाना राखियो अझै १०७ घर बाँकि रहेको छ । |
| ३ | भूकम्पबाट पुननिर्माण | ४४ नीजि आवास र शम्भु माध्यमिक विद्यालय, सरस्वती माध्यमिक विद्यालय र कमला आधारभूत विद्यलायमा ४ कोठे भवन निर्माण । |
| ४ | सडक सोलार बत्ती | साठीकोल, टोक्जा र वडा कार्यालयमा सोलारबत्ती राखियो । |
| ५ | सञ्चार सुविधा | सञ्चार सेवा नपुगेका स्थानमा नेपाल टेलिकमको समन्वयमा रिपिटर टावर राखियो । |
| ६ | रिचार्ज पोखरी | चुलीडाँडा, झेरूदी र ढोलीमारा एक एक पोखरी निर्माण |
| ७ | आरन सुधार कार्यक्रम | आरन सुधारका लागि वडाभित्रका ३ जनालाई ५० हजारको दरले अनुदान प्रदान । |
| ८ | क्षमता विकास तालिम | प्लम्बर तालिम ५ जना, हाउस वायरिङ २५ जना, सिकर्मी डकर्मी १६ जना, सिलाइकटाइ ५० जना र सिलाइकटाइ एड्भान्स २५ जनालाई तालिम प्रदान । |
| ७ | ढल व्यवस्थापन | आर्थिक बर्ष २०७७।०७८ मा जल्पा बजार क्षेत्रमा ढल व्यवस्थापन गरिएको छ । |

*स्रोत : निर बहादुर सारु, वडाध्यक्ष र भोज बहादुर राना वडा सचिव*



जल्पा-साठीकोल सडक



किवी खेती

# सिंचाई सुविधा बृद्धिमा वडाको ध्यान



सिंचाइ कुलो

**कृषि र पशुपालन**

रिङनेरह क्षेत्र कृषि उत्पादनका हिसाबले उर्वर भूमि रहेको छ । यहाँ धान, मकैं, गहुँ खाद्यान्नबालीका अतिरिक्त नगदेवाली, आलुसहितका तरकारी खेतीको राम्रो सम्भावना देखिन्छ । धान र मकैं उत्पादनमा बृद्धि गर्न उन्नत जातको बीउ वितरण कार्यक्रमलाई वडाले प्राथमिकतामा राखेको थियो । २ सय घर परीवारलाई बीउ वितरण गरिएको थियो । कृषकहरूको माग अनुसार बीउ वितरण गरिएको हो । घर घरबाट तरकारी उत्पादन गर्ने उद्देश्यले ५ सय ५० घरधुरीमा करेसाबारी कार्यक्रम सञ्चालन गरिएको थियो । कृषि पेशालाई आधुनिकीकरण गर्दै उत्पादन लागत कम गर्नका लागि मिनिटिलर २७ वटा वितरण गरिएको थियो । रिङनेरहमा

सामूहिक पशुपालन व्यवसाय पनि फस्टाएको छ । रोङढेंङ्गमा सामूहिक पशुपालन गरिएको छ । वडाभित्र विस्तारै व्यवसायिक पशुपालन व्यवसाय फस्टाउन थालेको छ । हाल ७० जना भन्दा बढी कृषकहरूले व्यवसायिक कृषि र पशुपालन गरेका छन् । वडामा भैंसीपालन ७ जना, बाखापालन, कुखुरापालन र बंगुरपालन ४० परिवारले गरेका छन् । पशुपालन व्यवसाय धेरैको आम्दानीको मुख्य स्रोत बनेको छ ।

**सिंचाईमा उल्लेख्य प्रगति**

वडा नं. ३ भित्र सबैभन्दा महत्वपूर्ण योजनाको रूपमा सिंचाई अर्थात् कुलो निर्माणको योजना रहेका छन् । ५ बर्ष अवधीमा ५५ सय मिटर नयाँ कुलोहरु बनेका छन् । कुलोहरु बनेपछि ३०० घरधुरीका १७ सय रोपनी खेतमा सिंचाई सुविधा पुगेको छ । सिंचाई योजनाहरु २०७४।०७५ बाट हरेक आर्थिक बर्ष सञ्चालन भएका छन् । रिङनेहरमा १५ वटा भन्दा बढी फाँटमा सिंचाई कुलोहरु बनेका छन् । सिंचाई सुविधा पुगेपछि व्यवसायिक तरकारी खेती फस्टाएको छ । कुलोहरु निर्माण भएपछि सिंचाई पानीकै कारणले समुदायमा हुने विवाद समेत कम भएका छन् ।

**पर्यटन प्रवर्द्धन**

वडाभित्र रहेको ऐतिहासिक र धार्मिक स्थल लोकेश्वर महादेव मन्दिरको संरक्षण र विकास गरिएको छ । हिन्दुधर्मालम्बीको आस्थाको केन्द्र महादेव मन्दिरमा विश्रामस्थल, भजन मण्डली, वाचन कक्ष, कम्पाउण्ड वाल र खानेपानी व्यवस्थापन गरिएको छ । माहदेव मन्दिरमा २०७५ सालदेखि २०७८ सम्म १० लाख जति खर्च गरेर मन्दिरको संरचनाहरु बनाइएको छ । यस्तैगरी वडाभित्र रहेको स्यालेघागी पार्क निर्माण गरिएको छ । २०७७।०७८ मा एक लाख बजेट विनियोजन गरेर पार्कको संरक्षण गरिएको हो ।

**शिक्षामा सुधार**

वडाभित्रका ४ वटा विद्यालयहरूमा घेराबार, रंगरोगन सहितका पूर्वाधार स्तरउन्नति गर्ने कार्य भएको छ । विद्यार्थीलाई धुलो र हिलोबाट बचाउन ३ वटा विद्यालयहरूमा प्राङ्गड ढलान गरिएको छ । विद्यालयहरु भुई बसाई व्यवस्थापन, फर्निचर र कम्प्यूटर सहयोगसंगै सबै विद्यालयहरूमा विद्युतीय हाजिरी मेशिनको प्रयोग



ल्याइएको छ । राष्ट्रिय भूकम्प पुननिर्माण प्राधिकरणमार्फत ३ वटा विद्यालयमा नयाँ भवन निर्माण भएका छन् । वडाभित्रका विपन्न परिवारका ९० विद्यार्थीहरूलाई पोशाक वितरण छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट वडा नं. ३ को वाराही प्राथमिक विद्यालयको भौतिक संरचना सुधार गर्न लागिएको छ ।

**स्वास्थ्यमा उल्लेख सुधार**

हाल वडा कार्यालयमा सञ्चालन भएको रिङनेरह स्वास्थ्य चौकीको नयाँ भवन बनेसंगै वडाभित्र स्वास्थ्य सेवामा उल्लेख्य सुधार भएको छ । नयाँ भवनबाट स्वास्थ्य सेवा बृद्धि गर्ने क्रममा प्रसुति सेवा, ल्याव सेवा, सुरक्षित गर्भपतन सेवा सञ्चालन भएको छ । यस आर्थिक बर्षमा भिडियो एक्सरे सेवा पनि सञ्चालनमा आएको छ । स्वास्थ्यका सूचकहरु पूर्णखोप सुनिश्चित, पूर्ण संस्थागत सुत्केरी सुनिश्चित र पूर्णसरसफाइ उन्मुख वडा बनेको छ । स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्न अर्खलडाँडामा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको छ ।

**खानेपानी तथा सरसफाइ**

वडाभित्र ३ सय घरधुरीमा एक घर एक धारा जडान भएको छ । अब २ सय ५० घरधुरीमा एक घर एक धारा बनाउनका लागि विभिन्न खानेपानी योजनाहरु सञ्चालनमा रहेका छन् । तल्लाफाँट खानेपानी योजना, र अतिनडाँडा खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेका छन् ।

| क.सं. | योजनाको नाम | घरधुरी र सहयोग | आर्थिक बर्ष |
|---|---|---|---|
| १ | द्धारीगौडा खानेपानी योजना | ५० घरधुरी (गोर्खा वेयलफेयर) | २०७५।०७६ |
| २ | रोङढेङ्ग देउराली लिफ्ट खानेपानी | ६० घरधुरी (फनवोर्ड) | २०७५।०७६ |

**सडक सञ्जाल विस्तार**

पालिकाकै दुई प्रमुख सडक सहित अन्य टोल र बस्तीमा पुग्ने सडकहरूको स्तरउन्नति भएका छन् । हुमिन-रिङनेरह-ज्यामिरे सडक वडाकै महत्वपूर्ण सडक हो । जुन पालिकाको मुख्य पहुँच मार्ग हो । यो सडक प्रदेश सरकारबाट स्तरउन्नति र कालोपत्रे गर्न काम भइरहेको छ । पालिका केन्द्र विर्ताबजार क्षेत्रमा करिब ५ सय ८० मिटर कालोपत्रे गरिएको छ । त्यस्तै वडाको अर्को मुख्य सडक खल्टुक भञ्जाङ-विर्ताबजार जोड्ने सडक पनि स्तरउन्नति भएको छ । वडाका सबै टोल र बस्तीसम्म मोटरबाटो पुगेका छन् ।



कालोपत्रे सडक

**अन्य कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धीहरु |
|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | हरेक टोलमा एक भवन हुने गरी वडा भित्र ९ स्थानमा सामुदायिक भवन निर्माण । |
| २ | खरको छाना हटाउन | २७ वटा घरमा टिनको छाना राखियो । |
| ३ | काठको पोल विस्थापन | वडा भित्र ३१ वटा स्टिल पोल राखिएको छ । लगभग सबै वस्तीमा काठको पोल विस्थापन भएको छ । वडाका सबै घुरधुरीमा राष्ट्रिय प्रसारण लाईन विद्युत सेवा उपलब्ध छ । |
| ४ | सडक सोलार बत्ती | वडा कार्यालय र बजार क्षेत्र र चोकमा गरी सोलार बत्ती ९ वटा राखियो । |
| ५ | ट्रसपुल निर्माण | आर्थिक बर्ष २०७८।०७९ मा ४० लाख लगानीमा विर्ताकोलडाँडा ट्रसपुल निर्माण |
| ६ | स्वास्थ्य बीमा | ९० घर दलित घरपरीवारलाई ५० प्रतिशत र अति विपन्न १५ घरपरीवारलाई शतप्रतिशत स्वास्थ्य बीमा प्रिमियम प्रदान गरेर स्वास्थ्य बीमा गर्न प्रोत्साहन गरिएको छ । आर्थिक बर्ष २०७४।०७५बाट निरन्तर रहेको छ । |
| ७ | क्षमता विकास तालिम | ४५ जना डकर्मी सिकर्मी, १८ जना हाउस वायरिङ, १० जना सिलाइ कटाइ, १० जना पछ्यौरा बुनाइ तालिम पाएका छन् । |
| ८ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ४५ जनाले न्यूनतम १०० दिनको रोजगारी पाएका छन् । |
| ९ | रिङनेरह पार्क | रिङनेरह पार्कमा कम्पाउण्डसहित तटबन्ध गर्ने काम भएको छ । २०७५।०७६ देखि निर्माण थालिएको पार्कमा २०७७।०७८ सम्म २७ लाख बजेट परिचालन भएको छ । नदी नियन्त्रण कार्यक्रम अन्तर्गत पार्क निर्माण भइरहेको छ । |
| १० | खेलकुद कार्यक्रम | अन्तरटोल खेलकुद कार्यक्रम गर्ने गरिएको छ । पुरूष र महिला भलिवल खेल सञ्चालन गरिएको छ । वडामा बुहारी खेलकुद कार्यक्रम पनि सञ्चालन गरियो । |

*स्रोत : निलकण्ठ भट्टराई, वडाध्यक्ष*



तटबन्धन सहित खेल मैदान






ग्राभेल सडक



झोला बुन्दै

# देवीनगरमा विकासको लहर



मंगला सिंचाई योजना

## पृष्ठभूमि

कुनैपनि स्थानीय तह सञ्चालन गर्न आन्तरिक आम्दानी स्रोतको महत्वपूर्ण भूमिका रहन्छ । सिमित स्रोत साधनका बावजुद स्थानीय समुदायको सहभागिताले विकासको गति सन्तोषजनक तरिकाले अगाडि बढ्ने मान्न सकिन्छ । पूर्वखोला गाउँपालिका वडा नं. ४, देवीनगरले आफ्नो कार्यवधी २०७४-०७८ भित्र भएका विकास गतिविधिलाई लिपिबद्ध गर्न र निर्वाचनका बेला मतदाता सामु गरिएका प्रतिबद्धताको कार्यान्वयनको यथार्थता सार्वजनिकीकरण गर्ने उद्देश्यले विकास प्रतिवेदन तयार गरिएको छ ।

## कृषि र पशुपंक्षी विकास

व्यवसायिक कृषि र पशुपंक्षी विकासका क्षेत्रमा निम्न लिखित प्रगति भएको छ ।

- प्रदेश सरकारको व्यवसायिक कृषि बजार व्यवस्था सहयोग अन्तर्गत हाटबजार भवन निर्माण ।
- गाउँपालिका, कृषक समूह समन्वय समिति र महिला कृषि सहकारी मार्फत वडामा ५३ वटा मिनिटिलर वितरण र दुई जनालाई एक हप्ते मिनिटिलर मर्मत तालिम प्रदान ।
- गाउँपालिका र हेफर इन्टरनेशनल नेपाल एवम् समाज उत्थान सहयोग केन्द्र, नेपालको सहजीकरणमा व्यवसायिक कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम सञ्चालन ।
- गाउँपालिकाबाट बेसर्घा र बलिपोखरामा व्यवसायिक बाख्रापालन कार्यक्रम सञ्चालन भएको छ । देवीनगर महिला कृषि सहकारी संस्था लि. र जनजागृती स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्थाको सहकार्यमा विभिन्न व्यवसायिक कृषि तथा पशु सम्बन्धी कार्यहरु सञ्चालन ।
- बलिपोखरा टोललाई टिमुर खेती पकेटको रुपमा विकास गरी टिमुर बिरूवा रोपण, मोहकाल, सिमल्दी र बलिपोखराको तल्लो बेल्टमा सुन्तला कागती र लेमधेमलाई मकै बीउ उत्पादन हवको रूपमा विकास गर्न कार्य भएको छ ।

## सामुदायिक भवन

देवीनगरका साविक नौ वडाहरुमा सामुदायिक भवन निर्माण गर्ने काम पूरा भएको छ । जसले सामूहिक भाडा लगायत टोल विकास संस्थाहरुको खातापाता राख्न सहज भएको छ । समुदाय तहमा गरिने छलफल बैठक व्यवस्थापन गर्न सहज भएको छ । चालु आर्थिक बर्षमा प्रदेश सरकारको बजेटबाट सामुदायिक भवनहरुका लागि आवश्यक फर्निचर व्यवस्थापन गर्न थालिएको छ ।

## लक्षित बर्ग भवन

देवीनगर वडा कार्यालय परिसरमा लक्षित बर्गको बजेटबाट एक भवन निर्माण तथा थप तल्ला बिस्तार गरिएको छ । यस भवनको पहिलो तल्लामा स्वास्थ्य चौकी अन्तर्गत सुत्केरी सेवा र प्रयोगशाला सञ्चालन गरिएको छ । माथिल्लो तल्लामा महिला कृषि सहकारीको कार्यालय सञ्चलनमा रहेको छ ।



काफलडाँडा सामुदायिक भवन

## खेल मैदान

यस वडाका साविक नौं वडाहरुमा भलिबल खेलमैदान निर्माण तथा तार जाली व्यवस्थापन गरिएको छ । युवाहरुका लागि खेलकुद अभ्यासमा सहज भएको छ । युवाहरु बीच मैत्रीपूर्ण खेल तथा व्यवहार गर्न सहयोग पुगेको छ ।

### सामुदायिक प्रतिक्षालय



देवीनगरको ठाँटीगौंडा, लेमधेम स्वामी चौपारी, सिमल्दी रातामाटा, बलिपोखरा व्याङडाँडा, बलिपोखरा धेमडाँडा, काफलडाँडा खाउभन्ज्याङ, चिर्तुङ बेसारडाँडा, मोहकाल नाचनडाँडा, मोहकाल सनमन्नी डाँडा गरी नौ स्थानमा ट्रष्ट प्रतिक्षालय निर्माण गरिएको छ । देवीनगर बजार तथा राँघुभन्ज्याङमा पक्की प्रतिक्षालय निर्माण भई विश्रामस्थलको व्यवस्था भएको छ ।

### पथप्रदर्शन तथा वस्ती पहिचान होर्डिङ बोर्ड

पछिल्ला समयमा टोल तथा बस्ती जोड्ने बाटोहरूको विकाससँगै नव आगन्तुकहरूलाई दोबाटोहरूमा अलमल हुने भएकाले यस्ता चोकहरूमा पथप्रदर्शन तथा बस्ती पहिचान होर्डिङ बोर्डहरु राखिएको छ । दोबाटोमा अलमल हुने र सोधपुछका लागि मान्छे नभेटिने समस्यालाई मध्यनजर गर्दै वडाले पथप्रदर्शन होर्डिङ वोर्ड १५ स्थान र बस्ती पहिचान वोर्ड १५ स्थानमा राखेको हो ।

### बस्ती क्षेत्रका सडक ढलान



मंगला बजार

देवीनगरको मंगला बजारबस्ती, मोहकाल कुसुमबारी र लेमधेम जाने सडकहरु ढालन गरिएको छ । अप्ठयारा स्थानहरूमा ढलान गरेपछि यातायात सञ्चालनमा सहज भएको छ । देवीनगर बजारको लेमधेम तर्फको भाग बर्षादको समयमा जमिन चर्केर भाँसिने अवस्थामा रहेकोले सो स्थानमा ढलान गरेर बजार र बस्ती संरक्षण गरिएको छ ।

### छानो विस्थापन

पूर्वखोला गाउँपालिकाको फुस/खरको छानो विस्थापन नीति अनुसार देवीनगरमा यस अवधिमा ५२ घरधुरी खरको छानो विस्थापन गरिएको छ । सुरूको बर्षमा पालिका र पछिल्ला बर्षमा संघीय सरकारबाट खरको छाना विस्थापनमा बजेट व्यवस्था गरिएको थियो । वडाको तथ्याङ्कअनुसार अब १८ घरधुरी मात्र खरको छानो रहेकोले त्यसलाई समेत बजेट व्यवस्था गरेर हटाइने योजना छ ।

### सडक सञ्जाल

यस अवधिमा देवीनगरमा १४ वटा सडकहरूको नयाँ ट्र्याक, स्तरउन्नति र नाली व्यवस्थापनको काम भएको छ सडक सञ्जालको विकासले स्थानीय उत्पादनहरूको बजारीकरण र यातायात सञ्चालनमा सहज भएको छ ।

| क्र.स. | सडकको नाम | जोडिने मुख्य स्थान र बस्तीहरु | भएका कार्यहरु |
|---|---|---|---|
| १ | पूर्वखोला मार्ग | देवीनगर-बलिपोखरा-माझीडाँडा मोहकाल-ढाकेबास | स्तरउन्नति र नाली |
| २ | मोहकाल पथ | तल्लो मोहकाल-माथिल्लो मोहकाल-तल्लो झेरूदी | स्तरउन्नति, ढलान र नाली |
| ३ | सिमल्दी पथ | देवीनगर-सिमल्दी | स्तरउन्नति र नाली |
| ४ | भानुमाता रिङरोड | देवीनगर-बलिपोखरा हटिया-खुर्सानीडाँडा-खिर्राभन्ज्याङ देवीनगर | स्तरउन्नति र नाली |
| ५ | बलिपोखरा पथ | घरङ्गा-राँघुभन्ज्याङ | स्तरउन्नति र नाली |
| ६ | छापडाँडा पथ | बलिपोखरा, छापडाँडा, मोहकाल | नयाँ ट्र्याक |
| ७ | मास्टर हर्षमान मार्ग | देवीनगर-माथील्लो लेमधेम-तल्लो लेमधेम | स्तरउन्नति, ढलान र नाली |
| ८ | लेमधेम-उडडाँडा मार्ग | ठाँटीगौडा-तल्लो लेमधेम-उडडाँडा, मुन्टुङ | स्तरउन्नति |
| ९ | सोमदिप-उडडाँडा पथ | देनीनगर-सोमदिप-उडडँडा-मकले | स्तरउन्नति र नाली |
| १०, | समानसिं-धापखोला पथ | काफलडाँडा-समानसिं-धापखोला झ्यामिरे | नयाँ ट्र्याक, स्तर उन्नति र नाली |
| ११ | झरझरे पथ | चिर्तुङ-झरझरे-बलिपोखरा | नयाँ ट्र्याक |
| १२ | मुन्टुङ, केरौली मार्ग | काफलडाँडा-मुन्टुङ-केरौली | स्तरउन्नति र नाली |
| १३ | खर्तुङखोला पथ | काफलडाँडा-खर्तङखोला | नयाँ ट्र्याक र स्तर उन्नति |
| १४ | बेसर्घा पथ | राँघुभन्ज्याङ-बेसर्घा | स्तरउन्नति, नयाँ ट्र्याक र नाली |

*स्रोत : वडा कार्यालय*

**उज्यालो पूर्वखोला अन्तर्गत सोलार बत्ती जडान**

उज्यालो पूर्वखोला कार्यक्रम अन्तर्गत यस वडाका ९ स्थानमा स्वचालित सोलार सडक बत्ती जडान गरिएको छ । चेवा, देवीनगर, वडा कार्यालय/बर्थिङ सेन्टर, बेसर्घा पोखराभन्ज्याङ, बलिपोखरा हटिया बजार र काफलडाँडामा सोलारबत्ती जडान गरिएको छ । देविनगरमा ४ वटा र अन्य स्थानमा एक एकवटा सोलारबत्ती जडान गरिएको थियो ।

**पक्की पुल र झोलुङ्गे पुल**

देवीनगरको सिमल्दी खोला पक्की पुलको विस्तृत सम्भाव्यता अध्ययन कार्य सकिएको छ । लाईखोला झोलुङ्गे पुल बनाउने योजना छ । मंगला-डोडखोला झोलुङ्गे पुल, आर्थिक बर्ष २०७६/७७ मा प्रदेश सरकार सहयोगबाट २८ मिटर लम्बाईको सिमल्दी घोर्लिखरक घाट ट्रष्ट पुल र चेवा डोडखोला पक्की पुल निर्माण भएका छन् ।

**निर्माणाधीन अवस्थामा रहेका अन्य ठूला योजनाहरु**

- हुमिन-खिर्र्भन्ज्याङ-पुर्वखोला मोटरबाटो स्तरउन्नति र कालोपत्रे
- हुमिन-देवीनगर-जल्पा मोटरबाटो स्तरउन्नति र कालोपत्रे
- देवीनगर बजार क्षेत्र बाटो ढलानका लागि बजेट व्यवस्था भई टेन्डर भईसकेको छ ।

**खानेपानी एक घर एक धारा**

पुर्वखोला गाउँ पालिकाका, प्रदेश सरकार र संघीय सरकारको संयुक्त प्रयासमा एक घर एक धारा नीति अनुरूप पुराना खानेपानी योजनाहरु मर्मत सम्भार गरिएका छन् । मर्मत सम्भारका योजनाहरु वडाको बजेट तथा अन्य विभिन्न निकायहरुको सहयोगमा गरिएको छ । केही नयाँ योजनाहरु निर्माणाधीन अवस्थामा रहेको छन् ।

| साविक वडा नं | खानेपानी योजनाको नाम | योजनाले समेट्ने बस्तीहरु | कैफियत |
|---|---|---|---|
| १ | मंगला खानेपानी योजना<br>देवीनगर/मोहकाल खा.पा.<br>माथील्लो मोहकाल खा.पा. | मंगला<br>तल्लो मोहकाल, कुसुमबारी, चेवा<br>मथिल्लो मोहकाल, छापडाँडा | एक घर एक धारा सम्पन्न<br>एक घर एक धारा सम्पन्न<br>एक घर एक धारा बाँकी |
| २ | खैरेकोट मुल खा.पा.माथिल्लो लेमधेम<br>घरङ्गा मुल खा.पा.<br>सोह खोला मुल खा.पा.<br>नेपाली टोल खा.पा. | माथिल्लो लेमधेम<br>देवीनगर बजार<br>माथिल्लो भन्ज्याङ्<br>नेपाली टोल | एक घर एक धारा सम्पन्न |
| ३ | हामखोला अल्छीढाप मुल खा.पा.<br>धारादी मुल खा.पा.<br>बन्ध्रुक मुल खा.पा. | तल्लो लेमधेम<br><br>बन्ध्रुक | एक घर एक धारा काम हुदै |
| ४ | केरौली लिफ्ट खा.पा. योजना<br>समानसिं खा.पा.<br>झ्यामिरे खा.पा.योजना | समान सिं, धापखोला<br>केरौली | एक घर एक धारा काम हुदै<br>एक घर एक धारा सम्पन्न |
| ५ | मुन्टुङ खा.पा. योजना<br>काभ्रो गैरा खा.पा.उडडाँडा | मुन्टुङ<br>उडडाँडा | एक घर एक धारा काम हुदै |
| ६ | श्रीभिस्दी खा.पा.योजना<br>बेसर्घा खा.पा. योजना<br>बेसर्घा लिफ्ट खा.पा. योजना | बेसर्घा<br>बेसर्घा<br>बेसर्घा | एक घर एक धारा काम हुदै |
| ७ | बलिपोखरा हटिया खा.पा.योजना<br>खुसार्नीडाँडा खा.पा.योजना<br>सिमल्दी खा.पा.योजना<br>माझीडाँडा खा.पा.योजना | बलिपोखरा हटिया<br>खुसार्नीडाँडा<br>सिमल्दी<br>माझीडाँडा, नामलिकुन | एक घर एक धारा सम्पन्न<br>एक घर एक धारा सम्पन्न<br>एक घर एक धारा सम्पन्न<br>एक घर एक धारा बाँकी |
| ८ | धारादी लिफ्ट खा.पा<br>चिर्तुङ खा.पा.<br>सोमदिप खा.पा.<br>झरझरे खा.पा. | चिर्तुङ, काफलडाँडा, सोमदीप<br>चिर्तुङ<br>सोमदीप<br>झरफरे | एक घर एक धारा सम्पन्न<br><br><br>एक घर एक धारा बाँकी |

| साविक वडा नं | खानेपानी योजनाको नाम | योजनाले समेट्ने बस्तीहरु | कैफियत |
|---|---|---|---|
| ९ | बाहुनी खरक खा.पा.<br>डाँडा टोल खा.पा.<br>सिंजाली टोल खा.पा<br>फाँट टोल खा.पा. | बाहुनी खरक<br>डाँडा टोल<br>सिंजाली टोल<br>फाँट टोल | एक घर एक धारा काम हुँदै |

*स्रोत : वडा कार्यालय*

### सार्वजनिक धारा निर्माण

देवीनगर सिमल्दी जाने बाटो खायखोलामा नुहाउन, कपडा धुन र गाडी समेत धुन मिल्ने गरी सार्वजनिक धारा निर्माण गरिएको छ । बजार र बस्तीस्तरमा पानीको अभाव भएको बेला स्थानीय समुदाय त्यहाँ पुग्ने गर्दछन् ।

### विद्युत तथा उर्जा विकास

सिमल्दीमा नयाँ विद्युत ट्रान्सफर्मरको व्यवस्था, काफलडाँडामा रहेको २५ के.भि.ए. ट्रान्सफर्मरको स्थानमा ५० के.भि.ए.को ट्रान्सफरमर राखिएको छ । धापखोला समानसिं क्षेत्रमा केन्द्रीय नयाँ विद्युत लाईन बिस्तार गरिएको छ । देवीनगरका सबै घरधुरीमा विद्युत सेवा पहुँच पुगेको छ । बस्तीहरुमा रहेका १५३ काठका पोल मध्ये स्टील पोल प्रतिस्थापन गर्ने काम भएको छ । अब २८ वटा मात्र काठका पोल विस्थापन गर्न बाँकी छ । बेसर्घा क्षेत्रका लागि छुट्टै विद्युत ट्रान्सफर्मर र अन्य क्षेत्रको विद्युत लाईन क्षमता थप बिस्तार गरी भरपर्दो विद्युत सेवा दिने योजना रहेको छ ।

### इतिहास र पर्यटन स्थलको विकास

- भानुमाता पर्यटकीय क्षेत्रको पूर्वाधार विकासमा वडाले प्राथमिकता दिएको छ । देवीनगर बजारदेखि भानुमाता मन्दिर हुदै चुलीडाँडा ऐतिहासिक भुरेराजा दरबार र राजाको पँधेरासम्म जाने घोरेटो बाटो निर्माण गरिएको छ ।
- भानुमाता पिकनिक स्थलसम्म विद्युत बिस्तार, मैदान सरसफाइ, खानेपानी धारा र विश्रामस्थल निर्माण
- भानुमाता मन्दिरमा विद्युत जडान, कम्पाउण्ड टेवा पर्खाल निर्माण र नियमित पूजा सञ्चालन
- चुलीडाँडा ऐतिहासिक भुरे राजा दरबार क्षेत्र उत्खनन् र घेराबार ।
- तिर्थडाँडा प्राकृतिक पोखरी निर्माण सिमल्दी भेरूडाँडामा शिवालय मन्दिर र मंगलामा भिमसेन मन्दिर निर्माण



भानुमाता मन्दिर

**शिक्षा क्षेत्रको विकास**

- मातृभूमि माध्यमिक विद्यालयमा प्रदेश सरकार र पूर्वखोला गाउँपालिकाको सहयोगमा ४ कोठे भवन तथा पुनर्निर्माण प्राधिकरणको सहयोगमा ४ कोठे गरी दुई वटा भवन निर्माण भएको छ । भवनको पछाडिको भागमा टेवा पर्खाल निर्माण, खानेपानी व्यवस्थापन, विद्यालय समायोजन गरिएको छ । अंग्रेजी ब्लक शौचालय निर्माण, विज्ञान प्रयोगशाला, विद्युतीय पुस्तकालय र खेलमैदान ब्यवस्थापनका योजनाहरु सम्पन्न भएका छन् ।
- भिमसेन प्राथमिक विद्यालयमा खेलमैदान घेराबार र ट्रष्ट भवन निर्माण गरिएको छ ।
- मुकुण्ड प्राथमिक विद्यालयमा खानेपानी, ट्रष्ट भवन र खेल मैदानको काम पुरा भएको छ ।
- कमला प्राथमिक विद्यालयमा विद्यालय घेराबार, विद्यालय मर्मत लगाएतका कामहरू पुरा भएका छन् ।
- जनप्रीय प्राथमिक विद्यालय मोहकालमा विद्यालय स्थानान्तरण, पूरानो भवन मर्मत, दुई कोठे ट्रष्ट भवन निर्माण, शौचालय र खानेपानी व्यवस्थापन गरिएको छ । विद्यालयमा नयाँ भवन बनाउन पूर्वखोला गाउँपालिकाको पहलमा प्रदेश सरकारबाट दश लाख बजेट विनियोजन भएको छ ।
- पूर्वखोला गाउँपालिकाको सहयोगमा सबै विद्यालयहरुमा कम्प्यूटरको व्यवस्था, ईन्टरनेट जडान गरी प्रविधिमैत्री शिक्षा शिक्षणको वातावरण तयार भएको छ ।
- बालबालिकासम्बन्धी बजेटबाट वडाका सबै विद्यालयहरुमा खानेपानी फिल्टर, साउण्ड सिष्टमहरु उपलब्ध गराउने काम भएको छ ।
- पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत सबै विद्यालयहरुमा फोहरमैला व्यवस्थापनका लागि ईन्सिनेरेटर निर्माण र डष्टविनहरुको व्यवस्था गरिएको छ ।

**स्वास्थ्य तथा सरसफाइ क्षेत्र**

- देवीनगर स्वास्थ्य चौकीबाट २४ घण्टे प्रसुती सेवा र प्रयोगशाला सहित स्वास्थ्य सेवा प्रदान ।
- स्वास्थ्य चौकी मार्फत ८० बर्ष माथिका जेष्ठ नागरिकहरुको घर घरमै पुगेर नियमित स्वास्थ्य परीक्षण समेत गरिएको छ ।
- वडाका सम्पूर्ण विद्यालय, सामाजिक र सरकारी संघ संस्थाहरुमा खानेपानी फिल्टर वितरण एवं फोहर जलाउने डष्टविन निर्माण, सबै घरमा डष्टविन वितरण, हात धुने व्यवस्थापनका लागि धारा टुटी वितरण जस्ता कार्यहरू गरिएको छ । देवीनगरलाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणा सम्बन्धी काम अन्तिम चरणमा पुगेको छ ।
- बेसर्घा र सिमल्दी माझीडाँडाका बाह्य खोप केन्द्र भवन र शौचालय निर्माण भएको छ ।
- देवीनगर बजारमा सार्वजनिक शौचालय निर्माण तथा साविकका नौं वडामा बनेका सामुदायिक भवनहरुमा समेत शौचालय निर्माण भएको छ ।
- विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड रोकथामका लागि क्वारेन्टाइन सञ्चालन, कोभिड परीक्षण र कोभिड खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

**स्वरोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट घोरेटो बाटो निर्माण, गाउँपालिका तथा बस्तीस्तर जोड्ने मुख्य बाटोहरु मर्मत र नाली व्यवस्थापन, प्राकृतिक पोखरी निर्माण, भानुमाता पर्यटन क्षेत्र विकास पूर्वाधार निर्माण गरिएको

थियो । बेरोजगार लिष्टमा सूचीकरण भएका मध्ये बार्षिक सरदर २२ जनाले कम्तिमा १०० दिन रोजगार पाएका छन् ।

**प्राकृतिक रिचार्ज पोखरी निर्माण**

पछिल्ला दिनहरूमा जलवायु परिवर्तन र वन विनास लगायतका विभिन्न मानवीय कारण पानीका मुहानहरु सुक्दै गएको वडाका बेसर्घा, राँघुभन्ज्याङ, चिर्तुङ, तिर्थडाँडा र पिपलडाँडा गरी ५ स्थानमा रहेका पुराना प्राकृतिक पोखरीहरूलाई पुनर्निमाण गर्ने कार्य गरिएको छ ।

**घर नम्वर व्यवस्थापन**

बस्ती तथा घरहरूको व्यवस्थित अभिलेख लिपिबद्ध गर्ने क्रममा वडा भित्र रहेका ६२९ वटा घरहरूमा घर नम्बर प्लेट टाँस गरी लगत राख्ने काम गरिएको छ । जसबाट वडा कार्यालय अन्य निकायबाट दिने सेवा सुविधा लगायतको काममा सहजता मिलेको छ ।

**वडा कार्यालय भवन व्यवस्थापन**

वडा कार्यालयको भौतिक विकासका साथै प्रशासनिक सेवालाई चुस्त दुरूस्त बनाउन ध्यान दिइएको छ । जसअन्तर्गत कार्यालयको व्यवस्थित भान्सा र शौचालय सहितको सभाहल निर्माण गरिएको छ । सभाहलमा सोफासेट, पोडियम, टेवल र १०० थान प्लाष्टिक कुर्ची सहितको फर्निचरहरूको व्यवस्था गरिएको छ । कार्यालय प्रवेशद्वार, विश्राम स्थल व्यवस्था, कार्यालय परिसरमा सिमेन्ट ढलान र फुलबारीको व्यवस्था गरिएको छ । डिजिटल बोर्ड, कर्मचारी आवास, भण्डार, खानेपानी, कार्पेट र पर्याप्त फर्निचर सहितको बिषयगत शाखाहरूको छुट्टा छुट्टै कार्यालयको व्यवस्थापन गरिएको छ ।

**सामाजिक सुरक्षा कार्यक्रम**

नेपाल सरकारद्वारा उपलब्ध सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक र अशक्त अपाङ्गता भएकाहरूलाई मध्यनजर गर्दै घर घरमा पुगेर दिने कार्य सुरूका बर्ष गरियो । सरकारको नीति अनुसार अनिवार्य बैंक खातामा जम्मा हुने व्यवस्था भएपछि बैकसँगको सहकार्यमा घुम्ती सेवा मार्फत टोल टोलमा गई बैंक खाता खोल्न सहजीकरण गरियो । हाल बैंक मार्फत सामाजिक सुरक्षा वितरण गरिएको छ । जेष्ठ नागरिकहरूको सेवा र अनुभवको कदर गर्दै वडाले हरेक बर्ष ८० बर्ष माथिका जेष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम सञ्चालन गरिएको छ ।

**लक्षित वर्ग सचेतना र सशक्तिकरण**

लक्षित बर्गको क्षमता विकास र सशक्तिकरणसम्बन्धी तालिम र सचेतना गोष्ठी सञ्चालन भएका छन् ।

| **बालबालिका लक्षित कार्यक्रम** | **वडा भित्र १४ बालक्लब क्रियाशील** |
|---|---|
| युवा उत्थान तथा सशक्तिकरण कार्यक्रम | वडास्तरीय युवा सञ्जाल क्रियाशील |
| महिला उत्थान तथा सशक्तिकरण कार्यक्रम | वडाभित्र हाल १७ महिला समूह क्रियाशील |
| जनजाती उत्थान तथा सशक्तिकरण कार्यक्रम | वडास्तरीय जनजाती समन्वय समिति क्रियाशील |
| दलित वर्ग उत्थान तथा सशक्तिकरण कार्यक्रम | वडास्तरीय दलित समन्वय समिति क्रियाशील |
| अपाङ्ग वर्ग उत्थान तथा सशक्तिकरण कार्यक्रम | वडास्तरीय अपाङ्ग समन्वय समिति क्रियाशील |

*स्रोत : रिम प्रसाद श्रेष्ठ, वडाध्यक्ष र मेहर सिं थापा, वडा सदस्य*




वडा कार्यालय भवन



बर्थिङ सेन्टर भवन



अंग्रेजी ब्लक शौचालय, मातृभूमि मा.वि.

# एक घर एक धारामा उल्लेख सफलता



एक घर एक धारा

**कृषि तथा पशुपालन**

वडाले एक घर एक कसेराबारी कार्यक्रम अगाडि सारेको थियो । एक घर एक करेसावारी अभियान सुरू गरेपछि वडाका ५० प्रतिशत घरपरीवारले कसेराबारीमा तरकारी खेती गर्न थालेका छन । खानेपानीको सुविधा समेत बृद्धि भएकाले कसेराबारी फस्टाएको हो । कृषकहरूलाई उन्नतजातका बीउ बिजन वितरण गरिएको छ । कृषि र पशुपालनका व्यवसायिक फार्महरू स्थापना भएका छन् । कृषिका ८ र पशुपालनका २० वटा फार्म वडाभित्र रहेका छन् । विशेषगरी बंगुर, बाख्रा र कुखुरापालनमा युवाहरूको आकर्षण बढेको छ । २ देखि ५ वटासम्म माउ पाल्दै आएका १० वटा बंगुर फार्म रहेका छन् । २ सय भन्दा बढी कुखुरा

पालन गर्ने १० वटा फार्म रहेका छन् । बाख्रापालनको राम्रो सम्भावना भएकाले ठूला लगानी गरेर कृषकहरूले २० देखि ६० वटासम्म बाख्रापालन गरेका छन् । यहाँका कृषकहरूको मुख्य आम्दानीको स्रोत नै बाख्रापालन भएको छ ।

वडाभित्र बढीमा १० घरसम्म मौरीपालन गर्ने कृषकहरु पनि रहेका छन् । उनीहरूलाई वडाले अनुदान दिएको छ । सिताके च्याउको फार्म पनि मौलाथरमा सञ्चालनमा आएको छ । भोर्से क्षेत्रमा खोरिया फडानी गरेर ५ हजार कागती विरूवा रोपण गरिएको छ । यस क्षेत्रलाई कागतीको पकेट क्षेत्र बनाउने योजना रहेको छ । विरकोटमा ११ लाख लागतमा कृषि उपज संकलन केन्द्र समेत निर्माण भइरहेको छ ।

**शैक्षिक सुधार**

गणपति माध्यमिक विद्यालयको ५ कोठाको अंग्रेजी ब्लक भवन आर्थिक वर्ष २०७७।०७८ मा निर्माण थालनी गरेर आ.व. २०७८।०७९ मा सम्पन्न भएको छ । गत आर्थिक बर्षमा १० लाख र यस आर्थिक बर्षमा १२ लाख गरी २२ लाख लागतमा यो विद्यालय भवन निर्माण गरिएको छ । नर्सरीदेखि कक्षा ६ सम्मका विद्यार्थीहरूलाई राख्न यो सुविधासम्पन्न भवन निर्माण गरिएको हो । अंग्रेजी ब्लकमा अंग्रेजी माध्यमबाट पढ्ने विद्यार्थीहरूलाई मात्रै यहाँ राखिने छ । कक्षा ६ सम्म अंग्रेजी माध्यममा पढाइएको गणपति माध्यमिक विद्यालयमा अब कक्षा ८ सम्म पढाउने योजना रहेको छ ।



वडा भित्र रहेका ८ वटा विद्यालय भवनहरु मर्मत, कम्पाउण्डमा घेराबार र शौचालय निर्माण गर्ने काम ५ बर्षको अवधिमा भएको छ । यी विद्यालयहरुमा करिब ६ देखि ४० लाखसम्म खर्च भएका छन् । राष्ट्रिय भूकम्प पुनर्निर्माण प्राधिकरण मार्फत गणपति माध्यमिक विद्यालयमा नयाँ भवन निर्माण भइरहेको छ । करिब १ करोड ८७ लाख लगातमा ७ कोठे ३ तले भवन निर्माण भइरहेको छ ।

**स्वास्थ्यमा उल्लेख्य सुधार**

विरकोट स्वास्थ्य चौकीलाई निरन्तर स्तरउन्नति गरिएको छ । नयाँ सुविधासम्पन्न भवन बनेसंगै यहाँ प्रसुती सेवा, ल्याव सेवा सहित अन्य सेवाहरु सञ्चालन गरिएको छ । स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्न टोल नम्बर ९ भोर्सेमा सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन गरिएको छ । २०७५।०७६ मा सञ्चालन गरिएको स्वास्थ्य इकाईले यस भेगका बासिन्दालाई राहत मिलेको छ । यसै आर्थिक बर्षमा पालिका मार्फत कर्नेडाँडामा पोलियो खोप केन्द्र निर्माण गरिएको छ । आयुर्वेदिक औषधालयको नयाँ सुविधासम्पन्न भवन निर्माण भई त्यसबाट सेवा सञ्चालन भएको छ । भवन निर्माण संघीय सरकारबाट भएको हो । जेष्ठ नागरिकहरूलाई घर घर गई स्वास्थ्य चेकजाँच र औषधी वितरण नियमित भइरहेको छ । विरकोट स्वास्थ्य चौकी नजिकै १५ शैंयाको पालिकास्तर अस्पताल समेत निर्माण भइरहेको छ ।




**आयआर्जन कार्यक्रम**

युवा र महिलाहरूलाई स्वरोजगार बनाउन विभिन्न तालिमहरु सञ्चालन भएका छन् । वडाभित्र र पालिकामा चलेका तालिममा उनीहरूलाई सहभागी गराएर आयआर्जनको बाटो पहिचान गर्न सीप प्रदान गरिएको छ ।

| क्र.सं. | तालिम नाम | संख्या | स्वरोजगार |
|---|---|---|---|
| १ | ढाका बुन्ने | २० जना | ४ जनाले पेशा गर्दै |
| २ | सिलाइकटाइ तालिम | २० जना | १० जनाले व्यावसाय गर्दै |
| ३ | हाउस वायरिङ | ७ जना | ७ जनाले काम गर्दै |
| ४ | प्लम्बर | ५ जना | ५ जनाले काम गर्दै |
| ५ | च्याउ खेती | ३ वटा समूहलाई | मौलाथरमा सिताके च्याउ खेती |

**टोल टोलमा सामुदायिक भवनहरु**

विरकोटमा स्थानीय तहको निर्वाचन पश्चात साविकका सबै वडा र टोलहरूमा सामुदायिक भवन निर्माण भएका छन् । वडा भित्र ५ बर्षको अवधिमा ११ वटा सामुदायिक भवन निर्माण भएका छन् । करिब ४ देखि १८ लाखसम्मको लागतमा सामुदायिक भवन बनेका हुन् । यी भवनहरूमा ५० देखि १०० जनासम्म बसेर बैठक, सभा र भेला गर्न मिल्दछ । विरकोट टोल नं. ७ आँफरडाँडाको सामुदायिक भवन सबै भन्दा ठूलो बनेको छ ।

## मन्दिर पुनर्निर्माण र पर्यटन विकास

२०७५।०७६ देखि हालसम्म ६ वटा मन्दिरहरू पुनर्निर्माण भएका छन् । १ देखि ७ लाख ५० हजारसम्म खर्च गरेर मन्दिरहरू मर्मत र संरक्षण गरिएको छ । सबैभन्दा बढी ७ लाख ५० हजार लागतमा मौलाथर नवदुर्गा मन्दिर मर्मत गरिएको छ ।

निसानडाँडामा वनभोज क्षेत्रमा करिब ७ लाख रूपैयाँमा खानेपानी व्यवस्था, शौचालय र प्रतिक्षालय निर्माण गर्न कार्य भएको छ । त्यस्तै यस भेगकै अग्लो स्थान चुलीडाँडासम्म पुग्ने गोरेटोबाटो निर्माण गरिएको छ । जसमा ३ लाख बजेट र स्थानीयको जनश्रमदान परिचालन भएको छ ।

## खेलमैदान र खेलकुद

वडाभित्र ९ वटा खेलमैदानहरू नयाँ निर्माण र स्तरउन्नति गरिएको छ । वडाकै सबैभन्दा ठुलो खेलमैदान पोखरीछाप टोल नं ३ मा बनेको छ । यो करिब १३ लाख लागतमा बनेको हो । करिब १ देखि १३ लाखसम्म खर्च गरेर मैदानहरू घेराबार, तारजाली राख्ने र मैदान समथर बनाउने जस्ता काम गरिएको छ । विशेषगरी भलिवल खेललाई लक्षित गरेर खेलमैदान बनेका छन् । त्यस्तै स्याफतमा व्याडमिन्टन कोड समेत बनेको छ । सिउनडाँडामा आर्थिक बर्ष २०७७।०७८ मा ५ लाख बजेट खर्च गरेर कभर्ड हल बनाउने कार्य भइरहेको छ । थप १० लाख यस आर्थिक बर्ष विनियोजन भएकाले त्यसको काम भइरहेको छ । खेलकुद विकास गर्ने क्रममा विरकोट स्पोर्ट क्लबको भवनमा ट्रस र शौचालय निर्माण गरिएको छ । २०७६।०७७ देखि हालसम्म यस भवनमा ४ लाख बजेट खर्च भएको छ ।



पोखरी छाप खेल मैदान



गणपति मा.वि.का विद्यार्थीहरू

## घर घरमा खानेपानी

वडामा जनप्रतिनिधि आउनुभन्दा अगाडि २ सय घरधुरीमा एक घर एक धारा रहेको हाल ७ सय ७४ घरधुरीमा निजी धारा जडान भएको छ । वडाभित्र करिब १४ वटा खानेपानीका नयाँ, पुराना र मुहान संरक्षणका योजनाहरू रहेका छन् । वडाभित्र लिफ्ट, ग्राभिटी र मुहान संरक्षणबाट खानेपानी आपुर्ति गरिएको छ । मालेखरक टोलमा पनि विद्युत क्षमता बुद्धि गरेर लिफ्ट खानेपानी योजना सञ्चालन गर्ने तयारी गरिएको छ । खानेपानी योजनामा १ लाखका मर्मतदेखि ४५ लाखसम्मका योजनाहरू रहेका थिए ।

### एक घर एक धारा भएका खानेपानी योजनाहरूको विवरण

| क्र.सं. | योजनाको नाम | लाभान्वित घरधुरी | सम्पन्न बर्ष | स्थान |
|---|---|---|---|---|
| १ | बोलाम्दी बुढिलेक लिफ्ट खानेपानी | २०० | २०७६ | मोचावारी, भर्से, थूम्बास |
| २ | भैसादी लिफ्ट खानेपानी | ११२ | २०७६ | भैसादी, आफरडाँडा |
| ३ | पोखरी छाप लिफ्ट खानेपानी | ७५ | २०७६ | पोखरीछाप, गोवाङडाँडा, मालेखर्क |
| ४ | कर्नेडाडा लिफ्ट खानेपानी | १०८ | २०७६ | |
| ५ | मालेखरक लिफ्ट खानेपानी | १६ | सम्पन्न हुने चरणमा | मालेमरक |
| ६ | शिखरडाँडा लिफ्ट खानेपानी | ६३ | २०७८ | शिखरडाँडा |
| ७ | स्याफत लिफ्ट खानेपानी | १०८ | २०७६ | |
| ८ | वंगरीखोला धापडाँडा खानेपानी | ३४ | २०७७ | |
| ९ | कुलोगैरा कुहुर खानेपानी | १२ | २०७६ | |
| १० | काफलगैरा स्याफत देउराली काफलगैरा | १६ | २०७६ | |
| | **जम्मा परिवार संख्या** | **७७४** | | |

### टोलटोलमा सडक

वडाभित्र ५ बर्षे अवधिमा साविकका सबै वडाका टोलबस्तीमा एम्बुलेन्स पुग्ने गरी सडक निर्माण र स्तरउन्नति गरिएको छ । सडक पुगेपछि यहाँका बासिन्दाहरूको दैनिकी फेरिएको छ । टोलटोलमा सडक पुऱ्याउन २१ वटा मोटरबाटो निर्माण गरेको छ । वडाले सञ्चालन गरेका ठूला मोटरबाटो यस प्रकार रहेका छन् । वडा भित्रका ६ स्थानमा करिब २०० मिटर सडक ढलान गरिएको छ । १५ देखि बढी ६५ मिटरसम्म एक स्थानमा ढलान भएका छन् । ५ बर्षको अवधिमा विभिन्न स्थानमा गरी १६.५ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको छ । वडाभित्र निर्माण भएका सडकहरु कम्तीमा ४ देखि ६ मिटरसम्म चौडा बनाइएको छ ।



ढलान सडक



सामुदायिक भवन

### मुख्य सडकहरु

| क्र.सं. | योजनाको नाम | कि.मि. | बजेट | प्रकृति | उपलब्धी |
|---|---|---|---|---|---|
| १ | खल्डुक भञ्ज्याङ-ढावडाँडा-थुमवास कुहुर | १२ | ४२ लाख | नयाँ र स्तरउन्नति | २०७४।०७५ बाट निर्माण सुरु गरिएको यो सडक सञ्चालन भएपछि कृषि उपजलाई बजारसम्म पुऱ्याउन सहज भएको छ । |
| २ | जनतामार्ग-सिउनडाँडा-आफरडाँडा-भैसादी हुदै कालीगण्डकी करिडोर पहुँच | १६ | ३५ लाख | स्तरउन्नति गरी बस सञ्चालन | २०७४।०७५ बाट नियमित स्तरउन्नति |
| ३ | स्याफत थुङकीडाँडा मोटरबाटो | | | ढलान | |
| ४ | सिंलिङ भञ्जाङ कर्नेडाँडा सातबिसे मोटरबाटो | | | स्तरउन्नति | |

*स्रोत : धान बहादुर सिंजाली, वडाध्यक्ष*

# कृषि र पशुपालन नै हेक्लाङको चिनारी



सामुहिक खेती

**सामूहिक कृषि खेती**

वडाभित्र कृषि उत्पादन र बजारीकरणलाई उच्च प्राथमिकता दिइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सहभागितामा सामूहिक रूपमा तरकारी खेती गरिएको छ । ३० जना मिलेर सामूहिक रूपमा उन्नत प्रविधिको प्रयोग गरेर तीन स्थानमा तरकारी खेती गरेका छन् । सिजन अनुसारको तरकारी खेती गर्न आवश्यक पर्ने पूर्वाधार निर्माणमा सहयोग गरिएको छ । सिंचाईका लागि ४ वटा पानीपोखरी, उच्च प्रविधिको प्लाष्टिक टनेल बनाइएको छ । कानुङ खुमडाँडा कृषि सहकारीमा आवद्ध भएका यहाँका कृषकहरूको उत्पादन बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्स समेत खरिद गरेर सञ्चालन गरिएको छ । २१ लाख ७० हजार

पालिका र प्रदेश सरकारको सहयोगमा पिकअप जिप खरिद गरिएको हो । एक घर र एक करेसाबारी अभियान सञ्चालन गरेपछि घरघरमा तरकारी उत्पादन हुन थालेको छ । आर्थिक बर्ष २०७७।०७८ मा कृषक समूहलाई आलुको बीउ खरिदमा १ लाख अनुदान दिएको छ ।

युवाहरूले तरकारीसंगै सामुहिक रूपमा कुखरापालन फार्म पनि सञ्चालन गरेका छन् । विशेषगरी विदेश जान कसिएका र विदेशबाट फर्किएका युवाहरूलाई कृषि र पशुपालन व्यवसायमा आकर्षित गरिएको छ । वडाभित्र १३ वटा व्यवसायिक बाख्रा फार्म, ४ वटा बंगुर फार्म, १ वटा कुखुरा फार्म र १ वटा सामूहिक तरकारी फार्म सञ्चालनमा रहेको छ । सामूहिक तरकारी खेती, बाख्रापालन, कुखुरापालन र बंगुरपालन गर्ने फार्म र कृषक समुहलाई ५० हजारदेखि १६ लाखसम्म अनुदान सहयोग प्रदान गरिएको छ । कृषि र पशु उत्पादन शनिबार र बुधवार खुमडाँडामा रहेको संकलन केन्द्रमा जम्मा गरेर कृषि एम्बुलेन्स मार्फत बजारसम्म पुऱ्याउने गरिएको छ । वडाभित्र ४ सय रोपनी खेतमा सिंचाई सुविधा पुऱ्याउन झम्माखोला सिंचाइ कुलो निर्माण गरिएको छ । ५ बर्षको अवधिमा वडाभित्र ३ सय मिटर नयाँ कुलो निर्माण तथा मर्मत भएको छ । त्यस्तै ४ वटा पानीपोखरी समेत निर्माण भएको छ ।

वडाभित्र रहेका प्रगतिशील बहुउद्देश्यीय कृषक समूह, मामा भान्जा कुखुरा फार्म र लाली गुराँस कृषक समुह लगायतलाई आर्थिक बर्ष २०७७।०७८ मा अनुदान प्रदान गरिएको थियो । कानुङ्ग खुमडाँडा कृषि समूह, चुलीडाँडा कृषि समूह, खाँडदेवी कृषि फार्म, चुलीडाँडा बंगुर फार्म, पूर्णिमा कृषि फार्म, बारघरे कृषि तथा पशु फार्म, लाफा बंगुर फार्म, लाङघाली बंगुर फार्मलाई आर्थिक बर्ष २०७८।०७९ मा अनुदान प्रदान गरिएको छ । यी फार्महरूलाई आवश्यकता अनुसार हरेक बर्ष अनुदान दिइएको छ । ५ हजार संख्यामा कुखुरा पाल्ने क्षमताको कानुङ खुमडाँडा कृषि फर्म सञ्चालनमा आएको छ । वडाभित्र ४ वटा बंगुर फार्म, २ वटा तरकारी फार्म र १३ वटा बाख्रा फार्मलाई ५० प्रतिशतसम्म अनुदान सहयोग गरिएको छ । वडाभित्र १५० वटाभन्दा बढी बाख्राका आधुनिक खोर बनेका छन् ।

**नयाँ भवन नै स्वास्थ्यको गहना**

वडाको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सुविधा सम्पन्न नयाँ स्वास्थ्य चौकी भवन निर्माण भइरहेको छ । एक करोड ७ लाख बजेटमा नयाँ भवन बनेको हो । भवन अभावमा हाल रेडक्रसको भवनमा स्वास्थ्य चौंकी रहेको छ । पालिकाकै लक्ष्य अनुसार यो वडा पनि पूर्ण संस्थागत सुत्केरी सुनिश्चित घोषणा भएको छ । वडा भित्रधुम्रपान सेवनलाई कडाइ गर्ने, बालविवाहको न्यूनिकरणमा सचेतना बृद्धि गर्ने र गर्भवती महिलाहरूलाई अण्डा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।



हेक्लाङ स्वास्थ्य चौकी

## खानेपानी सुविधा बृद्धि हुदै

करिब ५ सय ८० घरपरीवारमध्ये ४ सय ९५ घरपरीवारमा एक घर एक धाराबाट खानेपानी सुविधा उपभोग गरेका छन् । स्थानीय निर्वाचन पश्चात ६ वटा खानेपानी योजनाहरु निर्माण सम्पन्न भएको छ । आर्थिक बर्ष २०७७।७८ मा खोरेदी खानेपानीमा ७ लाख, वराहदेवी खानेपानीमा ४ लाख ५० हजार, र पर्नेदी खानेपानीमा ५ लाख रकम बजेट विनियोजन गरेर योजना सञ्चालन गरिएको थियो । चालु रहेका यी खानेपानीसँगै आर्थिक बर्ष २०७८।०७९ मा पोखराथोक खानेपानी र पोखरडाँडा खानेपानी योजनामा पनि बजेट विनियोजन गरिएको छ । वडाको ८० प्रतिशत घरधुरीमा एक घर एक धाराबाट पानी वितरण गरिएको छ ।





लाकुरी खानेपानी

### एक घर एक धारा भएका खानेपानी योजनाहरूको विवरण

| क.सं. | योजनाको नाम | स्थान | | घरधुरी |
|---|---|---|---|---|
| १ | फेमुराङ खानेपानी योजना | साविक वडा नं. १ | | ५० घरधुरी |
| २ | चेभुङ खानेपानी योजना | साविक वडा नं. २ | आर्थिक बर्ष २०७७।७८ चेभुङ खानेपानीमा ३ लाख | ३० घरधुरी |
| ३ | लाकुरी खानेपानी योजना | साविक वडा नं. २ र ३ | | ८० घरधुरी |
| ४ | सालवास लिफ्ट खानेपानी योजना | साविक वडा नं. ४ र ५ | आर्थिक बर्ष २०७७।७८ सालवास खानेपानीमा ७ लाख | |
| ५ | खुमडाँडा लिफ्ट खानेपानी योजना | साविक वडा नं. ६ | | |
| ६ | पर्नेदी लिफ्ट खानेपानी योजना । | साविक वडा नं. ७ | आ.व. २०७७।०७८ मा प्रदेश सरकार र गाउँपालिकाबाट ५० लाख बजेट विनियोजन भएको थियो । | |

| क.सं. | योजनाको नाम | स्थान | | घरधुरी |
|---|---|---|---|---|
| ७ | झम्राङ्ग खानेपानी | | | ५० घरधुरी |
| ८ | पोखन्दी लिफ्ट खानेपानी | | | ७० घरधुरी |
| ९ | बराहदेवी लिफ्ट खानेपानी | | | ५० घरधुरी |

**मोटरबाटो**

वडाको मुख्य सडक सेर्कावास-हेक्लाङ-खुमडाँडा जोड्ने सडक स्तरउन्नति गरिएको छ । १ करोड ४५ लाख लगातमा ठेक्का प्रक्रियाबाट स्तरउन्नति गरिएको सडकमा सडक चौडा गर्ने, टेवापर्खाल निर्माण, ग्राभेल, ग्याविङ, नाली निर्माण र सडक ढलान लगायतका काम भएको छ । कम्तीमा ६ मिटर चौडा गरिएको सडकको ठाउँठाउँमा टेवा पर्खाल र करिब ६० मिटर ढलान गरिएको छ । वडाका सबै टोलहरूका मोटरबाटो पुगेकाले बिरामी पर्दा एम्बुलेन्स सेवा सञ्चालन र कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज भएको छ । स्थानीय तहको निर्वाचन अगाडि हेक्लाङमा बस पुगेको थिएन हाल दैनिक बस सञ्चालन भएको छ ।




ढलान सडक

**वडामा सञ्चालित मुख्य सडकहरू**

| क.सं. | सडकको नाम | किलोमिटर | कामको प्रकृति |
|---|---|---|---|
| १ | सेर्कावास-हेक्लाङ | ६ किलोमिटर | नाली, ग्याविन खुमडाँडा बजारमा ६५ मिटर ढलान |
| २ | झेमराङ-चेभुङ (नयाँ) | ६ किलोमिटर | यस सडकमा आर्थिक बर्ष २०७७।०७८ मा ४ लाख ५० हजार बजेट विनियोजन भएको थियो । |
| ३ | लाकुरी-नरूवा | ४ किलोमिटर | |
| ४ | गल्धा-पिपिन्दी | २ किलोमिटर | |
| ५ | खोरेदी-तल्लोखोरेदी | ४ किलोमिटर | यस सडकमा आर्थिक बर्ष २०७७।०७८ मा २ लाख बजेट विनियोजन भएको थियो । |
| ६ | खोरेदी-पाखुरीसम्म | २ किलोमिटर | |
| ७ | पनेर्दी-माझखोला | ४ किलोमिटर | यस सडकमा आर्थिक बर्ष २०७७।०७८ मा २ लाख ५० हजार बजेट विनियोजन भएको थियो । |
| ८ | खुमडाँडा-सभडाँडा | २ किलोमिटर | |
| ९ | सालवास-झेमराङ्ग | | नयाँ ट्र्याक |

**शिक्षा सुधारको प्रयास**

वडाभित्र रहेका विद्यालयहरूको भौतिक अवस्था सुधार र शिक्षाको गुणस्तर सुधारका लागि वडाले विभिन्न गतिविधि गरेको छ । जनप्रिय माध्यमिक विद्यालयमा दुई तले ४ कोठे भवन र छात्र छात्रालाई छुट्टाछुट्टै शौचालय निर्माण गरिएको छ । वडामा रहेका ४ प्राथमिक विद्यालयलाई नियमित रूपमा फर्निचर व्यवस्थापन गरिएको छ । जनप्रिय माध्यमिक विद्यालयमा अग्रेंजी र नेपाली एक एक जना शिक्षकलाई वडा कार्यालयबाट नियमित तलब प्रदान गरिएको छ । यस विद्यालयको कक्षा १२ सञ्चालनमा आर्थिक बर्ष २०७७।०७८ मा ६ लाख अनुदान दिइएको छ ।

२०७९ को एसइइ परीक्षामा सहभागी हुने विद्यार्थीहरूका लागि विद्यालयमै आवास सहित शिक्षकहरु रेखदेखमा पठनपाठन गर्ने व्यवस्था गरिएको छ । उनीहरूलाई ताहुँ केन्द्रमा जाने आउने बस र परीक्षा दिएपछि त्यहीं खाना खुवाएर पुनःविद्यलायसम्म ल्याउने व्यवस्था गरिने छ ।

**पर्यटन प्रवर्द्धन**

पालिकाकै ऐतिहासिक स्थल वाकुमगढीको संरक्षण र विकासमा वडासंगै पालिकाले बजेट विनियोजन गरेको छ । ताहुँ-विरकोट सडक खण्डबाट गढीसम्म पुग्ने मोटरबाटो र पैदलमार्ग दुवैको स्तरउन्नति गरिएको छ । गढी तल रहेको गुफा र खाँणदेवीको मन्दिर हुदै गढीसम्म पुग्ने सडक नेपाली सेनाको सहयोगमा निर्माण गरिएको हो । आर्थिक बर्ष २०७७।०७८ मा बाकुमगढी संरक्षणमा ६ लाख रकम विनियोजन गरिएको थियो । गढी वरिपरी सरसफाइ गर्नुको साथै पुराना र ऐतिहासिक बस्तुहरूको संरक्षण गरिएको छ । वडाकै बराहदेवी मन्दिरको समेत संरक्षण गरिएको छ ।

**अन्य कार्यक्रम**

| क.सं. | योजनाको नाम | उपलब्धिहरु |
|---|---|---|
| १ | ट्रस पुल र झोलुङ्गेपुल | पुर्वखोला ६ हेक्लाङ र रम्भा २ फोक्सिङकोट जोड्ने र पूर्वखोला ६ हेक्लाङ र रामपुर १० गेझा जोड्ने झोलुङ्गेपुल निर्माण गरिएको छ । |
| २ | भूकम्पपछि पुननिर्माण | ३८ वटा नीजि आवास निर्माण भएको छ । |
| ३ | विद्युत सुविधा | वडा भित्र सबैको घर घरमा विद्युत सेवा पुगेको छ । बस्तीहरु लगभग काठको पोललाई विस्थापन गरेर स्टिल पोल राखिएको छ । |
| ४ | सञ्चार | वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयमा इन्टरनेटको सुविधा पुगेको छ । |
| ५ | अपाङ्गता | पूर्ण अपाङ्गता भएका ९ जना र आशिंक अपाङ्गता भएका २२ जनालाई सामाजिक सुरक्षाभत्ता वितरण गरिएको छ । |
| ६ | क्षमता विकास तालिम | २०७५।०७६ मा ६० जनालाई सिलाइकटाइ तालिम दिइयो । त्यही तालिम लिएका व्यक्तिबाट ड्रेस सिलाउन लगाएर ६० जना विद्यार्थीलाई पोशाक वितरण गरिएको थियो । सुइटर बुनाई २० जना र सिलाई कटाई तालिम हालसम्म १२३ जनाले लिएका छन् । |
| ७ | खरको छाना विस्थापन | २९ घरपरिवारमा टिनको छाना राखियो । |

*स्रोत : मन बहादुर सारु, वडाध्यक्ष*



आधुनिक प्रविधिमा कृषि



स्वरोजगार बन्दै



क्षमता विकास तालिम

# पालिकाको जोड स्वास्थ्यमा सुधार




घोषणा समारोह


नेपालको संविधानमा स्वास्थ्य नागरिकको मौलिक हकका रूपमा ब्यवस्था गरिएअनुसार पूर्वखोला गाउँपालिकाले स्वास्थ्य मानिसको सबै भन्दा ठूलो सम्पत्ति हो भन्ने मूल नाराका साथ स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ ।

प्राप्त अधिकारलाई अर्थपूर्ण बनाई जनताको जीवन स्तरमा सुधार ल्याउन स्थानीय सरकारको रूपमा स्थापित पूर्वखोला गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई बिशेष प्राथमिकतामा राखेको छ । कोभिड १९ कहरबाट सिर्जित महामारीलाई रोकथाम र नियन्त्रणमा पालिकाले सफलता हासिल गरेको छ । जनताको स्वास्थ्य अवस्था


सुधार, महामारीलाई समुदायसम्म जान नदिन जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी प्रहरी, सामुदायिक महिला स्वास्थ्य स्वमसेविका, स्थानीय संघ संस्थाहरु समेत परिचालनबाट महामारीलाई नियन्त्रण गर्न सम्भव भएको थियो । स्वास्थ्य सेवाको पहुँच बृद्धि गरी समुदायलाई निरोगी बनाउने र रोग लागिहाले तत्काल उपचार हुने अवस्था पालिकाले सिर्जना गरेको छ ।

**स्वास्थ्य क्षेत्रमा भएका मुख्यमुख्य उपलब्धिहरु**

- पालिकाको सबै स्वास्थ्य संस्थाहरुमा पर्याप्त जनशक्तिको व्यवस्थापन गरेर सेवा प्रदान गरिएको छ ।
- वडा नं. ५ विरकोट स्वास्थ्य चौकी रहेको स्थानमा पालिकास्तरीय १५ शैंयाको अस्पताल निर्माणको काम भइरहेको छ । साथै पालिका केन्द्र रहेको रिङनेरहमा १० शैंयाको अस्पताल निर्माण गर्ने निर्णय आठौं गाउँ सभाबाट पारित भएको छ ।
- पालिका भित्र २०७५।०७६ भदौं ५ गते विरकोट स्वास्थ्य चौकीबाट सुरू गरिएको प्रयोगशाला सेवा हाल ५ वडाका स्वास्थ्य संस्थाबाट सेवा सञ्चालन भइरहेको छ । हेक्लाङ स्वास्थ्य चौकीमा पनि स्वास्थ्य चौकी निर्माण सम्पन्न भएसंगै प्रयोगशाला सेवा सञ्चालन गरिने छ ।
- स्वास्थ्य चौकीहरुबाट सेवा प्रवाह गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, उपकरणको प्रबन्ध गर्नुका साथै जल्पाको स्वास्थ्य चौकी सडक छेऊमा स्थानान्तरण, सिलुवा, देविनगरको भवनको भौतिक अवस्थामा सुधार गरेर स्वास्थ्य सेवा सञ्चालन गरिएको छ ।



- नेपाल रेडक्रस सोसाइटीको भवनमा रहेको हेक्लाङ स्वास्थ्य चौकी स्थानान्तरणका लागि नयाँ सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण भएको छ ।
- पालिकाको सबै वडाका स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको सेवा सञ्चालनको अभियान आर्थिक बर्ष २०७४/०७५ बाट सुरू गरिएको थियो । प्रदेश सरकारको सहयोगमा सिलुवा स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर भवन निर्माण सम्पन्न भएको छ ।
- २०७६ कार्तिक ६ गते पालिकालाई पूर्ण संस्थागत सुत्केरी भएको घोषणा गरेर स्वास्थ्य क्षेत्रमा प्रदेशकै नमूना पालिका बन्न सफल भएको थियो । पालिकाले पूर्ण संस्थागत सुत्केरी सुनिश्चिता गर्नका लागि टोलस्तरमा स्वास्थ्यसम्बन्धी जनचेतनाका गतिविधि निरन्तर गरिरहेको छ । आर्थिक बर्ष २०७४।०७५ मा २ जना र २०७५।०७६ मा १ जना महिला घरमा सुत्केरी भएको तथ्यांक रहेको छ । त्यसयता सबै सुत्केरी स्वास्थ्य संस्थामा भएकाले पालिकालाई पूर्ण संस्थागत सुत्केरी भएको घोषणा गरिएको हो । दुई बर्षको अवधिमा सुत्केरी आमा र नवजात बच्चाको मृत्यदर शुन्य भएको छ ।




- गर्भवती महिलाहरूको लागि अण्डा र क्यालसियम वितरण कार्यक्रम सञ्चालन गरिएको छ । साथै स्वास्थ्य चौकीमा सुत्केरी हुन आउनेहरूलाई पोषिलो झोलिलो खानाको सुरूवात गरिएको छ ।
- प्रदेशमा नै नमूना बनेको ८० बर्षदेखि माथिका जेष्ठ नागरिकहरूलाई घर घरमा गई स्वास्थ्य परीक्षण तथा उपचार सेवा कार्यक्रम निरन्तर चलिरहेको छ । जस अनुसार बार्षिक रूपमा घर घरमा स्वास्थ्य परीक्षण र सुगर प्रेसर औषधीसहित भिटामिनयुक्त सामग्री सहयोग कार्यक्रम निरन्तर सञ्चालन गरिएको छ । यस कार्यक्रमबाट आर्थिक बर्ष २०७४।०७५ मा २३५ जना २०७६।०७७ मा २५३ जना, २०७७।०७८ मा २७० र २०७८।०७९ मा ६९६ जनाले सेवा पाएका छन् ।
- रिङनेह स्वास्थ्य चौकीमा २०७४।०७५ बाट सुरू भएको सुरक्षित गर्भपतन सेवा २०७५।०७६ मा सिलुवा स्वास्थ्य चौकी र २०७७।०७८ मा विरकोट स्वास्थ्य चौकीबाट सेवा पनि प्रदान गरिएको छ । सिुलवा स्वास्थ्य चौकीमा दुईबर्षसम्म चलेर दक्ष स्वास्थ्यकर्मीको अभावमा हाल सेवा बन्द रहेको छ ।
- पालिकाले स्वास्थ्य सेवाको पहुँच बृद्धि गर्नका लागि सामुदायिक स्वास्थ्य इकाईहरु स्थापनामा गति दिएको छ । स्वास्थ्य चौकीसम्म सेवा लिन आउन टाढा भएकाले २०७४।०७५ मा सिलुवाको तामाखानी, २०७६।०७७ जल्पाको साठिकोल र विरकोटको भोर्से, २०७८।०७९ जल्पाकै लाबे र २०७८।०७९ मा रिङनेरहको अर्खालडाँडामा सामुदायिक स्वास्थ्य इकाईहरु स्थापना भएका छन् ।
- नागरिकलाई सर्वसुलभ स्वास्थ्यको पहुँच दिलाउन पालिकाले २०७७।०७८ मा कर छुटमा एक एम्बुलेन्स खरिद गरेर सञ्चालन रहेको छ । २०७६।०७७ मा विरकोट स्वास्थ्य चौकीमा रहने गरी भारतीय दुतावासको सहयोगमा यस अगाडि नै एम्बुलेन्स खरिद गरिएको थियो । हाल पालिकाभित्र २ वटा एम्बुलेन्स सञ्चालन गरिएको छ ।

- पालिका पूर्णखोप सुनिश्चित भएकाले यसलाई निरन्तरता दिन स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु स्वास्थ्य चौकीबाट निरन्तर भइरहेको छ ।
- पालिकालाई पूर्ण पोषणयुक्त, पूर्ण सरसफाइयुक्त बनाउनको लागि स्वास्थ्य कार्यक्रम निरन्तर भइरहेको छ ।
- विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रमहरु नियमित रूपमा निरन्तर भइरहेका छन् ।
- पालिकाभित्रका विपन्न तथा दलित परिवारहरूलाई स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको छ । अति विपन्न परिवारलाई शतप्रतिशत र दलित परिवारलाई ५० प्रतिशत बीमा प्रिमियम पालिकाले प्रदान गरेर स्वास्थ्य बीमा गरिदिएको छ । साथै नेपाल सरकारको मापदण्डभित्र परेका जटिल प्रकारका रोग लागेका व्यक्तिहरूको उपचार खर्च सहुलियत पाउनका लागि विपन्न नागरिक सिफारिस समेत गर्ने गरेको छ ।

**स्वास्थ्य बीमा र विपन्न नागरिक सिफारिस विवरण**

| आर्थिक बर्ष | स्वास्थ्य बीमा संख्या | विपन्न नागरिक सिफारिस |
|---|---|---|
| २०७४।०७५ | ३२५ जना | |
| २०७५।०७७ | २६७ जना | ७ जना |
| २०७६।०७७ | २८५ जना | १३ जना |
| २०७७।०७८ | २७७ जना | १४ जना |
| २०७८।०७९ चैत्रसम्म | २११ जना | १२ जना |

*स्रोत : स्वास्थ्य शाखा*

**उपाध्यक्षसँग सुत्केरी कार्यक्रम**

पालिकाले उपाध्यक्षसँग सुत्केरी कार्यक्रम सञ्चालन गरेको छ । सुत्केरी हुने महिलालाई घरमै पुगेर पोषणका लागि एक माना घीऊ दिएर स्वास्थ्य अवस्था बारेमा जानकारी लिने, स्वास्थ्य परीक्षण र आवश्यक औषधी र थप परामर्श सेवा प्रदान गरिएको छ । उपाध्यक्ष भागीरथी भट्टराईले यस कार्यक्रमबाट ८ जना सुत्केरीसँग भेटघाट गरेकी छन् । पालिका महिलाको पाठेघर परीक्षण शिविर सञ्चालन गरिएको छ । शिविरमा १९६ जनाले परीक्षण गराएका थिए । जसमध्ये ६ जना महिलाको पाठेघरमा क्यान्सरको लक्षण देखिएपछि थप उपचारका लागि रिफर गरिएको थियो ।

**कोरोना नियन्त्रणको प्रयास**

कोरोना कहरको संक्रमणको भयावह स्थितिलाई सामान्यकरण गर्न पालिका सफल भएको थियो । क्वारेन्टाइन र आइसोलेशन निर्माण, राहत वितरण, कोरोना अस्पताल स्थापना, स्वास्थ्य सामग्री र औषधी खरिद, स्वास्थ्यकर्मीहरु करारमा भर्ना, पिसिआर प्रयोगशाला निर्माण गर्न पाल्पा अस्पताललाई अनुदान रकम प्रदान जस्ता गतिविधिहरु कोरोना नियन्त्रण र रोकथाम गर्न गरिएका थिए । आर्थिक बर्ष २०७७।०७८ मा पालिकाले ३३ स्थानमा क्वारेन्टाइन/होल्डिङ्ग सेन्टर राखेको थियो । ३३ स्थानमा करिब ५ सय वेड क्षमता




जेष्ठ नागरिक स्वास्थ्य जाँच

रहेको थियो । २०७७ असार मसान्तसम्म क्वारेन्टाइनमा ५ सय ५ जना बसेका थिए । त्यस्तै ७ स्थानमा आइसोलेशन निर्माण गरिएको थियो । जसमा २०७७ असार मसान्तसम्म १ सय ६०  जना बसेका थिए । ३ सदस्यीय कोरोना केश अनुसन्धान र खोज पड्ताल समिति बनाएर कोरोनाका केस खोजी गरिएको थियो ।

- पालिका भरी पिसिआर, आरडिटी र ऐन्टिजेन परीक्षणबाट १६०६ जना कोरोना पोजेटिभ पत्ता लगाएको थियो । पालिका भित्र १४ जनाले कोरोना कहरबाट ज्यान गुमाएका थिए ।
- २०७७।०७८ मा ४ सय ४३ जना कोरोना पोजेटिभ देखिएका मध्ये ५२ जनाको भैरहवा मेडिकल कलेज, मिशन अस्पताल तानसेन र लुम्बिनी मेडिकल कजेल प्रभासमा पालिकाले नै उपचार गराएर घर फर्काएको थियो । अन्यलाई परामर्श सेवासहित घरमै आइसोलेशन बस्न सल्लाह प्रदान गरिएको थियो ।
- २०७८।०७९ मा ९४ जना पिसिआर परीक्षणमा पोजेटिभ देखिएका मध्ये ३८ जनाको पालिकाले स्थापना गरेको कोरोना अस्पतालमा उपचार गराई निको भएपछि घर फर्काएको थियो । आवश्यक जनशक्ति सहित २०७७ मंसिर १० देखि कोरोना अस्पताल सञ्चालन गरिएको थियो ।
- २०७८ माघ २० गतेसम्म कोरोना खोप १२ देखि १८ बर्ष समुहलाई २ हजार ५७ र अन्य समुहलाई १४ हजार १९ जना कोरोना खोप प्रदान गर्न सफल ।
- कोरोना कहरका बेला आर्थिक अवस्था कमजोर भई गुजारा चलाउन नसक्नेहरूको नामावली संकलन गरेर खाद्यान्न सहित राहत सामग्रीहरु वितरण गरेको थियो । पालिकाले ४४३ परिवारलाई राहत वितरण गरिएको थियो ।

*स्रोत : मोहन ढकाल, प्रमुख स्वास्थ्य शाखा र सावित्री थापा, शाखा स्वास्थ्य*

# शिक्षा सुधारमा उल्लेख्य प्रगती



उद्‌बुद्ध मा.वि.को नयाँ भवन

पालिकाले स्थानीय शिक्षा ऐन २०७६ र स्थानीय शिक्षा नियमावली २०७६ निर्माण गरेर पालिका शिक्षाका गतिविधिहरु अगाडि बढाएको छ । पालिका भित्र ३८ वटा विद्यालय र ४२ वटा बालविकास केन्द्र रहेका छन् । जसअन्तर्गत २ वटा सामुदायिक सिकाई केन्द्र, २३ वटा प्राथमिक विद्यालय, ८ वटा आधारभूत विद्यालय, ७ वटा माध्यमिक विद्यालय रहेका छन् ।

**भौतिक अवस्था**

पालिका भित्र भएका विद्यालयहरूको भौतिक अवस्था सन्तोषजनक नै रहेको छ । स्थानीय सरकार बनेपछि विद्यालयहरूका भवन निर्माण र मर्मत, घेरावार तथा कम्पाउण्ड, शौचालय निर्माण, विद्यालय परिसर,



खेलमैदान र कक्षा कोठा ढलान जस्ता काम यस अवधिमा भएका छन् । राष्ट्रिय भूकम्प पुनःनिर्माण प्राधिकरण मार्फत ४ कोठे विद्यालय भवन बनेका छन् । फर्निचरहरु व्यवस्थापन र बालबालिकालाई भूई बसाइ व्यवस्था गरिएको छ ।

एक वडा एक नमूना विद्यालयको अवधारणा अनुसार शिक्षाको गुणस्तर सुधारका प्रयास गरिएको छ । विद्यालयहरुमा प्रिन्टर, फोटोकपी जडान र कम्प्यूटर ल्यावको व्यवस्था भएका छन् । माध्यमिक विद्यालयहरुमा प्रविधिको प्रयोग (प्रोजेक्टर) को माध्यमबाट पठनपाठन पनि सुरू भएको छ । पालिका भित्रका ९ वटा विद्यालयमा कम्प्यूटर ल्याव, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र १६ वटा विद्यालयमा पुस्तकालय रहेका छन् ।

**शिक्षण सिकाई**

२,३८६ जना छात्र र २,३१९ छात्रा गरी जम्मा ४,८०५ जना विद्यार्थी पालिका भित्र रहेका छन् । सबै बालबालिकाहरुले निःशुल्क रूपमा अग्रेंजी माध्यमको पठनपाठन



शम्भु मा.वि., जल्पा

सुरूवात गरिएको छ । कोरोना कहरका बेला टोल शिक्षाको अवधारणा अनुसार पाठ्यक्रम प्रारूप तयार गरी सिकाइ क्रियाकलाप संचालन गरिएको थियो । पालिका भित्र उच्च सम्भावना रहेकाले कृषि बिषयको कक्षा ९

देखि १२ सम्मको पढाइ भइरहेकाले यसमा दक्ष विद्यार्थी उत्पादनमा पालिकाले प्राथमिकता दिएको छ । उद्‍बुद्ध माध्यमिक विद्यालयमा कृषि वाली विज्ञान बिषयको पढाइ भइरहेको छ । प्राविधिक शिक्षालाई अन्य माध्यमिक विद्यालयमा समेत सञ्चालनको तयारी छ ।

विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म पढ्नका लागि पालिका बाहिर जान नपर्ने बनाउन उद्‍बुद्ध कलेजमा शैक्षिक सुधारका गतिविधिहरु निरन्तर गरिएको छ । कलेजमा शिक्षा संकाय र व्यवस्थापन संकायको पठाइ भइरहेको छ । बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकार्ताहरूलाई प्रोत्सानस्वरूप पोशाक उपलब्ध गराइएको छ । विद्यालय तहमा हाजिरीजवाफ कार्यक्रम निरन्तर चलिरहेका छन् । जेहन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न कक्षा ११ र १२ मा पढ्ने छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । गरिब र जेहेन्दार १०० जना छात्राहरूलाई छात्रावृत्तिको व्यवस्था गरिएको छ । पलिका भित्र विद्यार्थी छुट्टै पोशाकको व्यवस्था गरिएको छ ।

प्रभावकारी सिकाईका लागि पाठ्यपुस्तक र शैक्षिक सामाग्री आधारित विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक अन्तक्रिया र सचेतना कार्यक्रम निरन्तर भइरहेको छ । बौद्धिक विकासका लागि अन्तर विद्यालय विद्यार्थी प्रतियोगितात्मक क्रियाकलाप भएका छन् । शिक्षकहरूलाई विषयगत तालिमहरु, कम्प्यूटर, मन्टेश्वरी नमूना शिक्षण सम्बन्धि तालिम र लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । त्यसका साथै मागमा आधारित रहेर क्षमता विकास तालिमहरु पनि सञ्चालन गरिएको छ । सामुदायिक विद्यालय शिक्षक अनुदान कार्यविधि २०७६ निर्माण समेत भएको छ । पालिका भित्रका शिक्षकलाई शिक्षक डायरी र प्रधानाध्यापकहरूलाई झोला वितरण गरिएको छ ।

**शिक्षक दरबन्दी**

पालिका भित्र प्राथमिक विद्यालयमा १५० जना, आधारभूत विद्यालयमा ३० जना, माध्यमिक विद्यालयमा २८ जना र माध्यमिक विद्यालय कक्षा ११ र १२ मा १० जना शिक्षकहरूको दरबन्दी रहेको छ । दरबन्दी मिलान कार्यविधि २०७७ जारी गरी त्यही कार्यविधिलाई आधार बनाएर २०७८ भदौंमा शिक्षक दरबन्दी मिलान सकिएको छ । विद्यार्थी संख्या, विद्यालयको दुरी शिक्षक दरबन्दी आदिलाई ध्यानमा राखेर पालिकाले भौतिक पूर्वाधार सुधार र शिक्षक दरबन्दी मिलान गरेको छ । विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई आपसमा गाभेर गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने र विद्यालय टाढा भएका विद्यार्थीहरूलाई विद्यालय आउन सवारी सधानको व्यवस्था गर्ने जस्ता योजना अघि सारिएको छ ।


**विद्यालय समायोजन**

निर्वाचनका बेलामा घोषणा पत्रमा शिक्षाको गुणस्तर सुधार गर्ने गरेको प्रतिबद्धता अनुरूप विद्यालय समायोजनको थालनी गरिएको थियो । पालिका सञ्चालित पाँच वटा संस्थागत विद्यालयहरूलाई नजिकको माध्यमिक विद्यालयमा समायोजन गरिएको छ । २०७५ सालबाट समायोजनको प्रक्रिया थालनी गरिएको थियो । शैक्षिक सत्र २०७६ बाट संस्थागत विद्यालयका विद्यार्थीहरु सामुदायिक विद्यालयमै पठनपाठन गर्न थालेका थिए ।

दुई धारको शिक्षा प्रणालीबाट समाजमा देखिएको समाजिक र आर्थिक विभेदलाई कम हुने अपेक्षा विद्यालय समायोजनबाट लिएको छ । संविधानले माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने मौलिक अधिकारलाई

सुनिश्चित प्रदान गर्न समेत पालिकाले यो कदम चालेको हो । साथै सुविधासम्पन्न ठूला विद्यालय (Big School) अवधारण समेत लिएको छ ।

संस्थागत विद्यालय समायोजन कार्यविधि २०७७ निर्माण गरेर पालिकामा विद्यालय समायोजनको अन्तिम टुङ्गो लगाइएको थियो । पालिकाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय बीचको शैक्षिक भिन्नता अन्त गर्नका लागि ल्याएको समायोजन प्रस्तावमा जल्पा, रिङनेरह, देवीनगर र विरकोटमा सञ्चालित संस्थागत विद्यालयहरु समायोजन भएका छन् । संस्थागत विद्यालयका ६२ जना शिक्षकहरूलाई सामुदायिक विद्यालयमा समायोजन पश्चात कामकाजको व्यवस्था मिलाइएको छ । विद्यालय समायोजन प्रश्चात समुदायिक विद्यलायहरूको शैक्षिक गुणस्तर सुधारउन्मुख रहेको छ । समायोजन अभ्यास स्थानीय तह, प्रदेश र संघ सरकारलाई पनि सिकाई हुने देखिन्छ ।




**स्थानीय पाठ्यक्रम**

प्राथमिक तहको लागि स्थानीय पाठ्यक्रम (पूर्वखोलाको सेरोफेरो) २०७७ मा तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १–५ मा लागु गरिएको छ । पालिका भित्र र वरिपरि भएका स्थानीय बिषयबस्तु बारेमा जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम तयार गरेर लागु गरिएको हो । स्थानीय पाठ्यक्रममा ९ वटा क्षेत्र र क्रम राखिएको छ । भौगोलिक स्थिति, हाम्रो समाज र स्थानीय सरकार, हाम्रो संस्कृति, भाषा र खेलकुद, कृषि र हाम्रो सम्भावना, स्थानीय सीप, प्रविधि उद्योग र रोजगारी, प्राकृतिक स्रोत र सधान, पर्यटन, स्वास्थ्य तथा हाम्रो आचरण, विपद् तथा जोखिम व्यवस्थापन क्षेत्र र क्रम राखिएको छ ।

**शैक्षिक सुधार सुझाव**

पालिकाको शिक्षा क्षेत्रको सुधारका निम्ति शिक्षाप्रेमी एंव पूर्व शिक्षक कृष्णप्रसाद भट्टराई संयोजकत्वमा ५ सदस्यीय शैक्षिक सुधार सुझाव कार्यदल २०७८ माघमा गठन भएको थियो । जनप्रतिनिधि मेहर सिं थापा, माध्यमिक विद्यालय प्रधानाध्यापकहरु श्याम बहादुर दिसा र चित्र बहादुर कुवँर र शिक्षा अधिकृत डिल्लीराम ढुंगाना सदस्य रहेको कार्यदल बनाइएको थियो । कार्यदलले २०७८ चैत्रमा तयार गरेको प्रतिवेदनमा अल्पकालिन र दीर्घकालिन शैक्षिक सुधारका सुझावहरु उल्लेख गरेको छ ।

**अल्पकालिन सुझावहरु**

१. विद्यालयमा लामो समयसम्म एउटै प्रधानाध्यापक रहने परिपाटीको अन्त्य गरी प्रधानाध्यापक बन्न ईच्छुक योग्यता पुगेका शिक्षक मध्येबाट उत्कृष्ट विद्यालय/शैक्षिक सुधार योजना पेश गर्ने शिक्षकलाई छनौट गरी पाँचबर्षे करार सम्झौता गरी आवधिक रूपमा प्रधानाध्यापक छनौट गर्ने व्यवस्था गर्नु पर्ने ।

२. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरूलाई सम्बन्धित वडाका फिडर विद्यालयहरूका लागि लघु

श्रोत केन्द्रको रूपमा जिम्मेवारी दिई वडा शिक्षा समितिसंगको समन्वयमा फिडर विद्यालयहरूको गुणस्तर सुधारमा जिम्मेवार बनाईनु पर्ने ।

३. गाउँपालिका भित्रका माध्यमिक विद्यालय प्रधानाध्यापकहरूको प्रधानाध्यापक मञ्च बनाई मासिक रूपमा नियमित छलफल गरी शैक्षिक प्रशासन सुधार सम्बन्धि साझा योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

४. विद्यालयमा रहेका कम्प्यूटर, प्रिन्टर, प्रोजेक्टर लगायतका आई.सी.टी. उपकरणहरूको मर्मत सम्भार गर्न योग्य प्राविधिकको व्यवस्था गर्नुपर्ने ।

५. प्रत्येक ठूला विद्यालयहरूमा गेट रक्षकको व्यवस्था गर्ने जसले कक्षा कोठा भन्दा बाहिर तर विद्यालय हाता भित्र शिक्षक, विद्यार्थी तथा अन्य आगन्तुकहरूको गतिविधिको निगरानी गर्ने ।

**दीर्घकालिन सुझावहरू**

१. शिक्षा विकासको दुरदृष्टि सहित दीर्घकालिन योजना बनाई Big School अवधारणा अनुसार ठूला विद्यालयहरूको भौतिक पूर्वाधार विकास गर्दै लानुपर्ने ।

२. शिक्षकहरूलाई समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था गर्ने र आवधिक रूपमा सीप परीक्षण परीक्षाको व्यवस्था गरी लागु गर्नुपर्ने ।

३. सबै विद्यालयका सबै कक्षा कोठालाई प्रविधिमैंत्री बनाउन योजना बनाई क्रमश लागु गर्दै जानुपर्ने

४. गाउँपालिका भित्र उपयुक्त स्थान छनौट गरी गाउँपालिका स्तरीय बृहत शैक्षिक अनुसन्धान केन्द्रको रूपमा विकास गर्न दीर्घकालिन योजना वनाई कार्यान्वयनमा लानुपर्ने ।

५. शिक्षा शाखामा हाल भएका कर्मचारी दरबन्दीबाट विद्यालयहरूको नियमित निरिक्षण अनुगमन गर्न जनशक्ति अपुग देखिएकोले सो को लागि छुट्टै अनुगमन अधिकारीको व्यवस्था हुनुपर्ने ।

६. ठूला विद्यालयहरूमा आवासीय शैक्षिक ग्रामको विकास गर्न क्रमस आवश्यक पूर्वाधारको विकास अनिवार्य आवासीयकरण गर्दै लानुपर्ने ।

७. विद्यालयको वैकल्पिक आम्दानीको श्रोतको पहिचान गरी लागु गर्न प्रोत्साहान गर्नुपर्ने ।

८. विद्यालयमा न्यूनतम भौतिक पुर्वाधार मापदण्ड बनाई सो को लागि जग्गा नभएका विद्यालयहरूको लागि आवश्यक जग्गा व्यवस्था गर्न पहल गर्नुपर्ने ।

९. विद्यार्थीहरूको सर्बाङ्गीण विकासका लागि आवश्यक संगित शिक्षक, खेल शिक्षक, स्वास्थ्य सहयोगीको व्यवस्था गर्नु पर्ने ।

१०. विद्यालयलाई हरित, सफा र शान्त विद्यालय वातावरण अवधारणा अनुसार विकास र व्यवस्थापन गर्दै लानुगर्ने ।

११. अन्य निकायबाट छात्रवृत्तिको व्यवस्था हुन नसकेका पालिका भित्रका उत्कृष्ट विपन्न जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था हुनुपर्ने ।

*स्रोत : डिल्लीराम ढुंगाना, शिक्षा अधिकृत र बिक्रम बस्नेत, शिक्षा शाखा*

# कृषि उत्पादन र बजारीकरणमा जोड



च्याउ उत्पादन

पूर्वखोला गाउँपालिका कृषकहरूले परापूर्वकालदेखि गरिआएको परम्परागत निर्वाहमुखी पद्दतिलाई परिमार्जन गरी प्रति इकाई जमिनमा उत्पादन र उत्पादकत्व वृद्धि गरी बहुसंख्यक कृषकहरूको जीवनस्तर उकास्न उन्नत प्रविधिको प्रचारप्रसार गरी कृषिमा आधुनिकीकरण गर्ने उद्देश्यले पूर्वखोला गाउँपालिकामा २०७४ सालदेखि कृषि विकास शाखाको स्थापना भएको हो । तत्कालीन जिल्ला कृषि विकास कार्यालय अन्तर्गत यस पूर्वखोला गाउँपालिका भित्रका ६ वटा वडाहरूमध्ये सिलुवा रामपुर कृषि सेवा केन्द्र, हेक्लाङ आर्यभन्ज्याङ कृषि सेवा केन्द्र, विरकोट, जल्पा, देवीनगर र रिङनेरह रिङनेरह सेवा केन्द्र मार्फत कृषकहरूलाई सेवाटेवा प्रदान गर्ने गरिएको थियो ।

देशको करिब ६५.६ प्रतिशत जनतालाई आश्रय दिने र अर्थतन्त्रको मेरूदण्डको रूपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभएसम्म बहुसंख्यक जनताको जिवनस्तर सुधार ल्याउन नसकिने तथ्यलाई मनन गरी नेपाल सरकारको नीति अनुरूप स्थानीय तहमा अर्थात् पूर्वखोला गाउँपालिका कृषि विकास शाखाले कृषि प्रसार, वाली संरक्षण, वाली विकास, वागवानी लगायतका अन्य कृषिसम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । गाउँपालिका भित्रका ६ वटै वडाहरूमा कृषि विकास सम्पर्क शाखाहरु रहेका छन् भने गाउँपालिकाभित्र ३ जना कृषि प्राविधिक रहेका छन् ।


**गाउँपालिकाको सोंच तथा लक्ष्यहरु**

- गाउँपालिकाका बहुसंख्यक कृषकहरूको जीवनस्तर सुधार गर्न आधुनिक कृषि प्रविधिहरु कृषक समक्ष पु¥याई खाद्य बस्तुको आन्तरिक माग पूर्ति गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- स्थानीय स्रोत, संसाधन र सिपको अधिकतम उपयोग गरी कृषि व्यवसायलाई तुलनात्मक लाभको आधारमा भौगोलिक क्षेत्रको उपयोग गरी व्यवसायिकरण गर्ने र रोजगारका अवसरहरु सृजना गर्दै कृषिजन्य उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति गर्ने ।
- कृषि उपजहरूको समुचित संरक्षण, भण्डारण तथा बजारीकरणमा आवश्यक सेवाटेवा प्रदान गर्ने ।
- खाद्यान्नवाली, फलफूल, तरकारीवाली, नगदेवाली, च्याउ तथा मौरीपालनजस्ता कृषि व्यवसायहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रूपमा कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कृषि उत्पादनको लागि आवश्यक पर्ने बीउ विजन, विरूवा आदि आपूर्ति गर्न र बीउ प्रतिस्थापन दरमा बृद्धि गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।
- बढी मोल जाने कृषिबस्तुहरु फलफूल, तरकारी, आलु बीउ, अदुवा आदिको उत्पादन बृद्धि प्राथमिकता प्राप्त पकेट प्याकेज कार्यक्रम सञ्चालन गर्ने र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न कृषि व्यवसायीलाई बढावा दिदै व्यवसायिकरण गर्ने ।
- कृषि कार्यमा महिलाको प्रमुख भूमिका हुने भएकोले महिला संलग्नतालाई प्रभावकारी गराउने ।
- लक्षित वर्ग दलित, जनजाति, विपन्न समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

**कृषि विकास शाखाबाट प्रदान हुने सेवाहरु**

| क्र.सं. | सेवाको प्रकार |
|---|---|
| १. | समूह दर्ता तथा नविकरण |
| २. | कृषि फार्म दर्ता तथा नविकरण |
| ३. | अनुदानको रासायनिक मल विक्रेतालाई इजाजात दिने/नविकरण गर्ने/मलको दररेट तोक्ने/अभिलेखीकरण |
| ४. | खुद्रा विषादी नियमन |
| ५. | वाली संरक्षणसम्बन्धी क्रियाकलाप |
| ६. | वाली विकास सम्बन्धी क्रियाकलाप |
| ७. | कृषि प्रसार |
| ८. | माटो व्यवस्थापन सम्बन्धी क्रियाकलाप |

| क्र.सं. | सेवाको प्रकार |
|---|---|
| ९. | कृषि विकास कार्यक्रमहरूको निवेदन माग/निवेदन दर्ता/अनुदानग्राही छनौट/सम्झौता/भूक्तानी सिफारिस |
| १०. | प्रदेश तथा संघीयस्तरका अनुदान कार्यक्रममा आवश्यक सहजीकरण |
| ११. | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालन |
| १२. | गाउँपालिकाले तोकेको कृषि सम्बन्धी गतिविधि सञ्चालन गर्ने |
| १३. | विभिन्न संस्था/कार्यालयहरूले माग गरेका तथ्याङ्क उपलब्ध गराउने |




*पछिल्लो वर्षहरुमा परियोजना चलेकाले शाखाको बजेटमा कमी देखिएको छ ।*

**कृषि क्षेत्रमा भएका नविनत्म कामहरु**

| सिताके च्याउ प्रवर्द्धन | टिमुर संरक्षण | अम्रिसो खेती क्षेत्र विस्तार | किवी खेतीको पकेट क्षेत्र विस्तार | कृषि एम्बुलेन्स सञ्चालन |
|---|---|---|---|---|
| विरकोटको मौलाथर कृषक समूह र हेक्लाङको वारघरे कृषि फार्म र जल्पाको छाप्दीमा प्रवर्द्धन गरिएको छ | हेक्लाङ माथिल्लो लाकुरी सामुदायिक वन क्षेत्र | मैदान तथा साठीकोल क्षेत्र जल्पा | जल्पा ढोलिमारा | आ. व.२०७७/७८ मा लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालय मार्फत कानुङ्खुमडाँडा कृषक समूहलाई कृषि एम्बुलेन्स ५०% अनुदानमा प्राप्त |

## कृषि यान्त्रिकरण तथा उपकरण विवरण

| आर्थिक वर्ष | कृषि यन्त्रिकरण संख्या | प्लाष्टिक टनेल, पोखरी र न्याप स्याक स्प्रेयर | मौरी घार | कागती, सुन्तला, आँप र लिची |
|---|---|---|---|---|
| २०७५/२०७६ | - | ६०० वटा टनेल, २० वटा पोखरी प्लाष्टिक र ९० वटा न्यापस्याक स्प्रेयर | ६० घार गोला सहित | - |
| २०७६/२०७७ | ५० वटा मिनिटिलर | | | १२,००० वोट |
| २०७७/२०७८ | ६६ वटा मिनिटिलर | | | ८,००० वोट |
| २०७७/२०७८ | - | | | ३००० वोट |
| | १२१ वटा | | ६० घार | २३,००० वोट |

*स्रोत : कृषि शाखा*

## बीउ वितरण कार्यक्रम

| आर्थिक वर्ष | परिमाण | | | | बजेट रू. हजारमा | |
|---|---|---|---|---|---|---|
| | आलु बीउ | मकै बीउ | गहुँ बीउ | धान बीउ | तरकारी बीउ | च्याउको बीउ |
| २०७४/२०७५ | - | - | २ टन | - | ३०। | - |
| २०७५/२०७६ | २० टन | ५ टन | २.५टन | ३ टन | ७००। | १००। |
| २०७६/२०७७ | १३ टन | ४ टन | ३ टन | २.४ टन | ३५५। | १५०। |
| २०७७/२०७८ | १७ टन | ६ टन | २.५टन | - | ३५०। | १५०। |
| २०७८/२०७९ | - | ४ टन | ३ टन | - | ७००। | १५०। |
| जम्मा | ५० टन | १९ टन | १३ टन | ५.४ टन | रू २,१३०। | रू ५५०। |

*स्रोत : कृषि शाखा*

## सञ्चालित तालिमहरूको विवरण

| आर्थिक वर्ष | तालिमको नाम | संख्या | अवधि | सञ्चालित वडा |
|---|---|---|---|---|
| २०७४/२०७५ | तरकारी खेतीसम्बन्धी स्थलगत तालिम | ६० जना | १ दिने | वडा नं. ३, ४ र ५ |
| २०७५/२०७६ | च्याउ खेतीसम्बन्धी तालिम | १२० जना | २ दिने | सबै वडामा |
| | फलफूल खेतीसम्बन्धी तालिम | १२० जना | २ दिने | सबै वडामा |
| | तरकारी खेतीसम्बन्धी तालिम | १२० जना | २ दिने | सबै वडामा |
| | मौरी पालनसम्बन्धी तालिम | १२० जना | २ दिने | सबै वडामा |
| २०७६/२०७७ | वेमौसमी तरकारी खेती तालिम | २० जना | ६५ दिने | पालिकास्तरीय |
| २०७७/२०७८ | किवी खेती प्रविधिसम्बन्धी तालिम | २५ जना | १ दिने | वडा नं. २ |
| २०७८/२०७९ | मिनिटिलर मर्मतसम्बन्धी तालिम | १२ जना | ७ दिने | पालिकास्तरीय |
| जम्मा | | ५७७ जना | | |

*स्रोत : कृषि शाखा*

**गाउँपालिकामा दर्ता भएका समूह र सहकारीहरु**

| कृषि फार्म | कृषि समूह | सहकारी | रासायनिक मलको कारोवार गर्ने सहकारी |
|---|---|---|---|
| ५ वटा | ३८ वटा | १४ वटा | ५ वटा |

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरु**

| आर्थिक वर्ष | कार्यक्रम | बजेट रू. हजारमा | क्षेत्रफल | लाभग्राही | लाभग्राही संस्था |
|---|---|---|---|---|---|
| २०७७/२०७८ | बेसार पकेट क्षेत्र | १,२००। | १५ हेक्टर | ४२ घरधुरी | जिविएच महिला कृषक समूह |
| | कोदो पकेट क्षेत्र | १,२००। | १५ हेक्टर | १२५ घरधुरी | दिगोपना सामाजिक उधमी महिला सहकारी संस्था लि. |
| | तरकारी चक्लावन्दी कार्यक्रम | १,०००। | १० हेक्टर | १०१ घरधुरी २०० वटा टनेल निर्माण | शुभ सन्देश महिला कृषि सहकारी संस्था लि. |
| २०७८/२०७९ | मकै पकेट | १,२००। | ५४ हेक्टर | ८०० घरधुरी | जनसेवा स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि. |
| | बेसार पकेट क्षेत्र | ६००। | | | जिविएच महिला कृषक समूह |
| | कोदो पकेट क्षेत्र | ६००। | | | |

*स्रोत : कृषि शाखा*

**कृषि ज्ञान केन्द्रबाट सञ्चालित कार्यक्रमहरु**

| आर्थिक वर्ष | कार्यक्रम | वजेट रू. हजारमा | क्षेत्रफल | लाभग्राही संस्था |
|---|---|---|---|---|
| २०७७/२०७८ | अदुवा ब्लक विकास | २,५००। | ७० हेक्टर | हात्तीलेक सामुदायिक विकास बहुउद्देश्यीय सहकारी संस्था लि. |
| | कागती मिसन | ५२५। | १० हेक्टर | कर्मुघा कृषक समूह |
| | आधुनिक टनेल निर्माण | २,५००। | ४३२० वर्ग मिटर | वडा नं.२ र ३ का कृषकहरू |
| | नमूना कृषि फार्म स्थापना | ४००। | १ हेक्टर | कानुङ खुमडाँडा कृषक समूह |
| २०७८/२०७९ | अदुवा ब्लक विकास | १,२५०। | ७० हेक्टर | गत आ.व. निरन्तरता |
| | तरकारी ब्लक विकास | १,२५०। | | शुभ सन्देश महिला कृषि सहकारी संस्था लि. |
| | तरकारी ब्लक विकास | १,२५०। | | देवीनगर महिला कृषि सहकारी |

*स्रोतः सन्तोष कंडेल, प्रमुख कृषि शाखा*

# व्यवसायिक पशुपालनमा जोड



बंगुर फार्म

पूर्वखोला गाउँपालिकामा पशुपालन व्यवसायलाई प्राथमिकतामा राखिएको छ । यो गाउँपालिका बाख्रापालन, बंगुरपालन र भैंसीपालनको राम्रो सम्भावना भएको क्षेत्र हो । त्यसैले यहाँ पशुपालनलाई आवश्यक पर्ने उपचार सेवा सहित पोषणका कार्यक्रम नियमित चलेका छन् । औषधी र घाँस खरिद तथा नियमित वितरण गरिएको छ । बाख्रालाई पिपिआर भैंसीलाई खोरेत र कुखुरालाई रानीखेतको भ्याक्सिन दिने सेवाहरू नियमित सञ्चालन भएका छन् । १६ हजार बाख्रा, ६ हजार भैंसी र ३ हजार कुखुरामा भ्याक्सिन लगाइएको छ । गाउँपालिका भित्र स्थानीय तह हुनुभन्दा अगाडि व्यवसायिक फार्महरू सञ्चालनमा थिएनन् । हाल बाख्राका ठूला फार्म मात्रै ३० वटा रहेका छन् । बाख्रापालनमा ३ सय ८४ जनालाई तालिम दिएपछि हाल २ सय ५५ वटा साना

खोरहरु निर्माण गरेर बाख्रापालन गरेका छन् । वडा नं. १ सानोगल्धा, वडा नं. २ साठीकोल, वडा नं. ४ बलिपोखरा, वडा नं. ५ पोखरीछापमा बाख्रा पकेट कार्यक्रम सञ्चालनमा रहेको छ । त्यस्तै लेयर्स कुखुरा अण्डा आत्मनिर्भर कार्यक्रम रिङनेरह, सिलुवा र विरकोटमा सञ्चालनमा रहेको छ । लेयर्स कुखुरापालनका ठूला फार्म ३ वटा र सानो फार्म एउटा रहेको छ ।

गाउँपालिकाले कुखुरापालन गर्ने २५ जना, वंगुरपालन गर्ने २५ जना र स्थानीय कुखुरापालन गर्ने कृषकहरूलाई तालिम दिएपछि उनीहरूले पनि पशुपालन गरेर आयआर्जन गर्न थालेका छन् । पाछिल्ला आर्थिक बर्षमा पूर्वखोला कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सुरु भएपछि कृषि र पशुपालनका थुप्रै गतिविधि त्यस अन्तर्गत भएका छन् ।

**व्यवसायिक फार्महरु विवरण**

| क्र.सं. | विवरण | आर्थिक बर्ष | संख्या | खोर/गोठ | दर्ता भएका फार्म |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक बाख्रापालन फार्म | २०७६/०७७ अन्तिमसम्म | ३० जना | ठूला खोरहरूको संख्या ३० वटा | ४० वटा |
| २ | वडाहरूमा पशु शिविर सञ्चालन | | १,२०० घरधुरी | | |
| ३ | भ्याक्सिन स्टोर डिफ्रिज पालिकामा सञ्चालन | | ५० हजार भ्याक्सिनको क्षमता | | |
| ४ | स्थानीय कुखुराको व्यवसायीक पालन | २०७६/०७७ अन्तिमसम्म | ५४ घरधुरी | ५० वटा (जसमा ५० भन्दा बढी कुखुरा पालन गरिएको छ ।) | |
| ५ | व्यवसायिक बंगुरपालन | २०७६/०७७ अन्तिमसम्म | ३७ जना | ३७ वटा (स्थानीय तह स्थापना हुन अगाडि एक वटा मात्रै फार्म रहेको थियो । | २२ वटा |
| ६ | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | २०६७/०७७ र २०७७/०७८ | १८० जनालाई ३६० माउ र १२ वटा बोका वितरण | नयाँ १५० वटा | |
| ७ | बाख्रा पकेट कार्यक्रम | | १०० जनालाई १० वटा बोका वितरण | नयाँ ७५ वटा | |

| क.सं. | विवरण | आर्थिक बर्ष | संख्या | खोर/गोठ | दर्ता भएका फार्म |
|---|---|---|---|---|---|
| ८ | कृत्रिम गर्भधान-नश्ल सुधार | २०७७ सालदेखि सञ्चालन | बार्षिक ३ सयको हाराहारीमा गाईभैंसीमा कृत्रिम गर्भाधान | | |
| ९ | व्यावसायिक भैंसीपालन (दुधमा आत्मनिर्भर कार्यक्रम) | | ४ जना | ४ वटा (५ वटा भन्दा बढी भैंसी पालन गरेका फार्मलाई एक लाखका दरले अनुदान प्रदान) | ६ वटा |
| १० | लेयर्सको अण्डा उत्पादन कार्यक्रम | | ३ जना | ३ वटा फार्म (जसमा ७०० भन्दा बढी कुखुरा रहेका छन्) | ३ वटा |

*स्रोत : धन बहादुर दर्लामी, पशु स्वास्थ्य प्राविधिक*



व्यवसायिक बाख्रापालन

# प्रभावकारी बन्दै न्यायिक समिति

नेपालको संविधानको धारा २२१ को उपधारा (१) अनुसार स्थानीय तहलाई न्यायिक अधिकार प्रदान गरेको छ । स्थानीय तहको निर्वाचन २०७४ पछि बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारले कानून बनाएर न्याय निरूपण गर्ने जिम्मा उपाध्यक्षलाई दिएको छ । न्यायिक समिति गठन र प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि संघीय सरकारले नमूना कानून निर्माण गरेसंगै २०७५ माघमा गाउँ सभाले ऐन बनाएर कार्यान्वयनमा ल्याएको छ ।

उपाध्यक्ष संयोजक रहेको न्यायिक समितिले गाउँटोलमा हुने २२ प्रकारका विवाद निरूपण गर्ने अधिकार प्रदान गरेको छ । न्यायिक समितिमा संयोजकमा उपाध्यक्ष भागीरथी भट्टराई, सदस्यहरु वडाध्यक्ष निलकण्ठ भट्टराई र वडाध्यक्ष रिम प्रसाद श्रेष्ठ रहेको तीन सदस्य समिति रहेको छ । समितिलाई योजना अधिकृत विनोद नेपालले सदस्य सचिवका रूपमा काममा सहयोग गरेका छन् । समितिमा परेका विवादहरु सकेसम्म मेलमिलापको माध्यमबाट समाधान गर्ने प्रयास भएका छन् । तालिम र अभ्यासको कमीले सुरूमा केही अप्ठ्याराहरु भएपनि हाल न्याय सम्पादन सहज र सरल भएको छ । पालिकामा ५ बर्ष अवधिमा न्यायिक समितिमा न्याय निरूपणको लागी २६ वटा विवाद दर्ता भएका छन् । दर्ता भएका विवाद मध्ये १९ वटा न्यायिक समितिले समाधान गरेको छ । ४ वटा विवाद समाधानको क्रममा रहेका छन् । ३ वटा विवाद देवानी प्रकृतिका भएकाले जिल्ला अदालत पाल्पामा पठाइएको छ ।

**विवाद दर्ता र मेलमिलाप संख्या २०७९ चैत्रसम्म**

| विवाद दर्ता संख्या | मेलमिलाप संख्या | प्रक्रियामा रहेको | अदालत गएको |
|---|---|---|---|
| २६ | १ | ४ | ३ |

न्याय निरूपणमा कानूनी कारवाही भन्दा पनि मेलमिलाप र सहजीकरणको माध्यमबाट समाधानको उपाय खोजिएको छ । मुख्य गरेर पालिकामा साँध सिमाना विवाद, श्रीमान् श्रीमति बीचको विवाद, सम्वन्ध विच्छेद, एक आपसमा भैगडा, घरेलु हिंसा, लैङ्गिक हिंसा, गाली बेइज्जती जस्ता विवादहरु न्यायिक समितिमा परेका छन् । विवादहरु सर्वप्रथम टोलबाटै मिलाउने, टोलमा नमिलेको विवाद वडाबाट मिलाउने, वडाबाट पनि नमिलेका विवाद पालिकाको न्यायिक समितिले मिलाउने गरिएको छ । सम्बन्ध विच्छेदको अवस्था भएका विवाद समेत मेलमिलाप गराएर पुनःसम्बन्ध स्थापित गराउने प्रयास गरिएको छ । दर्ता भएका विवादहरु महिलाका भन्दा पुरूषका बढी छन् । अभ्कै न्यायिक समितिबाट न्याय मिल्छ भन्ने सचेतना बढाउन आवश्यक देखिन्छ । कार्यालयमा कोठा अभावले न्यायिक इजलास बनाउन भने बाँकि रहेको छ । ३० जना सामुदायिक मेलमिलापकर्तालाई आधारभूत मेलमिलापसम्बन्धी ४८ घण्टे तालिम दिइएको छ ।

**सक्रिय अनुगमन समिति**

पालिकाबाट ३ लाख भन्दा बढीका योजनाहरूको अनिवार्य अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । प्राविधिकको लागत स्टिमेट र मुल्यांकनका आधारमा पालिकाबाट ३ पटकसम्म योजनाको अनुगमन हुने गरेको छ । योजना कार्यान्वयनमा सुरू, बीच र अन्तिममा अनुगमन गर्ने गरिएको छ । अनुगमनले योजनाको गुणस्तरीयता बढाएको, कमसल सामग्री प्रयोगमा न्यूनिकरण भएको र उपभोक्ता समितिलाई जिम्मेवार बनाएको छ ।



योजना अनुगमन गर्दै

उपाध्यक्षको संयोजकत्वमा, योजना अधिकृत, ईन्जिनियर र वडाध्यक्षले योजनाको नियमित अनुगमन गर्ने गरिएको छ । योजनाहरूमा देखिएको विवाद र कमजोरी सुधारमा नियमित अनुगमनले सहयोग पुगेको छ । पालिकासँगै प्रदेश र संघीय सरकारबाट पालिकाभित्र कार्यान्वयनमा रहेका योजनाहरूको पनि अनुगमन गरिन्छ । जिल्ला समन्वय समितिले पनि पालिकास्तरमा सञ्चालित योजनाहरु अनुगमन गरेर प्रतिवेदन दिने गर्दछ । विद्यालयहरूको नियमित अनुगमनले शिक्षाको गुणस्तरमा समेत सुधार ल्याएको छ । स्वास्थ्य चौकी र वडास्तरका कार्यालयहरूको अनुगमनले औषधी आपुर्तिमा सहज भएको र सेवाप्रवाहमा समेत सुधार आएको देखिन्छ ।

**राजश्व परामर्श समिति**

पालिकामा रहेको राजश्व परामर्श समितिले आन्तरिक आम्दानी बढाउने र करको दायरा फराकिलो बनाउने बारेमा छलफल र परामर्श गाउँसभालाई दिने गरेको छ । उपाध्यक्ष संयोजक रहेको यस समितिले खोलानालाका ढुङ्गा, गिट्टी र वालुवाको बिक्री वितरणबाट आम्दानी जुटाउने र अन्य स्रोतको खोजी गर्न सहयोग गरिएको छ । व्यवसाय दर्ता अभियान, भुमिकर संकलन, नक्सापास व्यवस्था, विभिन्न कृषिजन्य उत्पादनमा कर लगाउने बारेमा संवाद गरेको छ । पालिकामा रहेको वावियो र खर बिक्रीबाट समेत राजश्व संकलन गर्न सकिने सम्भावनाको पहिचान भएको छ । संस्थाहरु सुचिकृत गरेर वा अन्य विभिन्न शीर्षकमा कर लगाउन सकिने गरी करको फराकिलो दायराको खोजी भएको छ । यसरी पालिकाले हरेक आर्थिक बर्षमा आन्तरिक आम्दानी बृद्धि गर्न योजनाहरु अगाडि सारेको छ ।

*स्रोत : भागिरथी शर्मा भट्टराई, उपाध्यक्ष*

# उद्यम विकास कार्यक्रम र उपलब्धिहरू

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकार उद्योग मन्त्रालयद्वारा लघुउद्यम विकास कार्यक्रम सन् १९९८ देखि सञ्चालनमा ल्याएको थियो । यस क्रममा २००८ अप्रिलदेखि UNDP/AUSAID को आर्थिक सहयोगमा मेडपाको तेस्रो चरणमा दोलखा, बाग्लुङ, रूकुम, रोल्पा, सल्यान, दैलेख, सुर्खेत, जुम्ला, रौतहट, महोत्तरी, कालीकोट, झापा र मोरङ गरी १३ जिल्ला थप भएको थियो । यसरी देशका ३८ जिल्लामा यो कार्यक्रम सञ्चालन भएको थियो । २०७७ देखि देशका ७७ वटै जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ । २०७७ बाटै गाउँपालिका स्तरमा यो कार्यक्रम सञ्चालनको जिम्मेवारी प्राप्त भएको थियो । योजना तर्जुमाको सुरुवातदेखि नै सेवाहरूको उपलब्धता सुनिश्चित गरी व्यवसायिक सेवाहरूलाई प्याकेजका रूपमा सेवा प्रदायक संस्थासँग सम्झौता गरी लघु उद्यम विकास कार्यक्रमबाट उद्यम विकास तथा विस्तार गर्ने रणनीति रहेको छ ।

उद्यम विकास कार्यक्रम लक्ष्य र उद्देश्यहरु

- आर्थिक र सामाजिक रूपमा बिपन्न परीवार लघु उद्यम व्यवसायको माध्यमबाट सुधार गर्दै गरिबी निवारण गर्ने ।
- जनजाति, गरिब, दलित, महिला तथा बञ्चितीकरणमा परेका वर्गहरूको लघु उद्यम विकास मार्फत उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक विकासमा सहयोग गरी उनीहरूको जिविकोपार्जनमा सहयोग पुऱ्याउने ।
- न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेको समुदायलाई उद्यमशीलताको माध्यमबाट उद्यमी सिर्जना गरी रोजगार एवम् स्वरोजगारका अवसरहरु प्रदान गरी आयस्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

**कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धीहरु**

२०७७।०७८मा लघु उद्यमी सिर्जना

| वडा नं. | बिषय | संख्या | प्रविधि प्राप्त | व्यवसाय सुरु |
|---|---|---|---|---|
| घरधुरी सर्वेक्षण | | १२० | | |
| १ | बाख्रापालन | ७ जना | | ३ जना |
| १ | चुरा बनाउने तालिम | ५ जना | | - |
| २ | तरकारी खेती | ८ जना | | ४ जना |
| १ र ५ | सिलाइकटाइ तालिम | १८ जना | १८ जनाले सिलाइ मेशिन, आइरन ११ जनाले, कैची ५ जनाले | ८ जना |

| वडा नं. | बिषय | संख्या | प्रविधि प्राप्त | व्यवसाय सुरु |
|---|---|---|---|---|
| ५ | सलबुनाइ तालिम | १० जना | १० जनाले ४ हजारको दरले | - |
| ६ | होजियारी तालिम | २० जना | २० जनाले ४ हजारको दरले | १८ जना |
| | जम्मा | ६८ जना | | ३३ जना |

### आ.व. २०७९।०७९ मा नयाँ उद्यमी सिर्जना

| वडा नं. | बिषय | संख्या |
|---|---|---|
| १ | दुना टपरी तालिम | १३ जना |
| १ र ३ | डल र कुसन तालिम | २३ जना |
| ३ | ढाका बुनाई | १३ जना |
| ४ | कुखुरा पालन तालिम | ९ जना |
| ४ | मुढा बनाउने तालिम | १० जना |
| | जम्मा | ६८ जना |



### कार्यक्रम सञ्चालन प्रकिया तथा उपलब्धिहरु

| क.सं | सञ्चालन प्रकिया | क.सं | कार्यक्रमबाट अपेक्षा गरिएको उपलब्धिहरु |
|---|---|---|---|
| १ | सामाजिक परिचालन | १ | उद्यमीहरु उत्पादन हुनेछन् । |
| २ | उद्यम विकास तालिम | २ | आफ्नो व्यवसायहरु सुरू गरेका हुनेछन् । |
| ३ | सिप विकास तालिम | ३ | रोजगारी सिर्जना भएको हुनेछ । |
| ४ | लघु वित्तमा पहुँच | ४ | निम्न आयस्तर भएका व्यक्तिहरुको जिवनस्तर उकासिने अवस्था सिर्जना हुनेछ । |
| ५ | प्रविधि हस्तान्तरण | ५ | देशको अर्थतन्त्रमा बृद्धि गर्न सहयोग पुग्ने छ । |
| ६ | बजार र बजारीकरणमा पहुँच | ६ | आत्मनिर्भरता अवस्था सिर्जना हुनेछ । |

*स्रोत : निर्मला पार्दे र इश्वरी भण्डारी, लघु उद्यम सहजकर्ता*




प्रधानमन्त्री रोजगार कार्यक्रम

# रोजगार बन्दै बेरोजगार

देशभित्र रहेका आर्थिक रूपले कमजोर र विपन्न वर्गका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने उद्देश्य प्रधानमन्त्री रोजगार कार्यक्रमको रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापन सुधार ल्याउन यो कार्यक्रम सञ्चालन गरिएको हो । उनीहरूको आर्थिक स्तर सुदृढ गराउनुका साथै रोजगारका लागि विदेशिएका नागरिकहरूलाई ज्ञान, सिप तथा तालिम प्रदान गरी देशमा स्वरोजगार बन्ने अवस्था सिर्जना गर्न खोजिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २ (१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकालाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ ।

पूर्वखोला गाउँपालिकाको सबै वडामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट मोटरबाटो, कुलो निर्माण, रिचार्ज पोखरी निर्माण, विद्यालय पर्खाल तथा कम्पाउण्ड निर्माण, धार्मिक स्थलहरु मठ मन्दिर संरक्षण, खेलकुद मैदान मर्मत सम्भार, विरूवा तथा फलफुल रोपण, पर्यटकीय क्षेत्र सरसफाइ, पदमार्ग निर्माण तथा मर्मत सम्भार, कृषि सिंचाई लगायत अन्य विविध किसिमका महत्वपूर्ण कामहरु सञ्चालन गरेको छ ।

आर्थिक बर्ष २०७५।०७६ देखि आर्थिक बर्ष २०७८।०७९ सम्म गाउँपालिकालाई रू २,४७,२९,०००। प्राप्त बजेट मध्ये २,३२,१५,६०९। बजेट खर्च भएको देखिन्छ । गाउँपालिकामा सूचीकृत बेरोजगार २५१४ जना मध्ये ७४९ जनाले रोजगार प्राप्त गरेका थिए ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम, बजेट तथा कार्यक्रमको विस्तृत विवरण**

| क्षेत्र/आर्थिक बर्ष | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| आर्थिक विकास | १८,०४,००० | १५,४०,००० | १७,६६,००० | १६,२१,९४४ | १,२८,९६,००० | १,१८,६०,२६५ | ८२,६३,००० | ८१,९३,४०० |
| आयोजना संख्या | | | ६ | | ७१ | | २५ | |
| बेरोजगार व्यक्ति दर्ता | ३४१ | | ३२२ | | ९०६ | | ९४५ | |
| रोजगारी प्रदान | १३९ | | १३३ | | २४९ | | २२८ | |

*स्रोत : भुपेन मगर, रोजगार संयोजक*

# प्रविधिमैत्री बन्दै सामाजिक सुरक्षा कार्यक्रम

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित तथा आधुनिकीकरण गर्ने योग्य लाभग्राहीले उपयुक्त समयमा तोकिएको रकम पाउने व्यवस्थालाई सुनिश्चित गर्नका लागि सामाजिक सुरक्षा भत्ता बैंकबाट भुक्तानी गर्ने कार्यको थालनी भएको हो । सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समुह अनुसार लाभग्राहीहरूको नाम, नागरिकता प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचय पत्र निजले त्रैमासिक पाउने रकमको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यममा प्रविष्ट गरिएको छ । यो विवरण बैंकमा उपलब्ध भएसँगै लाभग्राहीको भुक्तानी प्रणाली अगाडि बढ्दछ ।

**आर्थिक बर्ष अनुसर सामाजिक सुरक्षा भत्ता वितरणको खर्च विवरण**

| क्र.सं. | विवरण | आर्थिक बर्ष अनुसार खर्च विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७४।०७५ | २०७५।०७६ | २०७६।७७ | २०७७।०७८ | २०७८।०७९ ६ महिना |
| १ | जेष्ठ नागरिक ७० बर्ष | १,७३,७७,६२५ | १,८१,०७,३६० | ३,२४,२२,५६० | ३,६१,७९,७५९ | ३,६७,३३,७५६ |
| २ | जेष्ठ नागरिक दलित | १४,००,००० | १२,४६,४०० | २८,६७,००० | २९,५९,३३८ | ३०,८२,९४० |
| ३ | जेष्ठ नागरिक एक महिला | ८०८१८३० | ८८७४३०० | ७६४१००० | ७८३९९०१ | ८१०५७२४ |
| ४ | विधवा | | | | ९१५९५३४ | ९७७५५२३ |
| ५ | पूर्ण अपाङ्गता (क) वर्ग | ५२०००० | ५४५२०० | ४१४६४०० | ११९४००० | १३६८५७० |
| ६ | आंशिक अपाङ्गता (ख) | ५७३६०० | ४४८२०० | ४७५३२० | २०५२६१४ | १८५६४०८ |
| ७ | दलित बालपोषण | १५६२४० | १०३३२५५ | ९३९८७५ | ८७९३२ | ८३४१४३ |

*स्रोत : परिचयपत्र तथा पञ्जिकरण शाखा*

**पञ्जिकरण (अनलाईन व्यक्तिगत घटनादर्ता)**

व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध बिच्छेद) लाई सरल, एकरूपता र सरलीकृत बनाई प्रमाण पत्र प्रदान गर्न अनलाइन घटना दर्ता सुरू गरिएको छ ।

| क.सं. | विवरण | आर्थिक बर्ष अनुसार खर्च विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७४।०७५ | २०७५।०७६ | २०७६।७७ | २०७७।०७८ | २०७८।०७९ ६ महिना |
| १ | जन्म | १०५४ | ५९४ | ७९५ | ३८९ | ६२८ |
| २ | मृत्यु | २१७ | २०२ | २४२ | २१८ | २८३ |
| ३ | सम्बन्ध विच्छेद | ५ | ६ | ४ | १७ | १६ |
| ४ | विवाह | ३८३ | २५९ | १९८ | १९८ | ३३५ |
| ५ | बसाइसराइ | ५५ | ५२ | ४९ | ५७ | ९४ |

*स्रोतः शेर बहादुर थापा, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा*



बन्दै गरेका कभर्ड हल, विरकोट

# गरिबी निवारमा गर्दै मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम

मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्र्तगत आर्थिक बर्ष २०७६।०७७ मा शिक्षा, स्वास्थ्य, कोरोना कहर रोकथाम, निशुल्क कोरोना बीमा, अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य बीमा, बाखा र वंगुर वितरण, उन्नजातको बोका खरिद, बाख्राको खोर निर्माण सहित क्षमता विकासका १५ वटा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम र प्रशासनिक खर्च सहित कुल ५२ लाख बजेट प्राप्त भएको मध्ये ४७ लाख ६३ हजार खर्च भएको थियो ।

**कार्यप्रगति विवरण**

| क.सं. | कार्यक्रमको विवरण | स्थान | खर्च रकम रू. | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री कक्षा सञ्चालनका लागि सामग्री वितरण | १ र ६ | ३,४०,०००। | २४ जना |
| २ | बाल विहानी कक्षा सञ्चालन तथा व्यवस्थापन | १ | ३६,७१५। | १७ जना |
| ३ | असहाय तथा विपन्न बालबालिकाका लागि छात्रवृत्ति वितरण (स्टेशनरी, झोला, टिफिन, बक्स) | पालिकास्तरीय | ९०,०००। | ६० जना |
| ४ | असहाय तथा अति विपन्न बालबालिकाका लागि स्टेशनरी पोशाक वितरण | पालिकास्तरीय | ३,००,०००। | २०० जना |
| ५ | स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूका लागि सुरक्षा सामग्री खरिद र वितरण (पिपिई सेट, सर्जिकल मास्क र ग्लोभ्स आदि) | पालिकास्तरीय | २,८०,०००। | ३० जना |
| ६ | कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि सुरक्षा सामग्री खरिद र वितरण (सेनिटाईजर, सर्जिकल मास्क, ग्लोभ्स र साबुन आदि) | पालिकास्तरीय | १,१९,०००। | ६०५ जना |
| ७ | निशुल्क कोरोना बीमा कार्यक्रम (भारत र तेस्रो मुलुकबाट आएका विपन्न परिवार) | पालिकास्तरीय | २,६५,८३०। | ४४३ जना |
| ८ | बाख्रा वितरण कार्यक्रम (बाख्रा खरिद, औषधी तथा परिचालन) | १ र ६ | १५,०९,९३०। | १०६ जना |
| ९ | बंगुर वितरण कार्यक्रम (बंगुर र औषधी खरिद तथा परिचालन) | १ | १,००,०००। | १० जना |

| क.सं. | कार्यक्रमको विवरण | स्थान | खर्च रकम रू. | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १० | उन्नत जातको बोका खरिद र वितरण | १ र ६ | ४,८०,०००। | १०६ जना |
| ११ | बाख्रापालन तालिम | १ र ६ | ७,३६,९७०। | १०६ जना |
| १२ | बंगुर खोर निर्माण र व्यवस्थापन | १ | ९०,०००। | १० जना |
| १३ | बाख्रापालन तालिम | ६ | ९६,०००। | ५० जना |
| १४ | क्षमता विकास तालिम (बालविवाह र घरेलु हिंसा न्यूनिकरण आदि) | १ | ३५,०००। | २५ जना |
| १५ | अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी सामग्री वितरण (ह्वील चियर, बैशाखी सेतो छडी र चस्मा) | पालिकास्तरीय | १९,३६५। | ३६ जना |
| | जम्मा लाभान्वित संख्या | | | १,८५८ जना |

आर्थिक बर्ष २०७७।०७८ मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत शिक्षा, रोजगारी सिर्जना, आरन सुधार, सीपमुलक तालिम, कृषि तथा पशुपालन, अपाङ्गता भएका व्यक्तिहरूलाई सामग्री वितरण र बालविवाह न्यूनिकरण सहितका १३ वटा कार्यक्रम सञ्चालन गरिएको थियो । विपन्न वर्ग र कोरोनाले रोजगारी गुमाएका व्यक्तिको आर्यआर्जन र रोजागारी सिर्जना हुने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । व्यवसायिक तरकारी खेती र बाख्रा, वंगुर, माछा पालनको माध्यमबाट स्वदेशमै रोजागारीको अवसरको खोजी गर्न युवाहरूलाई यो कार्यक्रमले प्रोत्साहन गरेको देखिन्छ । प्रशासनिक र कार्यक्रम सञ्चालन खर्च गरी ६० लाख रकम विनियोजन गरिएको छ ।




आधुनिक बाख्रा फार्म

**पहिचान र छनौट भएका कार्यक्रम**

| क.सं. | कार्यक्रमको विवरण | स्थान | खर्च रकम रू. | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र कक्षा कोठा व्यवस्थापन (बसाइ व्यवस्था, सङ्गीत सामग्री, टिभी र खेल सामग्री आदि) | पालिकाभरी | ४,००,०००। | ४ वटा बालविकास केन्द्र |
| २ | विपन्न र कोरोनाले रोजगारी गुमाएका व्यक्तिहरूलाई माछापालन | वडा नं. ५ भोर्से | १,५०,०००। | ५ जना |
| ३ | विपन्न परिवार र वैदेशिक रोजगारबाट फर्केका परिवारलाई स्वरोजगार बनाउन मागमा आधारित तालिम र स्वरोजगार (बंगुरपालन, बाख्रापालन, तरकारी खेती र च्याउखेती) | पालिकाभरी | १०,००,०००। | १०० जना |
| ४ | विपन्न परिवारका महिलाहरूलाई क्षमता विकास सिपमूलक (चुरा, पोते, टिका) तालिम र आवश्यक सामग्री खरिद | वडा नं. २ | २,००,०००। | २० जना |
| ५ | प्रविधि हस्तान्तरण आरन सुधार | पालिकाभरी | १,२०,०००। | ६ घरपरिवार |
| ६ | विपन्न परिवार र कोरोनाले रोजगारी गुमाएका परिवारलाई व्यवसायिक कृषिखेती (तालिम, बीउ, प्लाष्टिक टनेल, मल र आवश्यक कृषि सामग्री वितरण) | वडा नं. ३ र ५ | ७,५०,०००। | ८२ घरपरिवार |
| ७ | व्यवसायिक पशुपालन तालिम | वडा नं. ६ र १ | १,४०,०००। | ११९ घरपरिवार |
| ८ | कृषि र पशु उत्पादन सामग्री संकलन केन्द्र (भवन) निर्माण र सामग्री सहयोग | ६ को पर्नेदी | ६,००,०००। | १०० घरपरिवार |
| ९ | बाख्रापालन कार्यक्रम (तालिम, खरिद, ढुवानी, बीमा र औषधी) | वडा नं. १,४ र ५ | १३,००,०००। | ७५ घरपरिवार |
| १० | बाख्राको खोर सुधार र निर्माण | | ५,२५,०००। | ७५ घरपरिवार |
| ११ | उन्नत जातको बोका वितरण | | २,००,०००। | ७५ घरपरिवार |
| १२ | अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गमैत्री सामग्री सहयोग | पालिकाभरी | ३,०५,०००। | ४० जना |
| १३ | बालविवाह न्यूनिकरण सम्बन्धी सचेतना तालिम | वडा नं. १, ४ र ५ | ६०,०००। | १०० जना |

*स्रोत : विनोद नेपाल, अधिकृत सातौं*

# कृषि र पशुपालनमा उद्यमशिलता विकासको खोजी

गाउँपालिकाले आर्थिक बर्ष २०७७।०७८ बाट पूर्वखोला कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालन गरेको हो । परियोजनाबाट महिला तथा युवाहरूलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक सशक्तिकरण मार्फत जिविकोपार्जनमा सुधार गर्दै कृषि र पशु उद्यमशीलता विकासमा सहजीकरण सहयोग गर्ने; उन्नत प्रविधिको अनुसरण गरी उन्नत भैंसी, बाख्रा, बंगुर, स्थानीय कुखुरा व्यवस्थापन तथा दुध र तरकारीको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी परीवारको वार्षिक आम्दानी बृद्धि गर्ने र सामाजिक पुँजीको अभिवृद्धि गर्दै सहकारी दर्ता तथा सहकारीको संस्थागत विकासमा सहयोग गर्ने मुलभूत उद्देश्यहरू राखिएको छ । गाउँपालिका र हेफर इन्टरनेशनल नेपालको संयुक्त लगानीमा समाज उत्थान सहयोग केन्द्रले परियोजनाका गतिविधिहरु सञ्चालन गरेको छ ।






**बजेट तथा लाभान्वित घरधुरी संख्या**

| गाउँपालिकाको | हेफर इन्टरनेशनल नेपाल | लाभान्वित परीवार संख्या | लाभान्वित घरधुरी |
|---|---|---|---|
| ३ करोड १ लाख | १ करोड ३ लाख | करिव ४ हजार ५ सय | १४ सय |

**परियोजना मार्फत सञ्चालन भएका गतिविधिहरु**

| तलिम | बैठक | अनुगमन |
|---|---|---|
| १. आधारशिला तालिम २६ वटा समूह<br>२. समूह व्यवस्थापन तालिम २२ वटा समुह<br>३. पशु तथा श्रोतको उचित व्यवस्थापन तालिम १७ वटा समूह | १. परियोजना अनुगमन तथा ब्यवस्थापन समितिको बैठक ३ पटक<br>२. ६ वटै वडामा परियोजना व्यवस्थापन समितिको बैठक ३/३ पटक<br>३. उपभोक्ता समितिको बैठक २ पटक | १. परियोजना अनुगमन तथा व्यवस्थापन समितिबाट अनुगमन २ पटक |

**पशुपालन र कृषि कार्यक्रमहरु**

| पशुपालन तर्फ | कृषि कार्यक्रम |
|---|---|
| १. बाख्राको बीउ पाठी उपहार वितरण ७२४ वटा<br>२. बीउ बोका उपहार वितरण ५२ वटा<br>३. बंगुर उपहार वितरण ५० वटा<br>४. भैंसी उपहार वितरण ११ वटा<br>५. राँगो उपहार वितरण १ वटा<br>६. बाख्राको खोर मर्मतमा सहयोग १२२ वटा<br>७. भैंसीको भकारो सुधारमा सहयोग १२ वटा<br>८. बंगुरको खोर मर्मतमा सहयोग १० वटा<br>९. साना पशुलाई जुकामाटेको औषधी वितरण ३,२४८ वटा<br>१०. कुखुरालाई जुकाको औषधी वितरण २,२४५ वटा | १. उन्नत जातको प्याजको बीउ वितरण १९६ जना<br>२. उन्नत जातको आलुको बीउ वितरण १९६ जना<br>३. घाँसको विरूवा वितरण १९६ जना<br>४. अकबरे खुर्सानीको बीउ वितरण १२२ जना<br>५. उन्नत जातको मकैको बीउ वितरण ६२ जना |

*स्रोत : देव बहादुर ढेंगा मगर, कार्यक्रम संयोजक*

# मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट पूर्वाधार विकास

आर्थिक बर्ष २०७८।०७९ बाट सुरू भएको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरूमा बालकक्षा व्यवस्थापन, अध्यापनको लागि इलेक्ट्रोनिक उपकरण, घेराबार, ट्रस निर्माण, वाल निर्माण, विद्यालय भवन निर्माण, शौचालय निर्माण र सरसफाइ कार्यक्रम तय भएका छन् । जसका लागि ५७ लाख ५० हजार बराबरको कार्यक्रम तय गरिएको हो ।

वडा नं. ३ को वाराही प्राथमिक विद्यालय, वडा नं. १ को अकला आधारभूत विद्यालय र शारदा आधारभूत विद्यालय, वडा नं. ४ को मुकुन्द प्राथमिक विद्यालय र जनप्रिय प्राथमिक विद्यालयमा बसाइ व्यवस्थापन, टेलिभिजन, सङ्गित सामग्री, खेल सामग्री र भित्ते चार्ट निर्माण गर्न ५ लाख बजेट छुट्टाइएको छ । देवीनगरको सत्यकालिका प्राथमिक विद्यालय, कमलादेवी प्राथमिक विद्यालय र भिमसेन प्राथमिक विद्यालय, हेक्लाङको बाल कल्याण प्राथमिक विद्यालय र बालहित प्राथमिक विद्यालयमा डेक्सटप कम्प्यूटर र प्रिन्टर खरिद गर्न ३ लाख ८० हजार बजेट विनियोजन गरिएको छ ।

८ वटा आधारभूत विद्यालय सहित ४ वटा अंग्रेजी ब्लकमा ल्यापटप र प्रोजेक्टर खरिद गर्न १३ लाख २० हजार बजेट विनियोजन गरिएको छ । वडा नं. १ को किसान प्राथमिक विद्यालय र मनकामना प्राथमिक विद्यालय, वडा नं. ६ को जनप्रिय माध्यमिक विद्यालय र सत्यवती प्राथमिक विद्यालयमा विद्यालयको घेरावार गर्न ५ लाख बजेट विनियोजन गरिएको छ । वडा नं. ४ को जनप्रिय प्राथमिक विद्यालयको भवन निर्माणमा १० लाख र वडा नं. ५ को सहिद लखन थापा प्राथमिक विद्यालयको पर्खाल निर्माणमा ५ लाख बजेट विनियोजन भएको छ ।

वडा नं. १ को अकला आधारभूत विद्यालय र रोकोता प्राथमिक विद्यालय, वडा नं. ५ को कालिका प्राथमिक विद्यालय र किसान प्राथमिक विद्यालयको भवन मर्मत गर्न ४ लाख बजेट विनियोजन भएको छ । वडा नं. ५ को गणपति माध्यमिक विद्यालय र वडा नं. ६ को जनप्रिय माध्यमिक विद्यालयको शौचालय निर्माण सहित अन्य ६ वटा माध्यमिक विद्यालयमा सरसफाइ सामग्री खरिद गर्न २५ लाख र वडा नं. २ शम्भु माध्यमिक विद्यालयको खानेपानी तथा सरसफाइ व्यवस्थापन १ लाख रकम विनियोजन गरिएको छ ।

*स्रोतः पालिका कार्यालय*

# प्रभावकारी बन्दै विपद् व्यवस्थापन

पालिकाले हरेक आर्थिक बर्षमा विपद्मा परेका व्यक्तिहरूलाई राहत रकम उपलब्ध गराउनुको साथै बाढी पहिरो नियन्त्रण गर्न तारजाली, हिमपाइप र अन्य विपद् व्यवस्थापन सामग्री खरिद गरी आवश्यकता अनुसार वितरण गर्ने गरेको छ । विपद् व्यवस्थापन गर्न पालिका आफै, शहरी विकास तथा भवन डिभिजन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा र जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय पाल्पासँग मिलेर विपद् प्रभावित क्षेत्रमा रोकथाम र नियन्त्रणका गतिविधि गरेको छ ।

**सञ्चालित गतिविधिहरू**

- गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गाउँपालिका विपद् व्यवस्थापन समिति गठन
- प्रकोप तथा विपद् व्यवस्थापन खाता सञ्चालन
- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७ तयार
- गाउँ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७७ तयार
- स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा गाउँपालिका, प्रदेश सभा सदस्य तथा अन्य संघ सस्थाहद्वारा आर्थिक बर्ष २०७६।०७७ मा ४ लाख २६ हजार जम्मा गरेको र सोही आर्थिक बर्षको अन्तसम्म कोषमा १ करोड ११ लाख १० हजार जम्मा भएको थियो ।
- स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा आर्थिक बर्ष २०७७।०७८ मा गाउँपालिकाले थप १५ लाख रकम जम्मा गरेको छ ।

**राहत वितरण विवरण**

| आर्थिक बर्ष २०७६।०७७ | | | आर्थिक बर्ष २०७७।०७८ | | |
|---|---|---|---|---|---|
| क्षतिको विवरण | वडा नं. | परिवार संख्या र रकम | क्षतिको विवरण | विपद् संख्या | राहत रकम जम्मा |
| घर, गोठ भत्किएको र आगलागी | १ | ७ घर परीवार (१५ हजारदेखि २५ हजारसम्म) | बर्षादले घर भत्किएको तथा जोखिम भएको | ५१ घरपरीवार | ४ लाख २७ हजार |
| घर भत्केको | २ | १ (२५ हजार) | बर्षादले विद्यालय भवन भत्किएको | १ | २६ हजार |
| घर, गोठ भत्किएको र आगलागी भएको | ३ | ४ घरपरीवार (५ हजारदेखि ४२ हजार ७ सयसम्म) | आगलागी भएको | ४ | ८० हजार |
| घर भत्किएको | ४ | १ घरपरीवार (२० हजार) | पहिरोले अन्नवाली क्षति | ४१ | १ लाख ८४ हजार |
| | | | घरमा हावाहुरीले क्षति | ४ | ४५ हजार |

*स्रोत : पालिका कार्यालय*

# विविध कार्यक्रमहरू

## रोजगारी सिर्जना गदै कोभिड विशेष कृषि कार्यक्रम

कोभिड १९ ले बेरोजगारी बढ्ने र दीर्घकालमा खाद्य संकट पर्न सक्ने आँकलन गरेर कोभिड विशेष कृषि कार्यक्रम लागू गरिएको थियो । कोभिडबाट बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरूलाई व्यवसायिक खेती र रोजगारीको अवसर सिर्जना गरी आयआर्जनमा सघाउ पुऱ्याउनु यो कार्यक्रमको उद्देश्य रहेको थियो ।

भारत लगायत विदेशबाट आउने तरकारीको आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित कृषि कार्यक्रम अगाडि बढाइएको हो । व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन र वैदेशिक रोजगारीबाट कोभिड कै कारण भारत लगायत अन्य देशबाट फर्केका युवाहरूलाई यस कार्यक्रममा प्राथमिकता दिइएको छ । कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखिएको थियो । विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरूलाई कृषि विकास प्रोत्साहन कार्यक्रम सञ्चालन गाउँपालिकाले गरेको थियो । आर्थिक बर्ष २०७६।०७७ मा प्रतिव्यक्ति २०,००० दरले २०८ जनालाई ४१,६०,०००। रकम परिचालन गरिएको थियो । बाख्रापालन र तरकारी खेतीमा युवाहरूको उत्साहजनक सहभागिता रहेको थियो । आर्थिक बर्ष २०७७।०७८ मा १०० जनाले यो कार्यक्रमबाट लाभ लिएका थिए ।

## झोलुङ्गे पुल र ट्रस पुलले राहत

गाउँपालिका भित्र दुई आर्थिक बर्षमा ७ वटा झोलुङ्गे तथा ट्रस पुल निर्माण भएका छन् । जसबाट छिमेकी पालिका सहित पूर्वखोलाबासीलाई लाभ पुगेको छ ।

| वडा | विवरण | बजेट | स्थान | आर्थिक बर्ष |
|---|---|---|---|---|
| १ | लाम्दीखोला झोलुङ्गेपुल | ३२ लाख | वडा नं. १, सिलुवा | २०७७।०७८ |
| ३ | विर्ताकोलडाँडा ट्रसपुल | ४० लाख | वडा नं. ३, पूर्वखोला | २०७८।०७९ |
| ४ | सिमदी झोलुङ्गे पुल र ट्रस पुल | ३६ लाख | वडा नं. ४, (रम्भा ५ र पूर्वखोला ४) | २०७७।०७८ |
| ६ | विरौटाघाट झोलुङ्गे पुल | २८ लाख | वडा नं. ६ र रम्भा फोक्सिङ्कोट | २०७७।०७८ |
| ७ | भट्टीडाँडा झोलुङ्गे पुल | ३० लाख ७१ | रामपुर १० र पूर्वखोला ६ | २०७८।०७९ |

*स्रोत : प्राविधिक शाखा*



## टोल टोलमा सोलार सडक बत्ती

गाउँपालिकाले २०७५।०७६ बाट पालिकाका विभिन्न स्थानमा सोलार सडकबत्ती राख्न थालेको हो । जसअनुसार १६ लाख ७८ हजारको यस आर्थिक बर्षमा सोलार सडकबत्ती खरिद गरेर पालिका भवन, रिङनेरह बजार क्षेत्र र सबै वडा कार्यालय परिसर, प्रमुख पर्यटकीय स्थल र धार्मिक स्थलहरूमा राखिएको थियो । २०७६।०७७ मा पनि ११ वटा सोलार सडकबत्ती खरिद गरेर कार्यपालिकाले आवश्यक स्थानहरूको छनोट गरेर राखिएको थियो ।

## हटाउदै खरको छाना

खरको छाना भएका गरिब परिवारका घरमा टिनका छाना राख्ने अभियान स्थानीय तहको निर्वाचन पश्चात स्थानीय सरकारले प्राथमिकतामा राखेको कार्यक्रम हो । जनप्रतिनिधिहरूले काम थाल्दा बखत पालिका भित्र ४५१ घरधुरी फुस अर्थात् खरको छाना भएका घर थिए । २०७५।०७६ मा रु ९ लाख ९६ हजार २७ र २०७६।०७७ मा रु १३ लाख ८० हजार ९६। को जस्तापाता खरिद गरी १२२ घर परिवारलाई वितरण गरिएको थियो ।


आर्थिक बर्ष २०७७।०७८ बाट संघीय सरकारले सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरेपछि १४६ घर परिवारको खरको छाना हटाउने अभियान चलेको छ । जसमध्ये ३९ घरपरिवारको कार्य सम्पन्न भएको छ । जसका लागि १७ लाख ५५ हजार खर्च भएको छ ।



टिनका छाना हेक्लाङ

## स्थानीय तह निर्वाचन २०७४ मा घोषणा पत्र मार्फत गरिएको प्रतिवद्धतालाई फर्किएर हेर्दा

घोषणपत्रमा गरिएका प्रतिवद्धताहरु लगभग ७५ प्रतिशत पुरा भएको देखिन्छ । पालिकाका सबै ३२ जना जनप्रतिनिधिहरु नेकपा एमालेबाट विजयी भएका थिए । एउटै दलबाट सबै जनप्रतिनिधि स्थानीय तहमा भएकाले पनि नीति तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयन चुस्त र व्यवस्थित भएको छ । स्वास्थ्य, कृषि र शिक्षा क्षेत्रमा घोषणा पत्रमा उल्लेख प्रतिबद्धता सबैजसो बिषय पुरा भएका छन् ।



गाँउपालिकाको केन्द्र, जिल्ला प्रदेश र राष्ट्रिय राजमार्ग सम्म सहज आवागमन नभए सम्म स्थानीय तहको पूर्ण विकास सहज छैन ।

यातायात सहज र सुनिश्चित गराउनका लागि आवश्यक सडक नीति अवलम्बन गरिनेछ । स्थानीय तहका सबै कच्ची सडकको स्तर उन्नतिका लागि आवधिक योजना तयार गरी सडक विकास कार्यक्रम लागु गरिनेछ । सबै स्थानीय मार्गहरु कम्तीमा बीस फुट चौडाईको मापन तयार पारी तत्काल सडक सुधार कार्यक्रम लागु गरिनेछ । सबै सडकहरुको प्राथमिकता क्रम निर्धारण गरी चरणबद्ध विकास गरिनेछ । प्रदेश र राष्ट्रसंग तालमेल गरिनेछ । स्थानीय गोरेटो घोरेटो आदि पैदल यातायातका मार्गहरुको स्तर सुधार क्रमशः गर्दै लगिने छ । प्रत्येक वडाबाट सेवाकेन्द्र सम्मको आवागमनको लागि नियमित यातायात सेवाको विकास गरिनेछ ।

जस्या, रिडनेरह, सिलुवा हुँदै रामपुर नगरपालीका जोडिने बाटो व्यवस्थित गरिनेछ । हुँसिन, ज्यामिरे मोटरबाटो कालोपत्रे छिटो सम्पन्न गर्न पहल गरिनेछ । सेर्कावासदेखी रिडनेरह सम्मको देवलाङ सम्पर्क बाटोलाई नियमित यातायात हुन सक्ने गरी स्तर सुधार गरिनेछ । बीरकोट रिडनेरहको मुख्य सम्पर्क बाटो बीर्ता खल्लुकभङ्ज्याङ बाटोको प्रार्थमिक चरण मै स्तर सुधार गरिनेछ । आवश्यकताको पहिचान गरी गाँउपालिका भित्रका खोला खाल्सा भित्र पुल, पुलेसा साँघुको व्यवस्था गरिनेछ । जनताको आवागमनलाई सरल, सुगम द्रुत गति तुल्याइनेछ ।

स्वास्थ्य विमा निशुल्क उपचार, जनस्वास्थ्यमा जिम्मेवार एमाले सरकार

जनस्वास्थ्य नेपाली जनताको संविधान प्रदत्त मौलिक हक हो । यसलाई कार्यान्वयन गर्न स्थानीय सरकार जिम्मेवार बन्नेछ । गाँउपालिका भित्रका पचहत्तर वर्ष भन्दा माथिका वृद्ध नागरिकहरुलाई घुम्ती स्वास्थ्य परिक्षण र स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

- नागरिक स्वास्थ्य सेवामा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ ।
- स्थानीय जनस्वास्थ्य केन्द्रमा स्तर विकास गरी गाँउ पालिका स्तरमा कम्तीमा १५ शैयासम्मको सुविधा सम्पन्न अस्पतालको स्थापना गरिनेछ । सबै वडामा त्रैमासिक रुपमा घुम्ती सेवा प्रदान गर्न व्यवस्था मिलाइनेछ ।
- वडाका सबै स्वास्थ्य चौकीहरुको स्तर विकास गरी सुविधा युक्त स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- परम्परागत स्थानीय आयुर्वेदिक पद्धतिको संरक्षणमा ध्यान दिइनेछ । स्थानीय आयुर्वेदिक अस्पताल बीरकोटको स्तर सुधारमा ध्यान पुऱ्याइनेछ । साधनयुक्त बनाइनेछ ।
- सामुदायिक वनहरुमा हर्रो, बर्रो, अमला, चिराइतो, खेतीमा प्रत्साहन गरिनेछ ।
- घर घरमा तुलसि, घिउकुमारी श्रीखण्ड, रात्र वृक्ष रोपणलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषित गर्न प्रभावकारी कार्यक्रम ल्याइने छ ।
- युवा हरुकालागि सुविधायुक्त व्यायम साला (Cobard Hall) को व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा मात्रि सेवा प्रदान गरिने छ । सुरक्षित प्रसुतीसेवा अझ प्रभावकारी बनाईने

(६)

१५ वर्ष भन्दा धेरै समयसम्म जनप्रतिनिधि विहिन बनेको स्थानीय निकायको हुन गइरहेका निर्वाचनको विशेष महत्व छ । यो ऐतिहासिक निर्वाचन पनि हो । यस निर्वाचन पछि स्थानीयतहरु शक्तिशाली, अधिकार, सम्पन्न संवैधानिक परिधिभित्र आफू स्वायत्त हुनेछन् । टोल टोलमा पाउन लोकतन्त्रको स्वलगत अनुभूति जनताले घर घरमा गर्न सक्नेछन् । त्यसैले पनि यो निर्वाचनलाई सक्नेछन् । पहिलो पटक जनताको स्वशासन यहीबाट थालनी हुनेछ । सामान्य रुपमा नलिएर मतदानलाई विशेष रुपमा सदुपयोग गर्न सबै मतदाताहरुमा नेकपा एमाले पूर्वखोला गाँउपालिका पार्टी कमिटी अनुरोध गर्दछ ।

नेकपा एमाले नेपाली जनताको सच्चा प्रतिनिधित्व पार्टी हो । यसैले जनताका सबै खाले समस्या समाधान गर्न सक्छ । यो पार्टी आर्थिक समृद्ध गाँउ रोजगारमूलक गाँउ समाज निर्माण गर्न चाहन्छ । सामाजिक-आर्थिक रुपान्तरणका माध्यमबाट सामाजिक न्यायमा आधारित लोकतान्त्रिक, बहुलवादी, खुला प्रतिस्पर्धात्मक समाजवाद निर्माण गर्न नेकपा एमाले विशेष प्रतिबद्ध छ ।

आदरणीय जन समुदाय

नेकपा एमालले अघि सारेका "आफ्नो गाँउ आफैं बनाऔं" जस्ता सुधारात्मक कार्यक्रमहरुलाई निरन्तरता दिँदै नेपाली जनताको सपना समृद्ध समाजवादको स्थापनालाई साकार तुल्याउन नेकपा एमालेका स्थानीय सरकार क्रियाशिल बनेर अघि बढ्न दृढ प्रतिज्ञ छ । तीव्र आर्थिक बृद्धि हासिल हुने गरी स्थानीय स्रोत साधनको परिचालन गरिने छ । संविधान प्रदत्त शिक्षा, सुविधायुक्त आधारभुत स्वास्थ्य उपचार, स्वच्छ एवं सुलभ खानेपानीको भरपर्दो व्यवस्था, खेलकुदको आधुनिक व्यवस्था, मनोरञ्जनको उचित वातावरण, वातावरणको संरक्षणको समुचित उपाय आदि विविध पक्षमा एमाले सदा स्थानीय जनताको साथमा रहने कुरा विश्वास दिलाउन चाहन्छ ।

एमाले स्थानीय सरकारको प्रतिबद्धता चरणबद्ध योजनाका आधारमा विकास गतिविधि संचालन गर्ने कटीबद्धता ।

यस पूर्वखोला गाँउपालिका अन्तरगतका सबै सम्भावित क्षेत्रहरुको पहिचान गर्ने । आवधिक योजना तयार पार्ने । कृषिमा आधुनिकीकरण गर्ने, व्यवसायमुखी कृषिमा जोड दिने, उत्पादनलाई निर्यात मुखी बनाउन प्रयत्न गर्ने । नगदेबाली उत्पादनमा प्रोत्साहन गर्ने । साथै शिक्षा स्वास्थ्य रोजगारी यातायात विद्युत व्यापार व्यवसाय पर्यटन खेलकुद, मनोरञ्जन, धर्म संस्कृति परम्पराको संरक्षण नेकपा एमाले स्थानीय सरकारको प्राथमिकता हुनेछ । व्यवस्थित सुरक्षित बसोबासको अवधारणाको विकास गरिनेछ ।

नेपाली अर्थतन्त्रको सबलीकरण कृषि प्रणालीको आधुनिकीकरण

ग्रामीण क्षेत्रमा ह्रासोन्मुख कृषिलाई पुनः जीवन दिने, बन्जर भूमिलाई आवादमा परिणत गर्ने,

(३)

## सञ्चार सहकार्य



# गाउँपालिका राष्ट्रिय महासंघ नेपालको बुलेटिनबाट असल अभ्यास

घरमा सुत्केरी हुने संख्या शून्य बनाउने, मातृ तथा शिशु मृत्युदर घटाउने योजना राखी गाउँपालिकाले सञ्चालन गरेको यो कार्यक्रम सफल हुँदै गएको स्थानीय बासिन्दाको भनाइ छ।



## सबै वडामा प्रसूति सेवा

**पूर्वखोला गाउँपालिका, पाल्पा**

पूर्वखोला गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा सबै गाउँपालिकाका ६ वटै स्वास्थ्य संस्थामा प्रसूति सेवा प्रदान गर्ने लक्ष्यअनुरूप आवश्यक स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गरेपछि यहाँका महिलालाई प्रसूति गराउन टाढा जानु पर्ने बाध्यताबाट मुक्ति मिलेको छ।

गाउँपालिकाको दुर्गम मानिने वडाहरूमा समेत प्रसूति स्वास्थ्य कार्यक्रम लागू भएपछि यस ठाउँबाट प्रसूति सेवा लिनका लागि जिल्लाकै सदरमुकाम तानसेन, ताहुँ र रामपुर धाउनुपर्ने बाध्यता हटेको गाउँपालिका प्रवक्ता एवं वडा नम्बर २ का वडाध्यक्ष नीरबहादुर सारुले बताउनुभयो। स्वास्थ्य संस्थाहरूको आवश्यक निर्माण तथा पुनर्निर्माण गरी एक स्वास्थ्य संस्थाका लागि एक लाख ५० हजार बराबरको प्रसूति गराउन आवश्यक सामग्री खरिद गरी गाउँपालिकाले ६ वटै स्वास्थ्य संस्थाहरूलाई प्रदान गरेको छ।

ग्रामीण भेगका महिला प्रसूति गराउन तथा अन्य अवस्थामा नागरिकलाई हुने जटिल समस्याको सुल्भाउन टाढा जान नपरोस् भनेरै आफूहरूले यो कार्य गरेको गाउँपालिका अध्यक्ष नुनबहादुर थापाले जानकारी दिनुभयो। गाउँपालिकाभित्र घरमा हुने सुत्केरीको संख्या शून्य बनाउने उद्देश्यका साथ अहिले स्वास्थ्य शिक्षासमेत सञ्चालन गरिरहेको र केन्द्रले दिने एक हजारमा थप ६ सय रूपैयाँ थपेर प्रोत्साहन भत्ता वितरण गरिरहेको समेत उहाँले जानकारी दिनुभएको छ।

घरमा सुत्केरी हुने संख्या शून्य बनाउने, मातृ तथा शिशु मृत्युदर घटाउने योजना राखी गाउँपालिकाले सञ्चालन गरेको यो कार्यक्रम सफल हुँदै गएको स्थानीय बासिन्दाको भनाइ छ। भदौदेखि हालसम्म ५० भन्दा धेरै महिलाले स्वास्थ्य संस्थामा गएर सुरक्षित रूपमा सन्तानलाई जन्म दिइसकेको गाउँपालिकाको तथ्यांक छ। महिलाले सुत्केरी हुँदा दुःख भोग्न नपरोस् साथै आमा र बच्चाले ज्यान गुमाउन नपरोस् भनेर गाउँपालिकाले सोहीअनुसार बजेट र भौतिक पूर्वाधारको व्यवस्था तथा स्वास्थ्य जनचेतनाका कार्यक्रम समेत गरिरहेको छ।

सिलुवा, रिग्नेरह र वीरकोटमा सञ्चालनमा आएका स्वास्थ्य संस्थाको सेवासमेत प्रभावकारी बनाउने गाउँपालिकाको योजना छ। गाउँमै सेवा लिन पाउँदा सेवाग्राही खुसी भएका छन्। 'गाउँमै सुत्केरी सेवा पाएर दंग छौं', पूर्वखोलाको २ नम्बर वडास्थित जल्पा मुढेखर्ककी रीता विकले भन्नुभयो, 'पहिलो बच्चा जन्माउन गाडी रिजर्भ गरेर ताहुँ गएकी थिएँ।

सुत्केरी व्यथा लाग्दा गाडी खोजेर अन्तै जानुपर्दा लाग्ने समयको पीडा अभै बिर्सेकी छैन। बाटैमा केही भइहाल्ने हो कि भन्ने चिन्ता हुन्थ्यो।' अहिले गाउँमै खान, बस्न र पारिवारिक वातावरणमा सुत्केरी हुने अवसर पाएकोमा आफू अत्यन्तै खुसी भएको उहाँको भनाइ छ।

महिलाले सुत्केरी हुँदा दुःख भोग्न नपरोस् साथै आमा र बच्चाले ज्यान गुमाउन नपरोस् भनेर गाउँपालिकाले सोहीअनुसार बजेट र भौतिक पूर्वाधारको व्यवस्था तथा स्वास्थ्य जनचेतनाका कार्यक्रम समेत गरिरहेको छ।

# कानूनहरू निर्माणमा सफलता

गाउँपालिकाले २०७४ फागुन देखि २०७८ साउनसम्म कानूनहरु (ऐन, निर्देशिका, कार्यविधि, मापदण्ड र आचारसंहिता गरी ३२ वटा कानूनहरु निर्माण गरेको छ । जसमा ९ वटा ऐनहरू, १९ वटा कार्यविधि, २ वटा नियमावली, १ वटा निर्देशिका र १ वटा आचारसंहिता निर्माण गरिएको छ ।

| क.सं. | नाम | प्रकाशन मिति |
|---|---|---|
| १ | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ | २०७४।११।२८ |
| २ | पूर्वखोला गाउँपालिकाका केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ | २०७४।११।२८ |
| ३ | पूर्वखोला गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७४।११।२८ |
| ४ | पूर्वखोला गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | २०७४।११।२८ |
| ५ | पूर्वखोला गाउँ कार्यपालिकाको निर्णय या आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | २०७४।११।२८ |
| ६ | गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४।११।२८ |
| ७ | पूर्वखोला गाउँपालिकाको जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७४ | २०७४।११।२८ |
| ८ | पूर्वखोला गाउँपालिका शिक्षा कार्यविधि, २०७४ | २०७४।११।२८ |
| ९ | पूर्वखोला गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ | २०७४।११।२८ |
| १० | पूर्वखोला गाउँपालिकामा न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन, २०७५ | २०७५।१०।१५ |
| ११ | पूर्वखोला गाउँपालिकाको सहकारी ऐन, २०७४ | २०७५।१०।१५ |
| १२ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ | २०७५।१०।०४ |
| १३ | पूर्वखोला गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ | २०७५।१०।०४ |
| १४ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५।१०।०४ |
| १५ | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ | २०७७।०७।१६ |
| १६ | वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ | २०७७।०७।१६ |
| १७ | विपद् व्यवस्थापन कोप (सञ्चालन) कार्यविधि, २०७७ | २०७७।०७।१६ |
| १८ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ | २०७७।०७।१६ |

| क्र.सं. | नाम | प्रकाशन मिति |
|---|---|---|
| १९ | संक्षिप्त वातावरणीय परीक्षण कार्यविधि, २०७७ | २०७७।०७।१६ |
| २० | शिक्षा नियमावली, २०७६ | २०७६।०७।१६ |
| २१ | शिक्षा ऐन, २०७६ | २०७६।०७।१६ |
| २२ | सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ | २०७७।०७।१६ |
| २३ | साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ | २०७८।०४।२० |
| २४ | पूर्वखोला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ | २०७८।०४।२० |
| २५ | घर जग्गा वहाल कर व्यवस्थापन कार्यविधि | २०७८।०४।२० |
| २६ | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि | २०७८।०४।२० |
| २७ | व्यवसाय कर सम्बन्धी कार्यविधि | २०७८।०४।२० |
| २८ | पूर्वखोला गाउँपालिका स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन सम्बन्धी कार्यविधि, २०७८ | २०७८।०४।२० |
| २९ | पूर्वखोला गाउँपालिका भवन निर्माण सम्बन्धी कार्यविधि, २०७८ | २०७८।०४।२० |
| ३० | पूर्वखोला गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ | २०७८।०४।२० |
| ३१ | पूर्वखोला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ | २०७८।०४।२० |
| ३२ | पूर्वखोला गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ | २०७८।०४।२० |

*स्रोत : पालिका कार्यालय*



# पालिकाको २०७५/०७६ को नीति तथा कार्यक्रमलाई फर्किएर हेर्दा

पालिकाले तयार गरेको नीति तथा कार्यक्रमका झण्डै ७० प्रतिशत कार्यान्वयन भएको वा गर्ने प्रयास भएको देखिन्छ । कोरोना कहरको संक्रमण, सिमित स्रोत सधान, सुरुमा कर्मचारीको अभाव र केही महत्वकांक्षी कार्यक्रम भएकाले पुरा गर्न नसकिएको पाइयो । पूर्वखोला सरकारको ५ बर्ष अवधिमा भएका काम र विकासले लिएको गतिलाई सन्तोषजनक मान्न सकिन्छ ।

**आर्थिक विकास**

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | गाउँपालिकाको चौतर्फी विकासको लागी बजेट निर्माण गर्दा संविधानले निर्देशन गरेका लक्ष्य हासिल गर्ने योजना र कार्यक्रमको रूपरेखामा निर्माण गरिने छ । | योजना तर्जुमाका ७ चरणहरु अवलम्वन गरेर बजेट तथा कार्यक्रम निर्माण भएका छन् । सबै वर्ग, क्षेत्र, समुदाय र बिषयलाई बजेट र कार्यक्रम मार्फत ५ बर्षको अवधिमा सम्बोधन र समेट्ने प्रयास भएको छ । निर्माण भएको बजेटलाई सही कार्यान्वयनमा उत्तिकै जोड दिइएको छ । |
| २ | आर्थिक विकासलाई तीब्र बनाउन तिन खम्वे अर्थनिती अवलम्वन गरिनेछ । सार्वजनिक, नीजि र सहकारीको क्षेत्रको सहभागितालाई जोड दिइनेछ । | पालिका भित्र १४ वटा सहकारी संस्था क्रियासिल रहेका छन् । सहकारी संस्था र समूह मार्फत कृषि, पशुपालन र आयआर्जन क्रियाकलापहरु गरिएका छन् । रासायनिक मलको वितरण, अदुवा प्रवर्द्धन कार्यक्रम जस्ता सहकारीहरु प्रकृति र कार्य सक्षमता आधारमा पालिकाले समन्वय र सहकार्य गर्ने गरेको छ । |
| ३ | खाद्यान्नमा आत्मनिर्भर बनाउने सम्भावनालाई मध्यनजर गरी कृषि तथा उद्यमशिलता विकासका लागी नयाँ कृषि कार्ययोजना निर्माण गरिने र कृषि क्षेत्रको विकासमा लागि थप लगानी प्रवर्द्धन गरिनेछ । कृषिक्षेत्रको विकासमा यान्त्रिकरणमा प्रोत्साहन गरिने छ । | पालिकाको कृषि क्षेत्रको विकासमा कृषि विज्ञ नियुक्त गरेर पालिका भित्रको कृषि क्षेत्रमा गर्न सकिने सम्भावनाहरुको खोजी गर्न कार्य गरियो । भूगोल र हावापानी अनुसार बाली बस्तुको छनौट गर्ने योजनाहरु तय गरिएको छ । कृषिक्षेत्रलाई यान्त्रिकरण गर्न १२१ वटा मिनीटिलर, ६ सय वटा प्लाष्टिक टनेल र २० वटा प्लाष्टिक पोखरी वितरण ५ बर्षको अवधिमा भएका छन् । कम लागतमा बढी उत्पादन हुने र बजारमुल्य पर्ने वाली र बस्तुको पहिचान र खेती विस्तार गरिएको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| ४ | कृषि तथा पशुपंक्षी विकासलाई प्राथमिकतामा राखी स्वरोजगारलाई बृद्धि गर्न कृषि बीउ-विजन, घाँस उत्पादन, सिंचाई व्यक्तिगत तथा सामुहिक व्यवसाय तालिम, पशु बीमा कार्यक्रम प्रभावकारी रूपमा लागू गरिने छ । | पालिकाले बीउ बिजन वितरण कार्यक्रम अर्न्तगत हरेक बर्ष आलु, मकैं, गहुँ, तरकारी र च्याउको बीउ वितरण गरेको छ । घाँस उत्पादनमा घाँसका बीउ र विरूवा वितरण गरिएको छ । ५ सय ७७ जना कृषिहरूलाई तालिम प्रदान गरिएको छ । पूर्वखोला कृषि तथा पशु उद्यमशीलता विकास परियोजना सञ्चालन भएको छ । त्यस मार्फत पशु बीमा कार्यक्रम प्रभावकारी रूपमा अगाडी बढाइएको छ । |
| ५ | पर्यटन विकासको लागि सम्भावित पर्यटकीय स्थलहरूमा आवश्यक पूर्वाधार निर्माण र संचारमाध्यममा प्रचार प्रसार गरिनेछ । होमस्टे सञ्चालनका सम्भावित क्षेत्र पहिचान गरी स्थानीय सस्कृतिको विकाससंगै पर्यटन विकासलाई जोडिनेछ । | वडास्तरमा रहेका पर्यटकीय स्थलहरूमा मोटरबाटो, बिजुली, पैदलमार्ग र खानेपानी जस्ता पूर्वाधार निर्माण गरिएको छ । सिलुवाको रूदे चुरामण्डली बराजु, जल्पाको मादले गुफा, खाँणदेवी गुफा र चुलीडाँडा, रिङनेरहको लोकेश्रवर महादेव मन्दिर, देवीगरको भानुमाता पार्क, विरकोटको बढीलेक, हेक्लाङको वाकुमगढीमा पर्यटकमैत्री पूर्वाधारहरू निर्माण गरिएको छ । पालिकास्तर संस्कृति, पहिचान र पर्यटकीय गन्तव्य झल्किने वृत्तचित्र निर्माण गरिएको छ । होमस्टे सञ्चालनका लागि समुदायलाई प्रोत्साहन गरिएको छ । |
| ६ | ५ बर्षमा ४ सय जना युवालाई स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, बायरिङ, कृषि फार्म लगायतका तालिम सञ्चालन गरिनेछ । | कृषि र पशुपालन, हाउस वायरिङ, पलम्बिङ, सिकर्मी, डकर्मी, सिलाईकटाई, सुइटर बनाई विभिन्न तालिमहरूमा युवा पुरूष र महिला सहभागि भएका छन् । तालिम लिएका मध्ये धेरैले तालिम पश्चात व्यवसाय गरेर स्वरोजगार बनेका छन् । सबै खाले तालिममा झण्डै ६ सय युवाहरु सहभागि भएका छन् । |
| ७ | कृषिको सम्भाव्यता अध्ययन गरी कृषियोग्य भूमिमा कृषि प्याकेज कार्यक्रम लागू गरिने छ । | वडास्तरमा सम्भाव्यता पहिचान भएको छ । कृषकको रूची र सम्भावना हरेर कृषि र पशुपालन व्यवसाय सञ्चालन गर्न पालिकाले अनुदानका कार्यक्रम सञ्चालन गरेको छ । |
| ८ | प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अर्न्तगत ब्लक, पकेट कार्यक्रम क्षेत्र विस्तारमा पहल गरिने छ । | यस कार्यक्रम अनुसार बेसार, अदुवा, कोदो, मकैं पकेट क्षेत्र समूह र सहकारी मार्फत सञ्चालन गरिएको छ । तरकारी चक्लाबन्दी कार्यक्रम पनि सञ्चालन भएको छ । अन्य क्षेत्र र बालीबस्तु बिस्तार गर्ने क्रम रहेको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| ९ | स्थानीय उत्पादनलाई बजारमा पुऱ्याउन सडक पूर्वाधार निर्माणलाई कृषिउपज तथा उत्पादन बजारीकरणका लागि आवश्यक बाटोसंग जोड्न प्राथमिकतामा राखिनेछ । | वडास्तरमा सडक सञ्जालको विस्तार भएका छन् । पालिकासँग जोडिएको आर्यभञ्जाङ्-रामपुर सडकसँग र कालिगण्डकी कोरिडोरसंग सडक सञ्जाल विस्तार गरिएको छ । वडाका केन्द्रसम्म पुग्ने सडकहरूको स्तरउन्नती भएका छन् । हेक्लाङ र विरकोटलाई कालिगण्डकी कोरिडोरसँग जोडिएको । |
| १० | स्थानीय उत्पादनलाई पोषणाको रूपमा प्रयोग गर्ने गरी एक "टोल एक, एक बगैंचा" र फलफुल उत्पादनलाई जोड दिन "एक व्यक्ति एक फलफुल" अभियान सञ्चालन गरिने छ । | घर घरमा कसेराबारी कार्यक्रम सञ्चालन गरिएको थियो । बीउ विजन र फलफूलको विरूवाहरु वितरण गरिएको थियो । सुन्तला र कागती विरूवा रोपण गरिएको छ । सुहारा कार्यक्रम मार्फत पोषकतत्व तथा घरमै बनेका खानेकुरा खाने बानीको विकास गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । |
| ११ | "आफ्नो गाउँ आफै बनाउँ, मिलिजुली बसौं, सबैं संगै रमाउँ" भन्ने नारालाई अबलम्बन गर्दै सामुहिक र व्यवसायिक कृषि एवं पशुपालनमा जोड दिइनेछ । | सामूहिक कृषि र पशुपालन व्यवसायको थालनी पालिका भित्र भएको छ । विरकोटमा कागती खेती, जल्पाको मैदानमा अम्लिसो खेती, रिङनेरहको रोङढेङ पशुपालन र हेक्लाङमा सामुहिक कृषि र पशुपालन व्यवसाय गरेका छन् । |
| १२ | पालिका भित्र करको दायरा बिस्तार गरिनेछ । | पालिकाले कर बृद्धि नगरी अर्थात् जनतालाई मर्का नपर्ने गरी दायरा बढाएको छ । भूमिकर, घरबहाल कर, नक्सापास दस्तुर, सिफारिस दस्तुर, सूचीकृत दस्तुर लगायतका कर र दस्तुरहरूको बिस्तार गरिएका छन । |

## सामाजिक विकास

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताहरूको पहुँचमा पुऱ्याइने छ । स्वास्थ्य संस्था पहुँच नभएको समुदायमा सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन गरी स्वास्थ्य पहुँच पुऱ्याउन पहल गरिनेछ । | सबै स्वास्थ्य संस्थामा आवश्यकता अनुसार स्वास्थ्यकर्मी व्यवस्था गरिएको छ । पालिकाले नेपाल सरकारले प्रदान गर्ने औषधी बाहेक थप औषधीको व्यवस्था गरेको छ । स्वास्थ्य चौकीबाट २४ घण्टे प्रसुती सेवा, ल्याव सेवा, भिडियो एक्सेरे सेवा उपलब्ध गराएको छ । वडा नं १ को तामाखानी, वडा नं. २ को लाबे, वडा नं. ३ को अर्खलडाँडा, वडा नं. ५ भोर्सेमा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गरी स्वास्थ्य सेवा उपलब्ध प्रदान गरिएको छ । गाउँघर क्लिनिक र खोप केन्द्रलाई व्यवस्थित गरिएको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| २ | पालिकाको पायक पर्ने सम्भावित स्थानमा १५ शैंयाको अस्पताल स्थापना गर्ने कार्य अगाडी बढाईनेछ । | वडा नं ५ विरकोटमा १५ शैंयाको अस्पताल निर्माण भइरहेको छ । |
| ३ | विपन्न परिवारका १ सय घरपरिवार, अपाङ्ग र दलितलाई ५० प्रतिशत अनुदानमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने छ । | विपन्न परिवार र अपाङ्गलाई १०० प्रतिशत र दलित परिवारलाई ५० प्रतिशत बीमा प्रिमियम पालिकाले प्रदान गरेर स्वास्थ्य बीमा गर्न प्रोत्साहन गरिएको छ । |
| ४ | किशोर किशोरीहरूको लागी प्रजनन् स्वास्थ्यलगायत अन्य स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । | समुदाय र विद्यालयस्तरमा प्रजनन् स्वास्थ्यलगायत अन्य स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन नियमित रूपमा भएका छन् । |
| ५ | कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्यकर्मी र महिला स्वयसेविकाहरूलाई पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ । | बार्षिक रूपमा कामका आधारमा पुरस्कृत र प्रोत्साहन गरिएको छ । कोरोना संक्रमण नियन्त्रण र रोकथाममा खटिने स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिएको थियो । |
| ६ | असक्त असाहय तथा जेष्ठ नागरिकहरूलाई घरदैलो मै गई स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम लागु गरिनेछ । साथै मद्यपान तथा सुर्तीजन्य पदार्थको बिक्री वितरणलाई निरूत्साहित गर्न पहल गरिनेछ । | बार्षिक रूपमा असक्त, असाहय, अपाङता भएका व्यक्ति र जेष्ठ नागरिकहरूलाई घरदैलो मै स्वास्थ्य परीक्षण गर्ने, आवश्यकता अनुसार औषधी र पोषकतत्व वितरण गर्ने कार्य पहिलो आर्थिकबर्षबाटै गरिएको छ । विद्यालयस्तरमा चेतनाबृद्धि गरेर मद्यपान तथा सुर्तीजन्य पदार्थको बिक्री वितरणलाई निरूत्साहित गर्ने कार्य पनि निरन्तर गरिएको छ । |
| ७ | स्वास्थ्य संस्थाहरूको औषधी आपूर्ति आकस्मिक मौज्दात र स्वीकृत मौज्दातका आधारमा गरिनेछ । ५ बर्षको अवधीमा पालिकालाई पूर्ण पोषणयुक्त गाउँपालिका घोषणा गर्ने सुनौला हजार दिनका आमा तथा बालबालिकाहरूको पोषण सुधारका कार्यक्रम सञ्चालन गरिने छ । | स्वास्थ्य संस्थामा पालिकाले आवश्यक औषधी प्रयाप्त मौज्दातको व्यवस्था गरेको छ । पालिकास्तरमा औषधी भण्डारणको व्यवस्था गरिएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरेर सुनौला हजार दिनका आमा र बालबालिकाहरु पोषण सुधार कार्यक्रम गरिएको छ । यो कार्यक्रममा प्राविधिक सहयोग सुहारा कार्यक्रमबाट भइरहेको छ ।<br>वडा नं ५ विरकोट पूर्ण पोषणयुक्त वडा घोषणा भएको छ । कोरोना कहरको संक्रमणले अन्य वडा घोषणामा ढिलाइ भएको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| ८ | सञ्चारका सबै संचारमाध्यमहरूबाट जनचेतनामूलक सन्देशको प्रचार प्रसार गरिनेछ । | छापा, अनलाइन, रेडियो र टेलिभिजन सहित संचारमाध्यम र समाजिक सञ्जालबाट नियमित जनचेतनामूलक सन्देश प्रभाव भइरहेको छ । |
| ९ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी चुस्त दुरूस्त बनाउन सबै स्वास्थ्य संस्था कम्प्यूटर सहित इन्टरनेटको प्रबन्ध गर्न सम्बन्धित क्षेत्रसंग समन्वय गरिनेछ । | पालिका भित्रका ६ वटै स्वास्थ्य संस्थामा नियमित विद्युत सहित इन्टरनेटको प्रबन्ध व्यवस्था गरी अनलाइन प्रणालीबाट रिपोर्टिङ गर्ने प्रणालीको विकास भएको छ । |
| १० | २ बर्ष भित्र पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने गरी निरन्तर वडाहरूमा विशेष सरसफाई कार्यक्रम लागू गरिनेछ । | वडाहरूमा पूर्ण सरसफाईका कार्यक्रमहरु सञ्चालन गरेर पूर्ण सरसफाईयुक्त घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको थियो । कोरोना कहर संक्रमण फैलिएकाले अन्तिम तयारी भएपनि घोषणा हुन सकेका छैनन् । |
| ११ | शुद्ध खानेपानी व्यवस्थापन गरी पानीजन्य रोगको न्यूनिकरण गर्न "एक घर एक धारा" कार्यक्रम लागु गर्ने नीति लिइने छ । | नयाँ खानेपानी योजनाहरु निर्माण, पुराना योजनाहरूको मर्मत र कुवा तथा मुहानहरूको संरक्षण गरी पालिका भित्र शुद्ध खानेपानी व्यवस्थापन भइरहेको छ । करिब ७५ प्रतिशत घरपरिवारमा "एक घर एक धारा" जडान भएको छ । |
| १२ | गाउँपालिका भित्र सञ्चालनमा आउने गरी एम्बुलेन्सको व्यवस्था गरिनेछ । | पालिका भित्र २ वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ । पालिकाले एक र भारतीय दुतावस मार्फत एक एम्बुलेन्सको व्यवस्था गरिएको हो । |
| १३ | सामाजिक सुरक्षा वितरण कार्यक्रमलाई घर घरमा पुऱ्याउने व्यवस्था मिलाइने छ । | सुरूको आर्थिक बर्षमा घर घरमा नगद वितरण गरेपनि नेपाल सरकारको नीति अनुसार अनिवार्य बैंक खातामा जम्मा गर्ने व्यवस्था भए अनुसार हाल बैंक खातामा जम्मा गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । |
| १४ | वालविवाह, बहुविवाह जस्ता सामाजिक समस्यालाई निरूत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । | वडास्तरमा, टोलविकास संस्था, महिला आमा समूह, वालक्लब, विद्यालयहरु र कलेजहरूमा नियमिति सचेतनाका कार्यक्रमहरु भएका छन । |
| १५ | "स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद" नारालाई साकार पार्न "एक वडा एक व्यवस्थित खेलमैदान" का लागि पूर्वाधार निर्माणमा जोड दिइनेछ । | सबै वडास्तरमा साना ठूला खेलमैदान निर्माण भएका छन । कतिपय स्थानमा टोलहरु भलिवल खेल मैदान निर्माण भएको छ । जल्पामा बहुउद्देश्यीय खेल मैदान निर्माण भइरहेको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १६ | शिक्षामा सूचना प्रविधिको विकास एंव प्रयोगलाई प्रोत्साहन गरिनेछ । | विद्यालयमा इन्टरनेट, कम्प्यूटर ल्यावको व्यवस्था भएका छन् । माध्यमिक विद्यालयहरूमा प्रोजेक्टरको माध्यमबाट पठनपाठन भएको छ । |
| १७ | विद्यालयलाई पूर्ण बालमैत्री बनाईदै शिक्षण सुधारलाई प्राथमिकता दिइनेछ । | विद्यालयमा शिक्षण सिकाईमा बालमैत्री अभ्यासका थालनी भएका छन् । विद्यलायका अतिरिक्त वडा हुदैं पालिकालाई वालमैंत्री बनाउने गरी काम अगाडी बढाइएको छ । |
| १८ | विद्यालयहरूमा विद्यार्थी अनुसार दरबन्दी कायम गरी शिक्षण सुधारलाई प्रमुख प्राथमिकता दिइनेछ । | विद्यार्थी अनुसार शिक्षक दरबन्दी मिलान गरिएको छ । शिक्षक दरबन्दी मिलान कार्यविधी २०७७ निर्माण गरेर दरबन्दी मिलान सुरू गरिएको थियो । २०७८ भदौमा शिक्षक दरवन्दी मिलान सकिएको थियो । |
| १९ | विद्यालयहरूमा प्रर्याप्त भौतिक सुविधा व्यवस्थापन गर्न पहल गरिनेछ । | विद्यालय भवन र फर्निचरहरु व्यवस्थापन पालिका आफै र अन्य निकायको साझेदारीमा गरिएको छ । राष्ट्रिय भूकम्प पुनःनिर्माण प्राधिकरण मार्फत ४ कोठे विद्यालय भवन बनेका छन् । विद्यालयमा खानेपानी र शौचालयहरु निर्माण भएका छन् । बालबालिकालाई भूई बसाइ व्यवस्था गरिएको छ । |
| २० | जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न सामुदायिक विद्यालयबाट एसइइ परीक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार दिने व्यवस्थालाई निरन्तरता दिदै यसलाई आधारभूत तहमा समेत बिस्तार गरिनेछ । | जेहन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न कार्यक्रम एसइइ परीक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीसंगै कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीहरूलाई पनि गरिएको छ । आधारभूत तहमा बिस्तार गर्ने योजना छ । |
| २१ | बाल विकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकार्ताहरूलाई प्रोत्साहनस्वरूप पोशाकको व्यवस्था मिलाइनेछ । | बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकार्ताहरूलाई प्रोत्सानस्वरूप पोशाक उपलब्ध गराइएको छ । |
| २२ | तहगत विद्यालय शिक्षक हाजिरीजवाफ कार्यकमलाई निरन्तरता दिईनेछ । | विद्यालय तहमा हाजिरीजवाफ कार्यक्रम निरन्तर चलिरहेको छ । |
| २३ | विद्यालय, शिक्षक, विद्यार्थी र अविभावक अन्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । | विद्यालय, शिक्षक, विद्यार्थी र अविभावक अन्तक्रिया तथा सचेतना कार्यक्रम निरन्तर भइरहेको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| २४ | शिक्षाको पूर्वाधार विकासलाई प्राथमिकताका आधारमा क्रमशः अगाडी बढाइनेछ । | विद्यालयहरूको भवन निर्माण र मर्मत, घेराबार तथा कम्पाउण्ड निर्माण, शौचालय निर्माण, विद्यालय परिसर र कक्षा कोठा ढलान जस्ता काम भएका छन् । |
| २५ | प्राविधिक तथा व्यवसायिक शिक्षा बिस्तार गरिनेछ, साथै आधुनिक प्रविधिको प्रयोगबाट दिईने शिक्षामा जोड दिइनेछ । | उद्बुद्ध माध्यमिक विद्यालयमा कृषि वाली विज्ञान बिषयको पढाइ भइरहेको छ । कम्प्यूटर ल्यावहरू स्थापना भएका छन् । प्रोजेक्टरको प्रयोग गरे शिक्षण गर्ने थालनी भएका छन । प्राविधिक शिक्षालाई अन्य माध्यमिक विद्यालयमा समेत सञ्चालनको तयारी भएको छ । |
| २६ | शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि समयानुकुल तालिमको व्यवस्था मिलाउन पहल गरिनेछ । | शिक्षकहरूलाई विषयगत तालिमहरु, कम्प्यूटर र लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । त्यसका साथै मागमा आधारित रहेर क्षमता विकास तालिमहरु पनि सञ्चालन गरिएको छ । |
| २७ | स्थानीय कला संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा विकासमा जोड दिइनेछ । | पालिका भित्र रहेको स्थानीय कला संस्कृति भेषभुषाको संरक्षण र सम्बर्द्धन गर्ने कार्यक्रम वडा र पालिकास्तरबाट लक्षित वर्ग अर्न्तगत बजेट विनियोजन गरेर गरिएको छ । परम्परागत भेषभूषा र रहनसहनको जर्गेर्ना गर्ने कार्यक्रम सञ्चालन भएका छन् । |
| २८ | समाजका सबै किसिमका लैङ्गिक, जातीय र बर्गिय विभेदहरूलाई निरूत्साहित गर्नपहल गरिनेछ । | चेतनामूलक कार्यक्रम सञ्चालन गरेर लैङ्गिक, जातीय र बर्गिय विभेदहरु निरूत्साहित गर्नपहल भएको छ । लैङ्गिक हिंसा विरूद्ध १६ दिने अभियान, लक्षित समूदाय र वर्गका कार्यक्रमहरु वडास्तरमा राखेर जातीय मौलिकतालाई सम्मान गदै जातीय सहिष्णुताको विकासमा जोड दिइएको छ । पालिका भित्रका कार्यालयहरूमा समावेशीकरणलाई ध्यान दिइएको छ । |

## पूर्वाधार विकास

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | भौतिक विकासमा सहयोग पु¥याउन पूर्वखोला गाउँपालिकाको आवधिक योजना निर्माण गरिनेछ । योजनाहरूलाई आवधिक योजनाले तोकेअनुसार कार्यान्वयन गदै लगिनेछ । | पालिकाको आवधिक योजना र सडक गुरूयोजना निर्माण भएका छन् । यी योजनाले निदृष्ट गरे अनुसार योजनाहरूको छनौट, बजेट परिचालन र कार्यान्वयन गरिएको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| २ | वडा कार्यालय र गाउँपालिका कार्यालय बीच यातायात सहज बनाउन वडा र केन्द्र जोड्ने बाटो तथा शहरीकरण भैसकेको सडकहरूलाई पहिलो प्राथमिकता राखी पक्की स्वरूपमा परिणत गर्ने नीति लिइनेछ । अन्य सडक तथा बाटोहरु क्रमशः स्तरउन्नती गर्दै लगिनेछ । साथै सडकको बर्गिकरणको लागि पुर्वखोला यातायात गुरूयोजना निर्माण गरिनेछ । | वडा कार्यालय र गाउँपालिका कार्यालय बीच यातायात सहज भएको छ । पालिका केन्द्र विर्ताबजारमा ५ सय ८० मिटर सडक कालोपत्रे गरेको छ । प्रदेश सरकार मार्फत हुमिन-पूर्वखोला-ज्यामिरे सडकको १६ किलोमिटर कालोपत्रे गर्ने काम भइरहेको छ । सडकको बर्गिकरण सहितको पुर्वखोला यातायात गुरूयोजना निर्माण भएको छ । पालिका भित्रका अन्य सडकहरु पनि स्तरउन्नती निरन्तर भइरहेको छ । |
| ३ | गाउँपालिकाभित्रका सडकहरु हरियाली बनाउन सडक छेउछाउममा उत्पादनका आधारमा बृक्षारोपण गरिनेछ । | नयाँ सडक निर्माण र स्तरउन्नती गर्दा अनिवार्य रूपमा बजेटको ५ प्रतिशत सडक संरक्षणमा विनियोजन गर्ने नीति बनाइएको छ । सडक छेउछाउमा बृक्षारोपण गरी हरियाली प्रवर्द्धनलाई प्रोत्साहन गरिएको छ । |
| ४ | पालिकाभित्र आवश्यकता अनुसार फड्के, झोलुङ्गे पुल, पक्की पुल आदि निर्माण गर्दै ठूला नदी तथा खोलाक्षेत्रको आवागमनलाई सहज बनाउन पहल गरिनेछ । | पालिकाभित्र ५ बर्षको अवधिमा ७ वटा झोलुङ्गे र ट्रस पुल निर्माण भएका छन । पालिका केन्द्र जोड्ने पहुँच सडकमा २ वटा सडक पुल बनेका छन् । कोन्द्रेखोला र जमलेघाटमा सडक पुल प्रदेश सरकारमार्फत बनेका हुन । |
| ५ | खेतीयोग्य जमिनहरु सिंचाइको उचित व्यवस्था मिलाई माटो परीक्षणका आधारमा खेती गर्ने परिपाटीको विकास गरिने छ । | सिंचाईका लागी वडा नं. ३ मा ५५ सय मिटर, वडा नं. २ मा १ किलोमिटर, वडा नं. ४ मा ७.५ मिटर, वडा नं. ५ मा २ सय मिटर र वडा नं. ६ मा ३ सय मिटर सिंचाई कुलोहरु मर्मत र नयाँ बनेका छन् । माटो परीक्षण कार्य केही वडामा भएपनि सबै वडामा सञ्चालन हुन सकेन । |
| ६ | ग्रामीण विद्युतीकरण हुन नसकेका गाउँमा विद्युतीय पोलको व्यवस्था गरी उज्यालो पूर्वखोला अर्थात् टुकी रहित गाउँपालिका घोषणा गरिनेछ । | ग्रामीण बस्तीहरूमा रहेका काठपोललाई विस्थापन गर्ने सुरूकै बर्षबाट थालिएको थियो । सडक सोलारबत्ती र अन्य सोलारबत्तीको समेत विस्तार गरिएको छ । नेपाल विद्युत प्राधिकरणको समन्वयमा हालसम्म विद्युत नपुगेका छिस्स, थाङसिङ, खरक र धुसेनी बस्तीहरूमा विद्युतिकरण भइरहेको छ । पालिकालाई छिट्टै टुकी रहित पालिका घोषणा गरी उज्यालो पुर्वखोला लक्ष्य पुरा गर्ने चरणमा छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| ७ | गाउँपालिका कार्यालय भवन, वडा भवन तथा अन्य सरकारी कार्यालयका भवनहरू निर्माण एंव नियमित मर्मत गरिनेछ । | पालिकाको प्रशासकीय भवन बनिरहेको छ । सभाहल निर्माण भएको छ । हेक्लाङ स्वास्थ्य चौकी भवन बनेको छ । देवीनगरको वडा कार्यालय स्तरउन्नती भएको छ । सिलुवाको वडा कार्यालय मर्मत भएको छ । सिलुवामै वर्थिङ सेन्टर भवन बनेको छ । साथै अन्य वडाका कार्यालयहरू, बिषयगत शाखाका कार्यालय र अन्य सरकारी कार्यालयका भवनहरू नियमित मर्मत गरिएको छ । |
| ८ | गाउँपालिकालाई पूर्ण संचार क्षेत्रका रूपमा विकास गरिदै लगिनेछ । यसका लागि दुरसञ्चार तथा इन्टरनेट प्रदायक संस्थाहरूसंग समन्वय गदै आवश्यक भौतिक पूर्वाधार व्यवस्थापन गरिनेछ । | पालिका कतिपय स्थानमा दुरसञ्चार सेवा अर्थात् मोवाइल सेवाको गुणस्तर सुधारका लागि नेपाल टेलिकमसंग समन्वयमा रिपिटर टावरहरू र व्याट्री ब्याकअपको व्यवस्था गरिएको छ । पालिका भित्र सबै वडा कार्यालय, स्वास्थ्य चौकी र अन्य कार्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ । अनलाइन घटनादर्ता, स्वास्थ्यको अनलाइन रिर्पोटिङ्ग प्रणालीको विकास गरिएको छ । |
| ९ | गाउँ बस्ती र शहरी बस्तीलाई बर्गीकरण गर्न 'बस्ती विकासको मापदण्ड' तयार गरिने छ । | बस्ती विकासको मापदण्ड तयार भएको छैन । पालिका भित्र बन्ने नयाँ घरहरु निर्माणमा नक्सापास र बस्ती विकास गर्दा सडक मापदण्ड लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । |
| १० | थप कार्यक्रमलाई समावेश गर्दा बस्तीस्तरबाट आएका मागलाई प्राथमिकता दिइनेछ । | टोल, बस्ती र वडास्तरबाट आएका मागहरूलाई आवश्यकता र औचित्यताको आधारमा प्राथमिकता दिइ योजनामा समावेश गरेर कार्यान्वयन गदै लगिएको छ । |
| ११ | विकास योजना तथा पूर्वाधार कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न कार्यान्वयन कार्ययोजना निर्माण गर्ने र सरोकारवालाहरूलाई समयमै क्षमता विकास गराउने कार्यकम अगाडी बढाइनेछ । | पालिकाले लिएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन लागि प्रमुख प्रशासकीय अधिकृतसंग कार्यसम्झौता गर्ने अभ्यासको थालनी भएको छ । साथै योजना कार्यान्वयनका लागि शाखा अनुसार कार्ययोजना बनाउने गरिएको छ । उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना सञ्चालन गर्नुभन्दा अगाडी उपभोक्ता समितिलाई तालिम दिएर योजना कार्यान्वनलाई सहज बनाइएको छ । |

**वातावरण तथा विपद् व्यवस्थापन**

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन मापदण्ड निर्माण गरिनेछ । | वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ र तयार भएकाले वातावरण र विपद् सम्बन्धि कार्य र गतिविधि त्यही ऐनको अधिनमा रहेर गरिएको छ । |
| २ | "एक व्यक्ति, एक विरूवा" तथा "एक घर एक करेसाबारी" कार्यक्रम लागू गरी "हरियाली पुर्वखोला" निर्माणतर्फ अग्रसरता दिइनेछ । | "एक व्यक्ति, एक विरूवा" कार्यक्रम सञ्चालन गरिपनि त्यसको आंशिक सफल भएको छ । "एक घर एक करेसाबारी" लाई बीउ विजन वितरण गरिएकाले प्रभावकारी भएको छ । घरघरमा खानेपानी सुविधा पुगेसँगै करेसाबारीमा तरकारी खेती गर्ने क्रमपनि बढेको छ । |
| ३ | व्यवस्थित तटबन्धन कार्यक्रम मार्फत जलाधार संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसका लागी मुहान संरक्षण कार्यक्रमलाई प्राथमिकता दिइनेछ । जलप्रकोप नियन्त्रण गरिनेछ । | पूर्वखोलासँगै अन्य खोलाहरु तथा बाढी पहिरो प्रभावित क्षेत्रको पहिचान गरेर संरक्षण र नियन्त्रणका प्रयास भएका छन् । पालिकासँगै अन्य संघीय र प्रदेश कार्यालयहरु सहकार्यमा पूर्वाखोला जलाधार, निस्दी जलाधार क्षेत्रसंगै अन्य जलाधार क्षेत्रमा संरक्षणका काम भएका छन् । पालिका भित्र भएका खानेपानीका मुहान, कुवाहरु संरक्षण गरेर पानीका स्रोतको संरक्षण गरिएको छ । पानी मुहान संरक्षणको लागी घेरावार गर्ने विरूवा रोप्ने गरिएको छ । |
| ४ | फोहोरमैला व्यवस्थापनको लागी मापदण्ड निर्माण गरी बजार क्षेत्रमा ल्याण्डफिल साईटको सम्भाव्यता अध्ययन गरिनेछ । साथै कन्टेनर र ढलको व्यवस्थापनलाई जोड लिईनेछ । | पालिका केन्द्र वरिपरिको फोहोर व्यवस्थापन गर्न ल्याण्डफिल साईट निर्माणको खोजी भइरहेको छ । फोहोर व्यवस्थापन गर्न बजारक्षेत्रमा कन्टेनरहरु व्यवस्थापन गरिएको छ । जल्पा, देविनगर, रिङनेरह क्षेत्रका ढल व्यवस्थापनको काम पनि भएको छ । |
| ५ | "सरसफाई नै सम्भता हो" भन्ने नारालाई सफल बनाउन सम्पूर्ण वस्ती-टोल, वडालाई खुला दिशामुक्त, पूर्ण सरसफाई क्षेत्र घोषणा गर्ने कार्य गरिनेछ । | खुला दिशामुक्त पालिका घोषणा भइसकेको छ । वस्ती-टोलहरूमा सरसफाई कार्य नियमित हुने गर्दछ । वडा नं. ४ देवीनगर र ६ हेक्ला-लाई पूर्ण सरसफाइयुक्त घोषणा अन्तिम चरणमा पुगेको छ । कोरोना कहरको संक्रमण फैलिएकाले पूर्ण सरसफाइको काम प्रभावित भएको थियो । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
| --- | --- | --- |
| ६ | भैपरि आउने दुर्घटना, दैवीप्रकोप तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने संकटहरूलाई न्यूनिकरण गर्दै लगिनेछ । यसका लागि आकस्मिक कोषको समेत व्यवस्थापन गरिनेछ । | स्थानीय तह प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । २०७६।०७७ आर्थिक बर्षमा कोषमा १ करोड ११ लाख १० हजार र आर्थिक बर्ष २०७७।०७८ मा थप १५ लाख रकम जम्मा गरेको छ । |
| ७ | जोखिमयुक्त घर टहरा सुरक्षित बनाउन न्यून आय भएका विपन्न व्यक्तिको खरको छानो क्रमशः हटाइ जस्ता पाता अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । | जोखिमयुक्त घर टहरा सुरक्षित बनाउन न्यून आय भएका विपन्न व्यक्तिको खरको छानो क्रमशः हटाउने कार्य चलिरहेको छ । पालिका रहेका २ सय ५८ घरपरिवारको खरका छाना हटाएर जस्तापाता राख्ने कार्य भएको छ । पालिका र संघीय सरकारको संयूक्त प्रयासबाट बाँकी घरपरिवारलाई पनि जस्तापात दिने कार्यक्रम छ । |

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
| --- | --- | --- |
| १ | नागरिकलाई सुशासन प्रदान गर्न जनचेतनाको अभिबृद्धिका साथै राजनैतिक नेतृत्व र कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि अन्य क्षेत्रको अभ्यासलाई अध्ययन तथा अवलोकन गर्ने कार्यक्रम अगाडी बढाइनेछ । | जनप्रतिनिधि र कर्मचारीहरु ५ बर्षको अवधिमा विभिन्न तालिमहरूमा सहभागी हुने अवसर प्राप्त भयो । पालिका, प्रदेश र संघीय सरकार सहित विभिन्न गैरसरकारी संस्थामार्फत क्षमता विकास कार्यक्रम सञ्चालन भएका थिए । सुरूका बर्षमा सिकाइको चरण भएकाले क्षमता अभिबृद्धि तालिम लिएपछि कार्यसञ्चालन थप प्रभावकारी भएको थियो । राम्रा काम गरेका स्थानीय तह र अन्य निकायमा अध्ययन अवलोकनमा सहभागी भई पालिकामा लागु गरियो । |
| २ | जनतालाई सहज, सर्वसुलभ, छिटो छरितो सेवा प्रवाहको व्यवस्था मिलाउने, गाउँपालिका एंव यस अर्न्तगतका सबै वडाहरूको संस्थागत क्षमता अभिबृद्धि गराउनुका साथै अत्यावश्यक स्रोत साधनहरूको व्यवस्था गरिनेछ । | जनतालाई सहज र सर्वसुलभ, छिटो छरितो सेवा प्रवाहको व्यवस्था मिलाउन वडा र पालिका स्तरमा नागरिक वडापत्र र सेवाहरूको जानकारी सूचनापाटीमा राख्ने गरिएको छ । बेवसाइट, फेसबुक पेज मार्फत पालिका सूचनाहरु सार्वजनिक गर्ने गरिएको छ । जनप्रतिनिधीहरु र कर्मचारीलाई आवश्यकता अनुसार क्षमता विकास तालिममा सहभागी हुने सुनिश्चिता गरिएको छ । फोन मार्फत नै सहजिकरण गर्न बानी जनप्रतिनिधि र कार्मचारी दुवैमा रहेको छ । पालिका सहित वडास्तरमा स्रोत साधन उपलब्धतामा ध्यान दिइएको छ । |

| क्र.सं. | नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था |
|---|---|---|
| ३ | गाउँपालिका अर्न्तगत सञ्चालित योजनाहरूलाई अनुगमन र मुल्याङ्कनका आधारमा प्रभावकारी र फलदायी बनाउने नीति अवलम्बन गरिनेछ । | उपाध्यक्षको संयोजक रहेको अनुगमन समितिले ३ लाख भन्दा माथिका सबै योजनाको अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । योजनाहरु ३ पटकसम्म अनुगमन गर्ने व्यवस्था गरिएको छ । योजनाहरु देखिएको विवाद समाधान गर्ने, प्राविधिकले तयार गरेको लागत अनुमान विवरण र कामको प्रकृति बारेमा जानकारी दिने गरिएको छ । |
| ४ | गाउँपालिका क्षेत्रमा रहेका संघ संस्था निकायहरूबीच समन्वय गरी कार्य सम्पादनमा जोड दिइनेछ । | पालिका भित्र रहेका संघ संस्थाहरूसंग सहकार्य र समन्वय कार्यलाई प्राथमिकतामा राखिएको छ । बिषय र प्रकृति अनुसारका संघ संस्थाहरूसंग वडा र पालिकास्तरमा समन्वय हुने गरेको छ । जसबाट योजना र कार्यक्रम कार्यान्वयनमा सहजता मिलेको छ । |
| ५ | प्रत्येक संस्थाहरूमा सूचना प्रविधिको विकास र बिस्तार गरी अनलाइन सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । | वडा कार्यालय, स्वास्थ्य चौकीहरु र विद्यालयहरूमा समेत अनलाइन मार्फत सेवा सञ्चालन गरिएको छ । इमेल मार्फत सूचना आदानप्रदान गर्ने व्यवस्था गरिएको छ । प्रविधिमैत्री कार्यालय निर्माण भएका छन् । |
| ६ | व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गर्न सबै वडाहरूमा कम्प्यूटर प्रणाली र अनलाइन प्रणाली व्यवस्थित मिलाइनेछ । | सबै वडाहरूमा कम्प्यूटर प्रणाली र अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्य भइरहेको छ । |
| ८ | गाउँपालिकाको बृहत्तर विकासको लागी सम्भावनाहरूको निरन्तर खोजी गदै लागू गरिनेछ । | पालिकाको बृहत्तर विकासका लागी अन्य साझेदार संस्था, लागनी क्षेत्र र नविनत्म योजनाहरूको खोजी भएका छन् । कृषि तथा पशुपालन क्षेत्रको विकासमा हेफर इन्टरनेशलन नेपाल, खानेपानीको विकासमा गोर्खा वोयलफेयर ट्रस्ट सहित अन्य दातृ निकायसँग समेत सहकार्यको थालनी भएको छ । |

# पालिकाबाट सञ्चालित ५ लाख भन्दा बाढीका योजनाहरू

| आर्थिक बर्ष २०७४।०७५ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
| १ | मैदान-साठीकोल मोटरबाटो | १३,५०,००० | २ |
| २ | दार्सिङ भञ्ज्याङ-ढार्केबास-रिङनेरह मोटरबाटो | २१,५०,००० | ३ |
| ३ | खल्डुक भञ्ज्याङ-विर्ताबजार मोटरबाटो | ५,००,००० | ३ र ५ |
| ४ | विरकोट-गेझा बर्दले मोटरबाटो | ५,००,००० | ५ |
| ५ | बेलौतीघारी-चेवुङ मोटरबाटो | ७,००,००० | ६ |
| ६ | सालवास लिफ्ट खानेपानी | ८,००,००० | ६ |
| ७ | शिखरडाँडा सामुदायिक भवन | ६,००,००० | |
| ८ | स्याफत सामुदायिक भवन | ६,००,००० | ५ |
| ९ | आफरडाँडा सामुदायिक भवन | ६,००,००० | ५ |
| १० | अति विपन्न फुसको घरमा जस्तापाता अनुदान | ९,५५,००० | पालिका |
| ११ | फोहोरमैला संकलन कन्टेनर व्यवस्थापन | १०,५७,००० | पालिका |
| १२ | जल्पा बजार शौचालय | ५,००,००० | २ |
| १३ | खुमडाँडा-पर्नेदी-झम्माखोला मोटरबाटो | ७,५०,००० | ६ |
| १४ | बराहदेवी लिफ्ट खानेपानी योजना | १०,००,००० | ६ |
| १५ | खुमडाँडा कानुङ कृषि समुह | ८,००,००० | ६ |
| १६ | लक्षित वर्ग | ५,००,००० | |
| १७ | शम्भु माध्यमिक विद्यालय भवन निर्माण | १२,००,००० | २ |
| १८ | लेमघेम बजार प्रतिक्षालय तथा बाटो ढलान | ५,००,००० | ४ |

| आर्थिक बर्ष २०७५।०७६ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
| १ | पुरानो बाटो मर्मत तथा सरसफाई | १०,००,००० | १ |
| २ | सिलुवा स्वास्थ्य चौकी निर्माण | ५,००,००० | १ |
| ३ | पुरानो बाटो मर्मत तथा सरसफाई | ५,००,००० | २ |
| ४ | शम्भु माध्यमिक विद्यालय भवन निर्माण | ६,००,००० | २ |
| ५ | कुचो संकलन भवन निर्माण ढोलीमारा | ५,००,००० | २ |
| ६ | मदन आश्रित पाहुना घर निर्माण | ५,००,००० | २ |
| ७ | पर्यटकीय स्थल होमस्टे अनुसन्धान तथा व्यवस्थापन | ५,५०,००० | २ |
| ८ | वोलिपोखरा-वालुवाखानी छापडाँडा-माथिल्लो मोहकाल मोटरबाटो निर्माण | ५,००,००० | २ |
| ९ | हटिया सामुदायिक भवन | ५,००,००० | ५ |
| १० | गणपति माध्यमिक विद्यालय भवन निर्माण | ५,००,००० | २ |
| ११ | चालु सडक मर्मत तथा सम्भार | ५,५०,००० | |
| १२ | लक्षित वर्ग | ५,००,००० | |
| १३ | लक्षित कार्यक्रम | ५,००,००० | |
| १४ | लक्षित कार्यक्रम | ५,००,००० | |
| १५ | सामुदायिक भवन वसाह | ५,००,००० | |
| १६ | लक्षित बर्ग | ५,००,००० | |

| आर्थिक बर्ष २०७६।०७७ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
| १ | मैदान भञ्ज्याङ-साठीकोल मोटरबाटो निर्माण | १०,००,००० | २ |
| २ | लाकुरी लिफ्ट खानेपानी योजना | १०,००,००० | ६ |
| ३ | लोस्दी सानो गल्धा लिफ्ट खानेपानी योजना | १०,००,००० | १ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| ४ | उद्वुद्ध माध्यमिक विद्यालय भवन निर्माण | ८,००,००० | ३ |
| ५ | बराहदेवी लिफ्ट खानेपानी योजना | ५,००,००० | ६ |
| ६ | वडा कार्यालय देखी पिपेड्दी मोटरबाटो निर्माण | ५,००,००० | |
| ७ | देउराली-अर्खलडाँडा-तामाखानी मोटरबाटो निर्माण | १०,००,००० | १ |
| ८ | पोखरीछाप लिफ्ट खानेपानी योजना | ५,००,००० | |
| ९ | मस्लाङ्ग लिफ्ट खानेपानी योजना | १०,००,००० | १ |
| १० | बुढिलेक सातभाई सिद्धबावा मन्दिर निर्माण | ५,००,००० | ५ |
| ११ | मोहकाल सामुदायिक भवन निर्माण | १०,००,००० | |
| १२ | माथिल्लो मोहकाल खानेपानी योजना | ६,००,००० | |
| १३ | सेर्कावास-लाकुरी-हेक्लाङ मोटरबाटो स्तरउन्नती | १०,००,००० | ६ |
| १४ | जिविएच सामुदायिक भवन निर्माण | ५,००,००० | ५ |
| १५ | चेवुङ मोटरबाटो निर्माण | १०,००,००० | ६ |
| १६ | ढोलीमारा चुलीडाँडा बाटो र प्रतिक्षालय निर्माण | १०,००,००० | २ |
| १७ | खोरेदी खानेपानी निर्माण | ५,००,००० | ६ |
| १८ | कानुङ खुमडाँडा कृषि समुह बाख्रा फार्म निर्माण | ७,००,००० | ६ |
| १९ | माथिल्लो भेरूदी सामुदायिक भवन निर्माण | ५,५०,००० | २ |
| २० | जनप्रिय माध्यमिक विद्यलाय हेक्लाङ फर्निचर तथा मर्मत | ५,००,००० | ६ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| २१ | सरस्वती माध्यमिक विद्यालय घेराबार कार्यक्रम | ६,००,००० | २ |
| २२ | खल्डुक भञ्ज्याङ-विर्ताबजार मोटरबाटो स्तरउन्नती | ७७,४४,२१० | ५ र ३ जोड्ने |
| २३ | अर्खलडाँडा कोरोङ्गा खानेपानी | २०,००,००० | ३ |
| २४ | पोखन्दी सिलुवा लिफ्ट खानेपानी योजना | ५,००,००० | १ |
| २५ | पाङजुङ रेचे मोटरबाटो निर्माण | ६,००,००० | १ |
| २६ | खल्लुक भञ्ज्याङ-ढापडाँडा भोर्से मोटरबाटो स्तरउन्नती | ८,००,००० | ५ |
| २७ | रिङनेरह-ढाक्रेवास-सिलुवा मोटरबाटो स्तरउन्नती | ८,००,००० | १ र ३ |
| २८ | लेमधेन बजार वडा कार्यालय सडक स्तरउन्नती | ५,००,००० | ४ |
| २९ | शिखरडाँडा खानेपानी योजना | ८,००,००० | ५ |
| ३० | खल्लुक भञ्ज्याङ-बिर्ताबजार मोटरबाटो निर्माण | ७,००,००० | ५ र ३ |
| ३१ | लाकुरी सिंचाइ कुलो निर्माण | ५,००,००० | २ |
| ३२ | रिङनेरह बाख्रा पकेट | ७,५०,००० | ३ |
| ३३ | विरकोट बाख्रा पकेट | ७ ,५०,००० | ५ |
| ३४ | सिलुवा बाख्रा पकेट | ७,५०,००० | १ |
| ३५ | जल्पा बाख्रा पकेट | ७,५०,००० | २ |
| ३६ | चालु सडक मर्मत र स्तरउन्नती | ५,००,००० | २ |
| ३७ | चालु मोटरबाटो मर्मत सम्भार | ५,००,००० | पालिका |
| ३८ | चालु सडक मर्मत | ७,००,००० | पालिका |
| ३९ | चालु सडक मर्मत योजना | ५,००,००० | |
| ४० | उद्बुद माध्यमिक विद्यालय भवन निर्माण | १०,००,००० | ३ |
| ४१ | शौचालय निर्माण | ७,००,००० | ६ |
| ४२ | बाख्रा मिसन कार्यक्रम | ७,५०,००० | ६ |
| ४२ | बाख्रा पकेट कार्यक्रम | ७,५०,००० | ४ |

| आर्थिक बर्ष २०७७।०७८ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
| १ | केरौली खानेपानी योजना | ९,००,००० | ४ |
| २ | मण्डली स्पोर्ट क्लब पुर्वाधार निर्माण | १०,००,००० | १ |
| ३ | दशै मोटरबाटो | ५,००,००० | पालिका |
| ४ | ढाक्रेबास-तामाखानी-सामुघा मोटरबाटो निर्माण | ३०,००,००० | १ |
| ५ | सेर्कावास-हेक्लाङ मोटरबाटो स्तरउन्नती | १,१३,०८,४६३ | ६ |
| ६ | सेर्कावास-हेक्लाङ मोटरबाटो स्तरउन्नती | ३८,४०,००० | ६ |
| ७ | सामुदायिक भवन निर्माण सिम्लदी | १०,००,००० | ४ |
| ८ | खल्लुकभञ्जाङ्-ढापडाँडा-भोर्से मोटरबाटो निर्माण | १६,००,००० | ५ |
| ९ | देउराली-अर्खलडाँडा-तामाखानी मोटरबाटो निर्माण | १०,००,००० | १ र ३ |
| १० | मनहरी-सोमसटक-सानोगल्धा-गेभ्काबारी मोटरबाटो निर्माण | ५,००,००० | १ |
| ११ | अर्खलडाँडा कोरङ्गा टोल भवन निर्माण | ६,००,००० | ३ |
| १२ | मामा भान्जा कुखुरा फार्म मर्मत | ८,००,००० | ६ |
| १३ | काफलडाँडा झाम्यामिरे मोटरबाटो निर्माण | ५,००,००० | ४ |
| १४ | तल्लो लेमधेन सामुदायिक भवन प्लाष्टर तथा शौचालय निर्माण | ५,००,००० | ४ |
| १५ | मोहकाल छापडाँडा मोटरबाटो | ६,००,००० | ४ |
| १६ | ढोलिमारा चुलिडाँडा मोटरबाटो तथा प्रतिक्षालय निर्माण | ८,००,००० | २ |
| १७ | लावे सिंचाई | ५,००,००० | २ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| १८ | मोहकाल सामुदायिक भवन घेराबार तथा शौचालय निर्माण | ६,००,००० | ४ |
| १९ | अल्कीचौर-ढाक्रेबास-तामाखानी सामुघा सडक विस्तार तथा स्तरउन्नती | २४,००,००० | १ र ३ |
| २० | देवीनगर सडक मर्मत योजना | ५,००,००० | ४ |
| २१ | जनमार्ग माध्यमिक विद्यालय सभाहल निर्माण | ५,००,००० | १ |
| २२ | जल्पा सडक मर्मत सुधार | ५,५०,००० | २ |
| २३ | लामोभट्टी मालेखरक सातबिसे मोटरबाटो निर्माण | १७,००,००० | ५ |
| २४ | केङसेदी रेलडाँडा रामपुर मोटरबाटो निर्माण | १६,००,००० | १ |
| २५ | मनहरि सोमसटक सानो गल्धा गेभ्काबारी मोटरबाटो निर्माण | ५,००,००० | १ |
| २६ | सामुदायिक भवन निर्माण वलिपोखरा | १०,००,००० | ४ |
| २७ | धापडाँडा सामुदायिक भवन निर्माण | ६,००,००० | ४ |
| २८ | पोखन्दी लिफ्ट खानेपानी पहुँच मार्ग निर्माण | १०,००,००० | १ |
| २९ | जल्पा-रिङनेरह मोटरबाटो नयाँ र स्तरउन्नती | १५,००,००० | २ |
| ३० | मातृभूमि माध्यमिक विद्यालय पर्खाल निर्माण | १६,००,००० | ४ |
| ३१ | उद्‌वुद्ध माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला मर्मत तथा व्यवस्थापन योजना | ५,००,००० | ३ |
| ३२ | कानुङ खुमडाँडा कृषक समुह | १६,००,००० | ६ |
| ३३ | लोस्दी सानो गल्धा लिफ्ट खानेपनी योजना | २८,००,००० | १ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| ३४ | हेक्लाङ स्वास्थ्य चौकी भवन निर्माण | १,०७,४६,८३७ | ६ |
| ३५ | कृषि तथा पशु संकलन भवन निर्माण | ६,००,००० | ६ |
| ३६ | मोचावारी सामुदायिक भवन निर्माण | ६,००,००० | ५ |
| ३७ | हेक्लाङ खेलमैदान निर्माण | १०,००,००० | ६ |
| ३८ | मैदानभञ्ज्याङ-साठीकोल मोटरबाटो निर्माण | १४,००,००० | २ |
| ३९ | अर्खलडाँडा खानेपानी योजना | २४,००,००० | ३ |
| ४० | जल्पा खेलमैदान निर्माण | २०,००,००० | २ |
| ४१ | पर्नेदी लिफ्ट खानेपानी योजना | १०,००,००० | ६ |
| ४२ | सेर्कावास-हेक्लाङ-खुमडाँडा मोटरबाटो दोस्रो खण्ड | ६२,५७,५८३ | ६ |
| ४३ | सालवास खानेपानी योजना | ७,००,००० | ६ |
| ४४ | पूर्वखोला खेलकुद तथा सांस्कृतिक कार्यक्रम | ५,००,००० | पालिका |
| ४५ | चेबुङ मोटरबाटो निर्माण | ९,००,००० | ६ |
| ४६ | मस्लाङ लिफ्ट खानेपानी योजना | ५,००,००० | १ |
| ४७ | ताल्तुङ-तामाखानी-सामुङ्गा मोटरबाटो निर्माण | ५,००,००० | १ |
| ४८ | मातृभूमी माध्यमिक विद्यालय कम्पाउण्ड वाल र घेरावार | ३०,००,००० | ४ |
| ४९ | देवीनगर वडा भवन | ७,००,००० | ४ |
| ५० | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार बाखापालन | १३,००,००० | पालिका |
| ५१ | जल्पा-लावे-पूर्वखोला मोटरबाटो निर्माण | ९,००,००० | २ |
| ५२ | वाकुमगढी संरक्षण | ६,००,००० | ६ |
| ५४ | खल्लुक भञ्ज्याङ-विर्ताबजार मोटरबाटो स्तरउन्नती | ४१,००,००० | ३ र ५ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| ५३ | काउलेपानी माथिल्लो लेमधेम सुर्खा झ्याल भल व्यवस्थापन | ६,००,००० | ४ |
| ५४ | विरकोट कभर्ड हल निर्माण | १०,००,००० | ५ |
| ५५ | विरकोट स्पोर्ट क्लब व्याडमिन्टन कभर्ड हल जग्गा | ५,००,००० | ५ |
| ५६ | देवीनगर मोटरबाटो नाली व्यवस्थापन | ५,००,००० | ४ |
| ५७ | देवीनगर सभाहल | ५,००,००० | ४ |
| ५८ | अंग्रेजी व्लक भवन निर्माण | १०,००,००० | ५ |
| ५९ | रिङनेरह-ढाकेबास-दारसिंह भञ्जाङ मोटरबाटो | ३०,००,००० | १ र ३ |
| ६० | लामोभट्टी पोखरीछाप द्धारिगौडा मोटरबाटो | १४,००,००० | ३ |
| ६१ | सामुदायिक भवन कापलडाँडा | १०,००,००० | ४ |
| ६२ | पुरानो बाटो मर्मत योजना | ५,००,००० | पालिका |
| ६३ | चालु सडक मर्मत | ६,००,००० | पालिका |
| ६४ | विद्यालय भवन निर्माण | १८,००,००० | १ |
| ६५ | मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम | ६,००,००० | पालिका |
| ६६ | प्रशासकीय भवन निर्माण योजना | ६,६०,८३,१८९ | पालिका |

**आर्थिक बर्ष २०७८/०७९**

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| १ | खेलकुद सामग्री खरिद | ७,००,००० | |
| २ | मनोहरी सोमसटाक सानोगल्धा गेफाबारी मोटरबाटो | ५,००,००० | १ |
| ३ | लक्षित कार्यक्रम | ३०,००,००० | पालिका |
| ४ | कोलडाँडा ट्रस पुल निर्माण | २७,००,००० | ३ |
| ५ | सेर्काबास-हेक्लाङ मोटरबाटो | ६,००,००० | ६ |
| ६ | एक घर एक धारा कार्यक्रम | १५,००,००० | पालिका |
| ७ | युवा स्वरोजगार कार्यक्रम | ५,४०,००० | पालिका |
| ८ | जनप्रिय माध्यमिक विद्यालय व्यवस्थापन | ६,००,००० | ६ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| ९ | रिङनेरह कभर्ड हल | १०,००,००० | ३ |
| १० | बेसरघा-खान्टुखोला मोटरबाटो नयाँ ट्रयाक | ११,००,००० | ४ |
| ११ | किवी खेती पकेट क्षेत्र विस्तार | ५,००,००० | २ |
| १२ | खल्डुक भञ्ज्याङ-धापडाँडा-भोर्से-गेझा मोटरबाटो | ७,००,००० | ५ |
| १३ | जल्पा बघेला खेलमैदान | १०,००,००० | २ |
| १४ | जनप्रिय प्राथमिक विद्यालय भवन निर्माण | १०,००,००० | ४ |
| १५ | रिङनेरह-मन्टुसासडक स्तरउन्नती तथा कजवय निर्माण | १५,००,००० | ३ |
| १६ | बुढिलेक खेल मैदान निर्माण | १०,००,००० | ५ |
| १७ | युवास्वरोजगार कार्यक्रम | ६,५०,००० | २ |
| १८ | शहिद लखनथापा प्राथमिक विद्यालय पर्खाल निर्माण | ५,००,००० | ५ |
| १९ | मण्डली स्पोर्ट क्लब पूर्वाधार निर्माण | ५,००,००० | १ |
| २० | जल्पा-रिङनेरह मोटरबाटो स्तरउन्नती | ५०,००,००० | १ |
| २१ | जल्पा खेलमैदान, शौचालय निर्माण तथा खानेपानी व्यवस्थापन | ७,००,००० | २ |
| २२ | विरकोट स्पोर्ट क्लब पूर्वाधार निर्माण | ५,००,००० | ५ |
| २३ | लोस्दी सानो गल्धा लिफ्ट खानेपानी | ५,००,००० | ५ |
| २४ | खल्डुक भञ्ज्याङ-विर्ताबजार मोटरबाटो नयाँ | ३१,००,००० | ५ र ३ |
| २५ | सालबास झामराङ्ग मोटरबाटो नयाँ ट्रयाक | १५,००,००० | ६ |
| २६ | भट्टीडाँडा भोलुङ्गे पुल निर्माण | १८,९५,४६५ | |
| २७ | चालु दशै मोटर बाटो सरसफाई | ३०,००,००० | पालिका |
| २८ | गणपति माध्यमिक विद्यालय अग्रेंजी ब्लक निर्माण | २४,००,००० | ५ |

| क्र.सं. | योजनाको नाम | बजेट | वडा नं. |
|---|---|---|---|
| २९ | जनमार्ग माध्यमिक विद्यालय सभाहल | १०,००,००० | १ |
| ३० | रिङनेरह-ढाक्रेवास मोटरबाटो स्तरउन्नती | ६,००,००० | ३ |
| ३१ | मण्डली स्पोर्ट क्लब खेलकुद सञ्चालन तथा सांस्कृतिक महोत्सव | ६,००,००० | १ |
| ३२ | कुडुले बीच कुलो निर्माण | ५,००,००० | |
| ३३ | माथिल्लो लेमधेन मोटरबाटो भल व्यवस्थापन | ६,००,००० | ४ |
| ३४ | खोरेदी खानेपानी निर्माण योजना | ७,००,००० | ६ |
| ३५ | सामुदायिक भवन निर्माण | ५,००,००० | ४ |
| ३६ | स्याफत देउराली-अर्खलडाँडा-अल्किचौर मोटरबाटो | १०,००,००० | ५ |
| ३७ | तामाखानी सामुघा मोटरबाटो नयाँ ट्रयाक निर्माण | १०,००,००० | १ |
| ३८ | सालवास खानेपानी योजना | ७,००,००० | ६ |
| ३९ | मस्लाङ लिफ्ट खानेपानी योजना | ५,००,००० | |
| ४० | तमोभट्टी-मालेखरक मोटरबाटो | ७,००,००० | ५ |
| ४१ | खल्डुक भञ्ज्याङ-विर्ताबजार सडक | ५०,००,००० | ५ |
| ४२ | सिलिङभञ्ज्याङ्-कर्नेडाँडा मोटरबाटो | २०,००,००० | ५ |
| ४३ | ढाक्रेवास-तामाखानी सडक स्तरउन्नती | १५,००,००० | १ |
| ४४ | रिङनेरह स्वास्थ्य चौकी ट्रस निर्माण | ५,००,००० | ३ |
| ४५ | मैदान भञ्ज्याङ-साठीकोल मोटरबाटो | १३,००,००० | २ |
| ४६ | वाम्दीखोला लिफ्ट खानेपानी पहुँचमार्ग निर्माण | १०,००,००० | २ |
| ४७ | बैछाप ओमस्या खत्रीडाँडा मोटरबाटो नयाँ सडक | ६,००,००० | १ |
| ४८ | दार्सीभञ्ज्याङ-पाङजुङ मोटरबाटो | ५,००,००० | १ |
| ४९ | लाकुरीधारा खानेपानी | १०,००,००० | ६ |

# स्थानीय तह निर्वाचन २०७४ बाट पूर्वखोला गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरु

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | नुन बहादुर थापा | गाउँपालिका अध्यक्ष | ९८५७०६९०४४ |
| २ | भागिरथी शर्मा भट्टराई | गाउँपालिका उपाध्यक्ष | ९८५७०६९०४५ |
| ३ | गिरमान आले | कार्यवाहक वडाध्यक्ष १ | ९८६७३२८१३० |
| ४ | निर बहादुर सारू | वडाध्यक्ष २ | ९८५७०६९०४३ |
| ५ | निलकण्ठ भट्टराई | वडाध्यक्ष ३ | ९८५७०६९०४६ |
| ६ | रिम प्रसाद श्रेष्ठ | वडाध्यक्ष ४ | ९८५७०६९०४७ |
| ७ | धन बहादुर सिंजाली | वडाध्यक्ष ५ | ९८५७०६९०४८ |
| ८ | मन बहादुर सारू | वडाध्यक्ष ६ | ९८५७०६९०४९ |
| ९ | सुकुन राज वि.क. | कार्यपालिका सदस्य | ९८४७११५७५२ |
| १० | सावित्रा देवी भेडी थापा | कार्यपालिका सदस्य | ९८४७१६८२२६ |
| ११ | राजु परियार | कार्यपालिका सदस्य | ९८६०४२४९६८ |
| १२ | भिमिसरा आले | कार्यपालिका सदस्य | ९६१६८४२०४० |
| १३ | देवीसरा गाहा | कार्यपालिका सदस्य | ९८६७८००४९७ |
| १४ | तिल कुमारी घर्ती | कार्यपालिका सदस्य | ९८४७५६९९९३ |
| १५ | हिरा बहादुर ढेंगा | वडा सदस्य | ९८६७०४१८०० |
| १६ | शान्तिसरा वि.क. | वडा सदस्य | ९८१३७५१०२१ |
| १७ | वावरीसरा सार्की | वडा सदस्य | ९८४७२२५१८८ |
| १८ | लक्ष्मी वि.क. | वडा सदस्य | ९८०५८२४३५९ |
| १९ | रेवतीसरा घर्ती | वडा सदस्य | ९६१९७८०५०९ |
| २० | रितमान श्रेष्ठ | वडा सदस्य | ९८४७३३६६५२ |
| २१ | याम बहादुर सारू | वडा सदस्य | ९८६०५२९०३४ |
| २२ | मेहर सिंह थापा | वडा सदस्य | ९८५७०६०१७० |
| २३ | भुवन सिंजाली | वडा सदस्य | ९८४७२२१९०६ |
| २४ | भीमा वि.क. | वडा सदस्य | ९८४७३४७६०१ |
| २५ | बल बहादुर ठाडा | वडा सदस्य | ९६१७५६२०५३ |
| २६ | प्रेम नारायण पंगेनी | वडा सदस्य | ९८६०५२९०४२ |
| २७ | पार्वती हितांग | वडा सदस्य | ९८४७११४१३७ |
| २८ | नरिन्दर काम्मु मगर | वडा सदस्य | ९८४७१७१२२६ |
| २९ | टेक बहादुर थापा सिंजाली | वडा सदस्य | ९८१६५०९६३४ |
| ३० | चोला कान्ति ढकाल | वडा सदस्य | ९८४७१६९६९५ |
| ३१ | कृष्ण प्रसाद श्रेष्ठ | वडा सदस्य | ९८६७२८०७१५ |
| ३२ | अस्मिता वि.क. | वडा सदस्य | ९८४७३३६३६७ |

# कुराकानी गरिएका व्यक्तिहरू तथा सन्दर्भ सामग्री

**जनप्रतिनिधीहरू**

| | |
|---|---|
| गिरममान आले | कार्यवाहक वडाध्यक्ष वडा नं. १ |
| निर बहादुर सारू | वडाध्यक्ष वडा नं. २ |
| निलकण्ठ भट्टराई | वडाध्यक्ष वडा नं. ३ |
| रिम प्रसाद श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ |
| धन बहादुर सिंजाली | वडाध्यक्ष वडा नं. ५ |
| मन बहादुर सारू | वडाध्यक्ष वडा नं. ६ |
| मेयर सिं थापा | वडा सदस्य वडा नं. ४ |
| राजु परियार | कार्यपालिका सदस्य |

**कर्मचारीहरू**

| | |
|---|---|
| सूचना ज्ञवाली न्यौपाने | सूचना तथा प्रविधि शाखा |
| बुद्ध अर्याल | प्राविधिक शाखा |
| दिपक कवर | लेखा शाखा |
| मन बहादुर सारू | जिन्सी शाखा |
| शेर बहादुर थापा | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा |
| सीमा नेपाली | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा |
| भुपेन गाहा | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| सावित्री थापा | स्वास्थ्य शाखा |
| शर्मिला चौधरी | योजना शाखा |
| उषा गिरी | प्रशासन शाखा |
| बिक्रम बस्नेत | शिक्षा शाखा |
| देव बहादुर ढेंगा मगर | पूर्वखोला कृषि तथा पशु उद्यमशीलता विकास परियोजना |
| भोज बहादुर राना | वडा सचिव वडा नं. २ |
| हरि सिग्देल | पशु विकास शाखा सिलुवा |
| निर्मला पार्दे | लघु उद्यम सहजकर्ता |
| इश्वरी भण्डारी | लघु उद्यम सहजकर्ता |

**सन्र्दभ सामग्री**


नीति तथा कार्यक्रम, आर्थिक बर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म

विनियोजन बजेट तथा कार्यक्रम, आर्थिक बर्ष बर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म

बार्षिक बजेट तथा कार्यक्रम प्रतिवेदन, आर्थिक बर्ष बर्ष २०७४।०७५ देखि २०७८।०७९ सम्म


लेखापरिक्षण प्रतिवेदन आर्थिक बर्ष, २०७४।०७५ र २०७५।०७६

गाउँपालिकाको राजपत्रहरु, २०७४।११।२८ देखि २०७८।०४।२०

बार्षिक कार्यक्रम अनुसारका प्रतिवेदनहरु, २०७४।०७५ देखि २०७८।०७९ चैत्रसम्म

बैठक निर्णय पुस्तिकाहरु, आर्थिक बर्ष २०७४।०७५ देखि २०७८।०७९ चैत्रसम्म

# GIS Map of Purbakhola RM



# स्थानीय तहको योजना निर्माणका चरणहरू

